नेपाली कांग्रेसको महाधिवेशनमा के होला, के नहोला ?

वर्ष १० / अंक २ / २०४८ माघ-फागुन

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

रु. १०/-

ब्यापार-पारवहन र नदीनालाका सन्धि-सम्झौताहरुः

## कति नेपालको हितमा, कति भारतको हितमा ?



विशेषः क. माओका योगदानहरु

पूर्व सोभियत संघः अर्को विद्रोहको संघारमा

के समाजवादको मृत्यु भएको हो ?

आन्तरिक परिचर्चाको रिपोर्ट

# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी थिइनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेकी आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ।

**बोर्डिङ्ग पास - अमूल्य समयको उपहार।**

**देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न**



*शाही नेपाल वायुसेवा*

जति उड्यो उति उडौं उडौं लाग्ने



**गिरिजाको भारत भ्रमण :**
**कति सफल, कति असफल?**



व्यापार-पारवहन सन्धि र
नदी-नालाबारेको सहमति-
भित्रको यथार्थ के हो?
**विस्तृत चिरफार**
**पृष्ठ १५**

**नव गठित राष्ट्र-मण्डल :**
**अर्को विद्रोहको संघारमा**



**पृष्ठ ९**

## के समाजवादको मृत्यु भएको हो?

**आन्तरिक परिचर्चाको रिपोर्ट**

महेश्वरमान श्रेष्ठ, रूद्र खरेल,
डा. शरद वन्त, खगेन्द्र संग्रौला,
डा. कमल कृष्ण जोशी र श्याम
श्रेष्ठका विचारहरू
**पृष्ठ ३९**



## नेपाली कांग्रेसको आगामी महाधिवेशनमा के होला- के नहोला?

**पृष्ठ ११**




माओका योगदान र
माओबाट सिक्नु
पर्ने कुराहरू
-प्रो. माणिकलाल श्रेष्ठ
पृष्ठ २३

कृषि विकासका
त्रुटीपूर्ण प्रयासहरू
डा. कैलाश प्याकुर्‍याल
**पृष्ठ २८**

**फिल्म :** अमिताभ बच्चनहरू-
को मान्यता **पृष्ठ ३५**

ए वि टी हर्मोन
र
चीनको विकासमा
यसको योगदान
डा. सानु देवी जोशी
**पृष्ठ ३१**

नारी मुक्तिका लागि
बाधक नारी भित्रैका
मनोवैज्ञानिक पक्षहरू
डा. करूणा वन्त
पृष्ठ ३३

- **स्वस्थ र फलदायी अन्तर्क्रिया आवश्यक छ** - कृष्णदास श्रेष्ठ / ५
- **विचार-अन्तर्क्रिया निकै गाह्रो काम हो** - माधव नेपाल / ५
- **घटना प्रवाह**
  - सयुक्त संघर्ष / उप निर्वाचन / ६
  - भूटानी जनताको आन्दोलन / ६
  - राजाको नियत के? / ७
  - स्थानीय निकाय - विधेयक / ७
  - प्रतिगामीको विकल्प दान / ८
  - मसालको राष्ट्रिय सम्मेलन / ८
- **विश्व कम्युनिस्ट गतिविधि**
  - कुर्दिस्तान / २१
- **विविध**
  - माओः महत्वपूर्ण वर्षहरू / २४
  - माओः महत्वपूर्ण उद्‌गार / २५
  - माओ दिवस / २६
- **आँखी-झ्याल**
  - अमेरिका युद्ध पिपासु हो - जिम्मी कार्टर / २७
- **कला / साहित्य / संस्कृति**
  - समालोचकलाई जवाफ / ३४
  - फूलवारीको कथा ... / ३७
- **हाम्रो मूल्याँकन** / ४
- **पाठकको कुरा** / ४६


**कभर फोटो**-प्र. मं. कोइराला तथा भारतीय प्र. मं. राव/माओ/महंगी र अराजकता विरूद्ध मस्कोमा हालै निस्केको लेनिनवादीहरूको जुलुस

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष १० ।अंक २/०४८ माघ-फागुन



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा) लि. का लागि
सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा) लि.
न्हूसाल, झोछें, ख-२,२३७ काठमाडौं-२३
फोनः २१३६९४ पो.व.नं. ३०२६


## हाम्रो मूल्यांकन

नेपालको राजनीतिमा फेरि पनि निरंकुशतन्त्रले टाउको उठाउने बलियो संकेत मिल्न थालेको छ। जनताले रगतको मूल्य चुकाएर पाएको जन अधिकारको भविष्य टङ्कारो खतरामा छ।

राजा अब देश-भ्रमणमा हिंड्ने र क्रमिक रूपमा सक्रिय राजनीतिमा ओर्लने आकांक्षाको अभिव्यक्ति राजाको हालैको अन्तर्वार्ताले दिएको छ।अर्कातिर पहिले सरकारले संसदमै वचन दिए जस्तो स्थानीय निकाय स्वायत्त र जनप्रतिनिधिमूलक नहुने र तिनीहरूलाई जुन सुकै निहुँमा पनि भंग वा खारेज गर्न सकिने गाउँ-फर्के अधिकार सरकारले राख्ने सरकारी मनसायले पनि "प्रजातन्त्रवादी" सरकारको निरंकुश हुने इच्छा छर्लंग भएको छ। सार्वभौम भनिएको संसदले सरकारलाई कुनै अंकुश लाउन नसक्ने र त्यहाँ जसको बहुमत छ उसकै एकछत्र तानाशाही चल्ने कुरा बिगतको संसद अधिवेशनले प्रष्टै देखाई सकेको हो। विगतमा कर्मचारी आन्दोलन जसरी दबाइयो र अहिले पनि भिन्न राजनीतिक सोच राख्ने कर्मचारीलाई जसरी क्रुरतापूर्वक दबाईंदै र हटाईंदै छ, त्यो पनि सरकारको नयाँ निरंकुशताको दबदबाको संकेत हो। नयाँ प्रेस ऐनमा गिरिजा सरकारले राजपरिवारलाई पनि आलोचना गर्न नपाइने प्रावधान राखेर जन अधिकार खोस्दै दरवार बलियो बनाउने कार्य गरेको जग-जाहेर छ। अहिले त गिरिजा सरकार आफ्नै पार्टीको प्रजातान्त्रिक नियन्त्रणलाई समेत अस्वीकार गर्दैछ। ऊ नेपालको संप्रभूता र प्रजातन्त्रको नोक्सानीको मूल्यमा दरवार, ठूला पूँजीपति र प्रभूत्ववादी शक्तिहरूको समर्थनद्वारा आफ्नो कुर्सी अरू मजवूत र निरंकुश पार्न भगीरथ प्रयत्न गर्दैछ। ऊ जन अधिकार धमाधम खोस्दैछ। प्रजातान्त्रिक मूल्यहरू धमाधम तोड्दैछ।

अमेरिकी राजदूतलाई कूटनीतिक मर्यादाको सीमा नाघ्ने गरी र प्रभूसत्तामा खलल पर्ने गरी खुलेआम गतिविधि चलाउने छूट दिएर गिरिजा सरकारले अमेरिकी शासक वर्गलाई प्रशन्न पार्दै आएको हो।भारतीय शासक वर्गको आड प्राप्त गर्न हालैको भारत-यात्रामा चिनियाँ हातहतियार नकिन्ने घोषणा, असमान व्यापार-सन्धि र नदीनालाको सहमतिपत्रबाट गिरिजा सरकारले नेपालको संप्रभूता, राजनीतिक स्वतन्त्रता, प्राकृतिक स्रोत र बजार पनि भारतीय शासक वर्गको सेवामा सुम्पने अक्षम्य देशघाती काम गरेको छ।

गिरिजा सरकार "प्रजातान्त्रिक समाजवाद" का घोषित मूल्य र मान्यताहरू विपरीत नेपालको मिश्रित अर्थतन्त्रलाई निजीकरण गर्दै "तुलनात्मक लाभ" र "खुला प्रतिस्पर्धा" मा आधारित, राज्य-नियन्त्रण विहीन मुक्त बजार-अर्थतन्त्रतिर धकेल्न खोजीरहेछ। यस कार्यबाट नेपालको अर्थतन्त्रको हालीमुहाली सवभन्दा ठूलो एकाधिकार पूँजी, विशेषतः विदेशी एकाधिकार पूँजीले सम्हाल्ने संभावना छ। अर्थतन्त्रमा उनीहरूको नियन्त्रणले देशको राजनीतिमा पनि उनीहरूकै नियन्त्रणको संभावना प्रष्ट पारेको छ। मुक्त- बजार-अर्थतन्त्रले नेपाली जनतामाथि अरू डरलाग्दो महँगी र बेरोजगारी थोपर्ने पनि पक्का छ।

बजारमा महँगी बेलगाम अक्कासिएको छ। नाफाखोर व्यापारीहरूले थोपरेको यस कृत्रिम महँगीलाई गिरिजा सरकारले चन्दा स्वार्थ, कमीशन स्वार्थ र सत्ता स्वार्थका कारणले नियन्त्रण गर्न विल्कूलै असमर्थता देखाएको छ। यसबाट जनताको जीवनस्तरमा ठूलो ह्रास आएको छ। सीमित आय भएका अधिकांश नेपालीको जीवन अभावग्रस्त भएको छ, घरेलु बजेट डाँवाडोल भएको छ।

सामाजिक असुरक्षा बढीरहेछ। राज्य-संरक्षित गुण्डागर्दी बढ्दैछ। भिन्न मत राख्ने र जायज माग राख्ने जनतालाई गोलीले मुद्ने र समान अवसरबाट वंचित गर्नु गिरिजा सरकारको संस्कृति बनेको छ।

यी सबै परिघटनाहरूले जनतामा व्यापक असन्तोष र निराशाको मनोभाव पैदा गर्न थाल्दैछ। दरवारको लागि यो मनोभाव ०१७ साल फेरि दोहऱ्याउने मलीलो जमीन हुन सक्छ। सही नेतृत्व भेट्टाए भने यही मनोभाव प्रत्यक्ष उदाहरणद्वारा कथित "प्रजातान्त्रिक समाजवाद" को असली रूप जनतालाई चिनाउने, आफ्नै अनुभवका आधारमा समाजको आमूल परिवर्तनको आवश्यकता-बोध गराउने र तत्कालै गिरिजा सरकारका प्रत्येक बेठीक विरूद्ध संघर्ष थालनी गर्ने अत्यन्त अनुकूल अवसर पनि हुन सक्छ।

यतिखेर यसका लागि नेतृत्व प्रदान गर्ने दायित्व देशको सबैभन्दा जनमुखी, संघर्षशील र प्रगतिशील शक्ति वाम-पक्षले लिन सक्नु पर्दछ। अनुकूल वस्तुगत परिस्थितिले जनताका साझा समस्याका आधार मा सम्पूर्ण वाम शक्तिको संयुक्त मोर्चाको माग गरी रहेछ। के नेपालका वाम शक्तिहरू समयको त्यो माग पूरा गर्न समर्थ छन्? कथमूकदाचित आ-आफ्ना मत भिन्नता र पूर्वाग्रहको बिस्कुन लगाउँदै समयको यो माग पूरा गर्न उनीहरू चुके भने जनता अरू निराश हुनेछन् र यो मौकाको फाइदा निरंकुश तन्त्रले उठाउने प्रचुर संभावना छ। ◆

विगत जन–आन्दोलनमा नेपाली जनताको ठूलो त्याग र बलिदानबाट जे जति "वाक्–स्वतन्त्रता" हामीले पाएका छौं, त्यो प्राप्तिलाई हामीले गम्भीर राजनीतिक–दार्शनिक चिन्तन र विचार आदान–प्रदानका लागि राम्ररी प्रयोग गर्न सकेका छैनौं। ज्यादा त यो क्षणिक सत्ता–उन्मुख सस्तो राजनीतिक प्रचारबाजी र गालि–गलौजमा प्रयोग भइरहेको छ।



यस स्थितिको अन्त हुनु पर्छ, हामीले प्राप्त प्रजातन्त्रको उपयोग रचनात्मक विचार–अन्तर्क्रियाको लागि नै गर्नु पर्दछ भन्ने सचेतताको पृष्ठभूमिमा गतांकमा हामीले क. शंभुराम श्रेष्ठ, क. झलनाथ खनाल र क. लिलामणि पोखरेलका विचारहरू प्रस्तुत गरेका थियौं।

आमूल परिवर्तनका लागि समर्पित नेपालको कम्यूनिष्ट आन्दोलनमा संलग्न सबै व्यक्ति र शक्तिहरूका बीच यो आपसी विचार–विमर्श र छलफल हुनु झनै जरूरी र महत्वको विषय भएको विचार उहाँहरूले व्यक्त गर्नु भएको थियो।

नेपाली वाम–आन्दोलनमा यति जरूरी र महत्वको यो विचार–अन्तर्क्रियाको वास्तविक हालत कस्तो रहेको छ? यसमा रहेका मूलभूत समस्याहरू के के नेता हुन? यी प्रश्नहरू हामीले क. कृष्णदास श्रेष्ठ (ने.क.पा. मालेमा) र क. माधव नेपाल (पोलिटब्यूरो सदस्य, ने.क.पा. एमाले) संग राखेका थियौं।

प्रस्तुत छ यसबारे उहाँहरूका विचारहरू:

# स्वस्थ र फलदायी अन्तर्क्रिया आवश्यक छ!

*कृष्णदास श्रेष्ठ*



नेपाली समाजको आमूल परिवर्तनको निम्ति विचार स्पष्टता हासिल गर्नु एकदमै जरूरी कार्य हो, किनभने सही दिशाबोध र सही बाटोको ज्ञानबिना उपरोक्त उद्देश्य हासिल गर्न सकिंदैन। त्यस मामिलामा, मुलुकका विभिन्न कम्युनिष्ट समूहहरूबीच एक न एक रूपबाट धेर थोर अन्तर्क्रिया चल्दै आएको छ र त्यो स्वाभाविक पनि छ। उक्त समूहहरूका नेताहरूको आपसी भेटघाट, कुनै खास सामान्य समस्या आईपर्दा त्यसबारे भेटेर गरिने आपसी छलफल, विविध विचार तथा नीतिहरू माझ संघर्ष,आदि त्यसका रूपहरू हुन्। मुख्य रूपमा उक्त अन्तर्क्रियाले वैचारिक तथा नीतिगत संघर्षको रूपमा आफूलाई व्यक्त गरेको पाइन्छ र एक अर्कोका विपरीत विचारहरू बोकेर हिंड्ने समूहहरूको सम्बन्धमा उपरोक्त संघर्ष हुनु कुनै अस्वाभाविक कुरो होइन।

तर अन्तर्क्रियाको वर्तमान स्थिति त्यति संतोषजनक र पर्याप्त रहेको पाइन्न। नेताहरूमाझ आपसी भेटघाट र समस्याबारे आपसी छलफल ज्यादै कम् मात्र हुने गर्छ। सिद्धान्तको आधारमा संघर्ष हुनुभन्दा बढी गालीगलौज र बदख्वाईं गर्ने गरिन्छ र अन्तर्क्रियामा सुझबुझ र परिपक्वताको अभाव पाइन्छ। यस स्थितिमा अन्तर्क्रिया त्यति स्वस्थकर र फलदायी नहुनु स्वाभाविक छ। खास गरेर अन्तर्क्रिया मार्फत पारस्परिक समझदारी र समस्याबारे स्पष्टता हासिल गर्ने उद्देश्य उपरोक्त स्थितिमा हासिल गर्न मुश्किल हुन्छ।

माथि उल्लेखित उद्देश्यको लागि कम्युनिष्ट समूहहरूमाझ स्वस्थ र फलदायी अन्तर्क्रिया आवश्यक छ। नेताहरूमाझ बरोबर भेटघाट, आन्दोलनसामु रहेका समस्याहरूबारे गंभीर छलफल, सही आधारमा सैद्धान्तिक संघर्ष, कार्यगत एकता, मिल्न सकिने कुरोमा मिलेर काम गर्ने प्रवृत्ति, आदि त्यस्ता अन्तर्क्रियाका रूपहरू हुन्।

त्यस्ता अन्तर्क्रियाको अभिवृद्धि र विकासमा केही बाधा र समस्याहरू विद्यमान छन्। कम्युनिष्ट तथा जनवादी आन्दोलनहरूको बृहत हितलाई भन्दा आफ्नो साँगुरो व्यक्तिगत वा समूहगत स्वार्थलाई महत्व दिने प्रवृत्ति र आफूलाई ठूलो र अरूलाई सानो देख्ने बैयक्तिक वा समूहगत अहंकार त्यसमा एउटा ठूलो बाधा हो। त्यस्तै, एक अर्काको विरूद्ध गरिने षडयन्त्रमूलक तथा बेइमानीपूर्ण काम तथा फट्याँइ र परस्परमा अविश्वासको वातावरण पनि बाधाको रूपमा रहेको पाइन्छ। फेरि, वैचारिक संघर्षको नाममा भइरहेका निन्दा, बदख्वाईं, चरित्रहत्या, जस्ता प्रयासहरू पनि त्यत्तिकै बाधक छन्। स्वस्थ, फलदायी तथा उद्देश्यमूलक अन्तर्क्रियाका लागि उपरोक्त समस्याहरू समाधान गरिनु पर्छ। ◆

# विचार- अन्तर्क्रिया निकै गाह्रो काम हो!

*माधव नेपाल*



नेपाली कम्यूनिष्ट आन्दोलनमा विचार–अन्तर्क्रिया ठ्याम्मै नभएको भन्न सकिन्न। तर जति भइरहेको छ, त्यो अति सीमित र थोरै छ। गम्भीर र उद्देश्यमूलक अन्तर्क्रियाका निम्ति जुन जुन माध्यमहरू प्रयोग हुनु पर्ने हो, त्यो भएको छैन र जुन गम्भीरता एवं गहिराइमा यो हुनु पर्ने हो, त्यो पनि भएको छैन। कम्यूनिष्ट आन्दोलनका मूलभूत समस्याहरूमा आधारित भएर, यो आन्दोलनलाई अग्रगति दिनसक्ने गरी जसरी विचार–अन्तर्क्रिया हुनु पर्दथ्यो, त्यसरी भएको छैन।

मेरो विचारमा नेपालको कम्यूनिष्ट आन्दोलनमा अहिले विचार–अन्तर्क्रियाको निम्ति तीन वटा माध्यमहरू प्रयोग गर्नु जरूरी छ।

पहिलो, दुई थरी वा अनेक थरी सोच–समझ हुनेहरू आम्ने–साम्ने बसेर, मूलभूत समस्याहरूलाई अधि सारेर सकारात्मक मूडमा विवादहरूको द्वन्द एक आपसमा चलाउने र यसरी आपसमा भिन्नता र समानताका विन्दुहरू पत्ता लगाउने र साझा सहमतिका विन्दुहरू पनि पत्ता लगाउने।

दोस्रो, एउटा यस्तो स्वतन्त्र प्लेटफर्म खडा गर्ने जसले कम्यूनिष्ट आन्दोलनका मूलभूत मुद्दाहरूबारे विभिन्न समूहहरूलाई उनीहरूको सहमतिमा लगातार छलफलमा ल्याओस्। यसका निम्ति पहल गर्ने विविध उपायहरू खोज्ने काम गरिनु पर्छ।

तेस्रो, "मूल्यांकन" जस्तो पत्रिकालाई विचार अन्तर्क्रियाको लिखित माध्यम बनाउने, जसले वाम–आन्दोलनका मूलभूत–समस्याहरूबारे गहन रूपमा अनुसन्धान, उत्खनन गर्छ र लिखित रूपमा

बाँकी ४४ पेजमा

## संयुक्त – संघर्ष



देशमा हाल विद्यमान महंगी भ्रष्टाचार, कांग्रेसीकरण एवं कांग्रेसी सरकारको आडमा भारतीय शासक वर्गले थोपरेको मिचाहापनका विरूद्ध ने.क.पा. एकताकेन्द्रका नेता क. निर्मल लामाको संयोजकत्वमा एक संयुक्त संघर्ष समिति गठन भई त्यसले संघर्षका कार्यक्रमहरू पनि प्रस्तुत गरि सकेको छ।

जनता अत्यन्त ठूलो मारमा परिरहेको बेलामा यस्ता जनमुखी कार्यक्रमहरू आउनु निश्चय नै स्वागतयोग्य कुरा हो।

जन जीवीका, जनतन्त्र र राष्ट्रियताका प्रत्यक्ष र तात्कालीक सवालहरू मनेका नेपालका वामपन्थीहरू सबैका साझा सवाल हुन। यी साझा सवालहरूमा वाम-पार्टीहरूका वीच व्यापक कार्यगत एकता गर्नेतर्फ ठोस कदम चाल्नु जरूरी छ।

"संयुक्त" भनिएको संघर्ष समितिले कति व्यापक संयुक्तता हासिल गर्न सक्ला, त्यसैमा यस प्रयत्नको प्रभावकारिता र सफलता निर्भर गर्दछ।

यसबाहेक आन्दोलनलाई हचुवा वा भावनात्मक मात्र हुनबाट जोगाउनका लागि कति हदसम्मका मागहरूलाई कुन हदसम्म उत्रिएर पनि पूरा गरिछाड्ने भन्ने कुरामा संघर्ष संचालकहरू अग्रिम रूपमा नै स्पष्ट र योजनावद्ध हुनै पर्दछ।

यसतर्फ संवन्धित क्षेत्रले ध्यान पुऱ्याउन जरूरी भएको हामी महशूस गर्दछौं। ◆

## सुनसरी – ३ र काठमाण्डौ–५



फेरि पनि दुई मध्ये एक जनताले नै छान्नु पर्ने भयो।



सुनसरी क्षेत्र नं – ३ र काठमाण्डौ क्षेत्र नं – ५ मा हुन गइरहेको प्रतिनिधि–सभा सदस्यको उप–चुनाव ने.का. र वामपन्थीहरूको गत चुनावपछिको जनताको मनोभावना बुझ्ने "नमूना–माध्यम" ठहरिएका छन्।

बढ्दो महंगी र ने.का. सरकारको असक्षमता र ने.का. मित्रको गैर प्रजातान्त्रिक पार्टी–प्रणाली देखेर दिक्क हुन पुगेको जनता यी क्षेत्रमा यो उप–चुनावमा त्यति उत्साहित भने देखिएको छैन। वामपन्थीहरू पनि "चुनावको बेलामा मात्रै" घर–दैलोमा आए भन्ने जन–गुनासो रहेको छ।

यो उप–निर्वाचन सम्म आइपुग्दा ने.का. ले जुन जन विश्वास गुमाएको छ त्यसको क्षतिपूर्ति उसले सरकारी डरधाक, लोभ, लालच र चुनावको समयमा गुण्डा–गर्दीबाट गर्ने प्रवल संभावना रहेको छ। यसका लागि जनता र वामपन्थी पक्षले चनाखो हुनु पर्ने देखिन्छ।

यो उप–निर्वाचनमा पनि "वाम–तालमेल" हुन नसकेको देखिन्छ। हरेक समयको चुनाव नेपाली वामपन्थीहरूको लागि फुट र कदुताको "मसला" हुने प्रष्ट संभावना देखिंदैछ। प्रतिगामीहरूका लागि यस्ता घटनाहरू सुनौला अवसर हुनेछन्। एउटा चुनावको कार्यक्रम फ्याकिदिएर वामपक्षहरू वीच बेमेलको लहर फैलाउन प्रतिक्रियावादीहरूलाई सफल हुन दिने कि नदिने? पछि पछिको लागि पनि यसवारे सवै पक्षले वुद्धिमानीपूर्ण सोच निर्माण गर्न सक्नु पर्दछ। मुलुकको राजनीतिक स्थितिले ल्याएको यो चुनौतिको सामना नेतृत्वहरूले कसरी गर्ने छन्, यो अत्यन्त महत्वको विषय रहेको छ।

वर्तमान उप–निर्वाचनको सन्दर्भमा पनि विगतका गल्ती कमजोरीहरूलाई आ–आफ्नो स्थानमा सुधार गर्दै जनताको सामु भने एकै चुनावी–मंचमा वामपन्थीहरू उत्रने स्थितिको सृजना गर्न पार्टी, कार्यकर्ता र शुभेच्छुक जनताले ठोस प्रयत्न गर्नु पर्ने देखिन्छ। ◆

## भूटानी जनताको आन्दोलनका तीन पक्षहरू

भूटानमा चलिरहेको जन–संघर्षमाथि भूटानी निरंकुश राजतन्त्रको दमनले अत्यन्त उग्र र उन्मादी रूप लिइरहेको छ। कुनै लिखित संविधान र एउटा विश्वविद्यालयसम्म पनि नभएको भूटानका सिधासादा जनताहरूमाथि थुन्ने, यातना दिने, महिलाहरूलाई वलात्कार गर्ने, लुटपाट मच्चाउने, मार्ने, गायव पार्ने काम निरंकुश राजतन्त्रले गरिरहेछ! जन–संघर्षलाई साथ दिदै र सरकारी दमनको विरोध गर्दै कतिपय सरकारी अधिकारीहरू समेत विद्रोहको मैदानमा उत्रिएका छन्। प्राप्त रिपोर्टहरूबाट के देखिन्छ भने त्यहाँ जन–आन्दोलन विस्तार भइरहेको छ तर राजा जिग्मे सिंगे वान्चुकले क्रुर दमनको भाषा मात्र जानेको छ।

भारत र नेपालमा आएका भूटानी शरणार्थीहरूको कूल संख्या करीव ५० हजारको हाराहारीमा पुगेको छ। शरणार्थी शिविरहरूमा निजहरूको हालत अत्यन्त कष्टपूर्ण रहेको देखिएको छ।

भूटानमा भइरहेको यो दमनको सन्दर्भमा तीन महत्वपूर्ण पक्षहरू देखा परेका छन्। एक, खास गरी त्यहाँ रहेका ४५ प्रतिशत भन्दा बढी नेपाली–मूलका भूटानी नागरिकहरू दमनको तारो भएका छन्। दुई, छिमेकी "विशाल प्रजातान्त्रिक देश" भारतको सरकार भूटानको राजाको पक्षमा काम गर्दैछ र भूटानी शरणार्थीहरूलाई भूटान फिर्ता गर्ने वा भूटानी सिपाहीहरूलाई भारतमै आई ती शरणार्थीहरूलाई अपहरण र दमन गर्ने छुट दिइरहेछ। जनस्तरमा भारतीय जनताको भूटानी



जनताप्रतिको समर्थन बढ्दै गएको छ तर "मानव–अधिकार र प्रजातन्त्र"को नाममा भूटानको विरूद्ध कुनै प्रकारको गतिविधिलाई आफ्नो देशबाट छुट नदिने जुन बचन १९९० मा भारतीय विदेश सचिव मुचकुन्द दुबेले भूटानी राजालाई दिएका थिए, भारत–सरकार अझै त्यही बचनमा दृढ गहेको देखिन्छ। तीन, अन्तरराष्ट्रिय पूँजीवादी संचार–माध्यमहरू भूटानको यस मामलालाई अत्यन्त कम महत्वकासाथ प्रचार–प्रसार गरिरहेका छन् वा प्रचार–प्रसार गरिरहेका नै छैनन।

यी कुराहरूबाट भारतीय विस्तारवादी शासक वर्गको र पश्चिमी पूँजीवादी प्रचार–यन्त्रहरूका

बाँकी ८ पृष्ठमा

# राजाको नियत के?

नेपालमा नयाँ संविधानको घोषणापछि पहिलो पटक "संवैधानिक राजा" ले अंग्रेजी साप्ताहिक 'The Independent' लाई दिएको अन्तर-वार्ताबाट देशको सम-सामयिक राजनीतिबारे आफ्ना विचार बाहिर ल्याए पछि यसले एउटा तीव्र शंका र खुल्दुलीको वातावरण सृजना गरेको छ।

यस अन्तरवार्ताले राजाले देश-भ्रमणमा जाने र जनतासित प्रत्यक्ष संवन्ध राख्ने आकांक्षा राखेको कुरा प्रष्ट पारेको छ। यो राजाको फेरि नेपालको सक्रिय राजनीतिमा आउने इच्छाको प्रष्ट अभिव्यक्ति हो। "संवैधानिक राजा" हुन स्वीकार गरेर सक्रिय राजनीतिक जीवनबाट अलग्ग बस्ने कबोल गरीसकेपछि किन क्रियाशील पार्टी-नेताहरू जस्तै राजाले जनतासंग प्रत्यक्ष संवन्ध राख्नु जरूरी भयो? १७ सालको काण्ड घटाउनु अघि राजा महेन्द्रबाट पनि यस्तै देश-भ्रमण गरेर लोकप्रिय बन्ने र शक्ति सुदृढ गर्ने षडयन्त्र भएको कुरा नेपाली जनताले बिर्सिएका छैनन्।

हालको बहुदलीय प्रजातन्त्र राजाको कृपाबाट स्थापित भएको होइन। निरंकुश राजतन्त्रलाई जनताको आन्दोलनले बहुदलीय प्रजातन्त्र अन्तर्गत संवैधानिक राजतन्त्रमा खुम्चिन बाध्य पारेको हो। आन्दोलनपछिको परिवर्तित सन्दर्भमा बहुदलीय प्रजातन्त्र एउटा संपूर्ण राजनीतिक प्रणली हो, जस अन्तर्गत संवैधानिक राजतन्त्र एउटा सानो अंश मात्र हो। तर राजाबाट चाहिं अन्तर्वार्तामा वहुदलीय



*धमिलो पानीमा माछा मार्ने ?*

प्रणालीलाई "संवैधानिक राजतन्त्र अन्तर्गत" भनेर बहुदलीय प्रजातन्त्रलाई चाहिं संवैधानिक राजतन्त्रको एउटा सानो अंश ठहऱ्याउने दुस्साहस भएको छ। यो राजाको आफ्नो वास्तविक स्थिति अस्वीकार गर्ने प्रवृत्तिको र फेरि "पूर्ण" बन्ने उच्च आकांक्षाको अभिव्यक्ति हो।

विगतको जन-आन्दोलन नेपाली कांग्रेस, संयुक्त वाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलनको नेतृत्वबाट उत्साहित भएर नेपाली जनताले आफ्नै बल-बुताले गरेका थिए। वाह्य क्षेत्रबाट प्राप्त नैतिक समर्थनले यसको आत्मवल वृद्धिमा केही सहयोग गरेको निश्चय नै थियो। तर यस आन्दोलनको मुख्य कारण वाह्य थिएन।

जन-आन्दोलनको मुख्य कारण वाह्य समर्थन र परिस्थितिलाई ठहऱ्याएर यसलाई अप्रत्यक्ष रूपमा बाहिरी उक्साहटको कारणले भएको आन्दोलन ठहऱ्याउने काम यस अन्तरवार्तामा राजाबाट भएको छ। आन्दोलनका त्यतिका बलिदानी जनताको उपहास गर्ने र जनतामाथि गलत आरोप थोपर्ने प्रयत्न यसबाट भएको छ। राजतन्त्रकै गलत शासन प्रणालीबाट पैदा भएको चरम अन्याय, अत्याचार, शोषण र भ्रष्टाचार एवं यिनीहरूबाट जनतामा उब्जेको चरम असन्तुष्टी र आक्रोश नै यस आन्दोलनको मुख्य कारण थियो। यो वास्तविकतालाई अन्तरवार्ताले छोपछाप गर्ने दुष्प्रयत्न गरेको छ।

यो अन्तरवार्ता यतिखेर बाहिर आएको छ, जतिखेर चरम महंगी, अन्याय र अराजकताको कारणले जन-जीवन सारै संकटग्रस्त र डाँवाडोल भएको छ, र जनता निकै असन्तुष्ट भएको छ। पहिलो कुरो त, राजाबाट सक्रिय राजनीतिमा प्रभाव पार्न खोज्ने अन्तरवार्ता दिइयो नै किन? र दोस्रो, अन्तरवार्ताका लागि यही समय नै रोजियो किन?

समय-सन्दर्भलाई हेर्दा राजाको यो अन्तर-वार्ता कतै "धमिलो पानीमा माछा मार्ने" योजनाको संकेत त हैन?

सबैले गम्भीरतापूर्वक सोच्नु पर्ने प्रश्न खडा भएको छ। ◆

# स्थानीय निकाय संवन्धी विधेयक

ने.का.को सरकारले छलफलका निम्ति भनी प्रस्तावित गरेका स्थानीय निकाय संवन्धी विधेयकहरूले नेपाली जनतालाई ने.का.को राज-नैतिक नियतमाथि नै गम्भीर तरीकाले सोच्न वाध्य पारेको छ। हिजो पंचायती-कालमा समेत गाउँ र नगरका "प्रधानपंच"हरू वालिग मताधिकार अनुसार चुनिन्थे। अव गाउँ, नगर र जिल्लाका "अध्यक्ष"हरू निर्वाचित सदस्यहरूद्वारा मात्र चुनिने छन्। यी निकायहरूलाई "ऐन नियमको प्रतिकूल काम गरेको" वा अख्तियार दुरूपयोग गरेको वा निस्क्रिय भएको भन्ने जुनसुकै निहुँमा पनि निलंवन वा भंग समेत गरी आफ्ना मान्छेहरू भर्ना गरेर नयाँ समिति बनाउने निरंकुश अधिकार यसले सरकारलाई दिएको छ। यसका विरुद्ध अदालत जाने झिनो अधिकार नगर बाहेक गाउँ र जिल्लाले पाएका छैनन।

के वालिगमताधिकारको यो संकुचन वा वन्देज नै प्रजातन्त्र हो? के यस प्रकारको स्वेच्छाचारी निरंकुश प्रावधान नै प्रजातन्त्र हो? के विगतको जन-आन्दोलन यस्तै "प्राप्ती" का निम्ति भएको थियो?

यी कटु-प्रश्नहरूको बज्र प्रहारले आज सचेत व्यक्तिहरू विथोलिएका छन्। सर्व साधारण मानिसहरूलाई निराश र कुण्ठाको खाडलमा धकेल्ने यो कदम दरवारीया षडयन्त्रकारीहरूको पक्षमा प्रत्यक्षतः खडा भएको छ। "पंचायत" ले दिए जति अधिकार पनि जनतालाई नदिने तर्फ लक्षित यो प्रस्ताव नियतमा ठाडै घोर-प्रतिगामी देखिन्छ।

छलफलको लागि प्रस्तुत गरिएकोले यसमा केही सुधार होला भन्ने तर्कमाथि सवाल उठ्छ प्रजातन्त्रको दुहाइ दिएर नाथाक्ने ने.का.को सरकार प्रस्ताव नै पनि किन यस्तो ल्याउँछ? के यसले सरकारको प्रजातन्त्रप्रतिको वुझाइ वा नियत प्रष्ट भएको छैन? यति तल्ला स्तरका प्रावधानहरूलाई ने.का. उचित र जायज ठान्दोरहेछ। यसले ने.का. मा रहेको जन-प्रतिवद्धताको तल्लो स्तरको खुला प्रदर्शन गरेको छ।

प्र.मं. गिरिजाप्रसाद कोइरालाले सदनको गत अधिवेशनमा स्पष्टीकरण दिने क्रममा स्थानीय निकायहरूलाई "स्वायत्त" र "जन-उत्तरदायी" बनाइने छ भन्ने बचन समेत दिनु भएको थियो। यो प्रस्तावले सो बचनको वास्तविक "तौल" पनि छर्लङ्ग हुने गरी देखाएको छ।

यतिखेर नेपाली कांग्रेसका नेता-कार्यकर्ताहरूका सामु एउटा ठूलो प्रश्न खडा हुन्छ - "रूसमा साम्यवाद ढल्यो" भन्ने ढोलक पिट्न नथाक्ने तपाईहरूलाई थाह छ ?- तपाईहरूकै कारण हाम्रै देशमा एक एक गरी जन अधिकारहरू खोसिंदै छन र कुण्ठित हुँदैछन्!

यसै सन्दर्भमा, यदि वामपक्ष र आम नेपाली जनता निस्कृय रहने हो भने गणेशमानले भने जस्तै गिरिजाप्रसाद कोइरालाले एक एक गरी जन-अधिकार दरवारमा बुझाउने छन र स्वयं गणेशमानहरू चाहिं लाचार र तमासे भएर हेरिरहेका हुनेछन्।

# प्रतिगामीहरू जनतालाई "विकल्प" दान गर्दैछन्



लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाका पार्टीहरूको एकीकरणको प्रसंग चलिरहेकै समयमा मातृकाप्रसाद कोइराला र कीर्तिनिधि विष्टले पनि यही फागुनमा नयाँ पार्टी खोल्ने जानकारी दिएका छन्।

चन्द-थापाको एकता र मातृका-विष्टको नयाँ निर्माण दुवैले मुलुकलाई "तेस्रो विकल्प" प्रदान गर्ने नारा अघि सारेका छन्। हिजो आफ्नो रजाईं चल्ने समयमा "विकल्प" को कुरा गर्नेलाई "निर्विकल्प पंचायत" को लाठी बर्साउने र तिनीहरूका विरूद्ध "मृत्युको घण्टा" बजाउने यी तत्वहरू घोर-प्रतिगामी तत्वहरू हुन भन्ने कुरा विगत ३० वर्षका यिनका कृयाकलापले देखाइसकेका छन्। अझै यिनीहरू जनतालाई "विकल्प दिने" कुरा गर्दैछन्।

समाजवादीहरू जसरी अहिले रूस र पूर्वी युरोपको प्रसंगमा "समाजवादको सिद्धान्त सही थियो, तर व्यवहारमा त्यो बेठीक तरीकाले लागू हुन पुगेकोले वर्तमान संकट आएको" कुरा गर्छन भन्दै यही शैलीमा गाउँ-गाउँमा पंचहरू पनि "पंचायत ठीक थियो, व्यवहार ठीक भएन, त्यसैले अब हामी व्यवहार सुधारेर जनतालाई तेस्रो विकल्प दिन्छौ" भन्दै हिंडेका छन्।

तमाम प्रतिगामीहरूले के कुरा बुझ्नु जरूरी छ भने -समाजवादले सोभियत संघ जस्तो जार शाहीले चुसेर पिछडिएको मुलुकलाई तीस वर्षमा त दोस्रो "विश्व-शक्ति राष्ट्र" बनाइसकेको थियो। तर



पंचायतले भने तीस वर्षमा नेपाललाई झन झन पछाडी पार्दै लगेर संसारभरिको दोस्रो "अत्यन्त दरिद्र मुलुक" बनाएको थियो।

यतिखेर पंचहरूको यो "तेस्रो विकल्प"मा जनताले पुनः अर्को षडयन्त्र बाहेक अरू देखेका छैनन्। ◆

## मसालको राष्ट्रिय सम्मेलन

ने.क.पा. एकताकेन्द्रले आफ्नो एकता महाधिवेशन संपन्न गरेको केही समयपछि ने.क.पा. मसालले राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनले आगामी स्थानीय चुनावलाई उपयोग गर्ने नीति पनि पारित गरेको छ।

कम्यूनिष्ट आन्दोलनका हालसम्मका अनुभवहरूबाट ठोस पाठहरू सिक्नमा र अरू वामपन्थीहरूसंग पनि मिली जनतासमक्ष "मिल्ने कुरामा मिलेर जानमा" सम्मेलनले पार्टीलाई के कति सहयोग पुऱ्यायो भन्ने कुरा यसका आगामी गतिविधिहरूले प्रदर्शन गर्नेछन् भन्ने हामीलाई लागेको छ।

६ पेजको बाँकी

सक्कली अनुहारहरू प्रष्ट भएका छन्। आफूलाई "फाइदा पुग्ने" वा "वाम-प्रभावलाई रोक्नु पर्ने" स्थिति देखेमा मात्र यिनीहरू "मानव-अधिकार"को ढोलक पिट्ने गर्छन।

मानवीय आधारमा नेपालीहरूले भूटानी जनतालाई दृढ समर्थन र सहयोग गर्नु जरूरी छँदैछ। यस बाहेक अर्को विशेष पक्ष पनि रहेको छ, त्यो हो - दमनमा पर्ने अधिकांश नेपाली-मूलका मानिसहरू छन। कोही "नेपाली हुनुको कारण" समेत आफ्नो भूमिबाट लखेटिदैछ भने बाँकी नेपालीहरूको यसमा विशेष दायित्व रहन्छ।

यतिखेर नेपालमा कन्काई-माई शरणार्थी शिविर र अन्यत्र छरिएर रहेका भूटानी शरणार्थीहरूलाई सर-सहयोग जुटाउनु हामी नेपालीको विशेष नैतिक दायित्व रहेको छ। यसका लागि सरकारी स्तर र जन-स्तर दुवैबाट ठोस कदमहरू चालिनु पर्छ।

# "मूल्यांकन" को अनुरोध

- *"मूल्यांकन" विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संबन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मंडलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।*
- *"मूल्यांकन" का लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति-व्यक्तित्वहरूसंग हामी हार्दिक अनुरोध गर्दछौ ।*
- *हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान "मूल्यांकन" को अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं। अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसंग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार संपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।*
- *वैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसंग विशेष अनुरोध गर्दछौं।*
- *यस पत्रिकाका सम्पादक नारायण काजी श्रेष्ठले अन्य कार्य व्यस्तताको कारण यसको सम्पादकबाट हट्ने इच्छा व्यक्त गर्नु भएकोले यस पत्रिकाको स्थापना र विकासमा उहाँले विगतमा गर्नु भएको सक्रिय योगदानका लागि धन्यवाद दिदै उहाँको अनुरोधलाई स्वीकार गरेका छौं। उहाँले यस पत्रिकाको लागि भविष्यमा पनि सहयोग गरीरहनु हुनेछ भन्ने आशा हामीले लिएका छौं।*
- *कार्तिक-मंसिरको गतांक प्राविधिक कठीनाईले गर्दा पुसको दोस्रो साताको शुरूमा मात्र प्रकाशित भएको थियो। त्यसैले यस अंकमा पुस उल्लेख नगरी यसलाई माघ-फागुनको अंकका रूपमा प्रस्तुत गरिएको छ।*
- *आगामी अंक देखि मूल्यांकन प्रत्येक एक एक महिनामा नै बजारमा उपलब्ध हुने कुरा जानकारी गराउन चाहन्छौं।*
- *यस पल्ट पूरै पृष्ठहरूको छपाई अफसेट प्रेसमा गरिएकोले यसको पृष्ठसंख्या गतांकको भन्दा केही घटाइएको हो। पृष्ठ घटेपनि पाठ्य सामाग्रीहरू उति नै अट्न सकेको कुरा पाठकवर्गमा जानकारी गराउन चाहन्छौं।*



गत महिना सेनाले हस्तक्षेप गर्नु पर्छ भन्ने क्रुद्ध सोभियत सैनिकहरू

# नव गठित राष्ट्र मण्डल : अर्को विद्रोहको संघारमा?

- नीरव शेरचन

सन् १९९१ को अन्त्यसँगै सोभियत संघको राजनैतिक भूगोल र गोर्वाचेभको राजनैतिक जीवन दुवैको नाटकीय अन्त्य भयो। सोभियत संघको बदलामा ११ स्वतन्त्र राष्ट्रहरूको राष्ट्र-मण्डल गठन भएको छ। गोर्भाचेभको बदलामा येल्सिन-द्वारा नेतृत्व गरिएका पूँजीवादीहरूको डफ्फा सत्तामा आसीन छ। कुनै बेलाका बहु-प्रचारित "विश्व-शान्तिका मसिहा" नोबेल शान्ति पुरस्कार विजेता गोर्वाचेभ २० जना अंगरक्षकको सुरक्षामा आफ्नो अनिश्चित भविष्यका दिनहरू पर्खिरहेका छन्। पूर्व सोभियत संघका वर्तमान "स्वतन्त्र" राष्ट्रहरू र तिनको "राष्ट्र-मण्डल" ले नयाँ वर्ष १९९२ को जाडो र चिन्तालाई "भोड्का" को गर्मी र जोशले सामना गर्दै अनिश्चित भविष्यको गहिरो अन्ध-कूपमा आँखा चिम्लेर हामफालेका छन्।

बोरिस येल्सिन र उनका सहयोगीहरूद्वारा हाँकिएको राष्ट्र-मण्डलीय रथ अहिले बेतोडसाथ "राज्य नियन्त्रणबाट पूर्ण रूपेण मुक्त" बजार-अर्थतन्त्रतर्फ दौडीरहेको छ। रूस, उक्रेनपछि अव बेलोरूस लगायत अन्य राष्ट्रहरूले पनि त्यो पद्धतिलाई लागु गरेका छन्। बजार-प्रतिस्पर्धाले कुनै जादुको छडीले झैं उत्पादनको मात्र नभई वितरणका समस्याहरूको हल पनि गर्दछ भन्ने विश्वास यी राष्ट्रहरूले राखेका छन्, जवकि बजार प्रतिस्पर्धाप्रतिको यति प्रवल अनुराग र त्यसको हातमा संपूर्ण लगाम छाडीदिने गल्ती विश्वका सफल मानिएका पूँजीवादी देशहरूले पनि गरेका छैनन्। समाजका कमजोर वर्गहरूलाई त्यसबाट पर्न सक्ने वितरणको असमानता र अन्यायलाई नियन्त्रित गर्न राज्य-हस्तक्षेपका केही बाटाहरू सुरक्षित राख्नु पर्ने कुरामा उनीहरू पनि जोड दिन्छन्। तर राष्ट्र-मण्डल त्यो आवश्यकता-बोध गर्ने "मुड" मा छैन। भर्खर भर्खर बजार-पूँजीवादको अनुयायी बनेको राष्ट्र-मण्डलको स्वतन्त्र-बजार प्रतिको उत्कट प्रेम नयाँ मुसलमानले प्याज बढी खाएको कहावत झैं भएको छ।

राष्ट्र-मण्डलीय देशहरूको आन्तरिक बजारको सुदृढीकरण मात्र होइन विश्व पूँजीवादी व्यापार र वित्तीय प्रणालीसंग यी देशहरूको अर्थ व्यवस्थालाई जसरी र जुन स्तर एवं मात्रामा एकीकृत गर्न खोजिदैछ त्यसले यी कमजोर आर्थिक अवस्थाबाट गुज्रिरहेका देशहरूको स्वतन्त्र आर्थिक व्यवस्थापन र नीति तर्जुमा बारे ठूलो प्रश्न चिन्ह उठीसकेको छ। उनीहरूले जुन शक्तिशाली पूँजीवादी देशहरूसंग स्वतन्त्र व्यापारको लगन-गाँठो बाँध्न खोजिरहेका छन्, त्यसको प्रकृयामाथि दृष्टि पुऱ्याउँदा ती देशहरूले आफ्नो विकासको पथ-निर्माण गर्ने अधिकार, स्वतन्त्रता र क्षमता तीव्र गतिले गुमाउँदै जाने संभावना नै बढी टड्कारो देखिन्छ। यस सन्दर्भमा करीव १ वर्ष अघि सोभियतसंघमा बजार-पूँजीवादको पुनर्स्थापनाका लक्षणहरूतर्फ संकेत गर्दै लेखिएका विश्व विख्यात मार्क्सवादी अर्थशास्त्री र चिन्तक पौल एम.स्विजी र हेरी मेग्डौफका चेतावनीपूर्ण हरफहरू यहाँ उद्धृत गर्नु प्रासंगिक हुनेछ।

"इतिहासमा त्यस्ता कतिपय कमजोर देशहरू पाइन्छन्, जसले सफलतापूर्वक आफ्नो स्वतन्त्रताको रक्षा गरे र त्यस प्रकृयामा शक्तिशाली पनि भए (जस्तै संयुक्त राज्य अमेरिका, जापान आदि) भने अर्कोतिर त्यस्ता थुप्रै कमजोर देशहरूका उदाहरणहरू छन्, जसले नियन्त्रणविहीन व्यापार र लगानीमा आफ्नो हित अनुकूल हुने विश्वास राखी सुरक्षात्मक कदमहरूलाई निषेध गरे। ती मध्ये प्रायः सवै व्यापारका शक्तिशाली भागिदार देशमाथि आश्रित देशका रूपमा खस्कन पुगे, जसको अर्थतन्त्र आफ्नो देशको नागरिक-स्वार्थ भन्दा बढी अन्य देशको स्वार्थ अनुकूल ढालिएको हुन्छ। ........ अहिलेको वर्तमान अन्तरराष्ट्रिय सन्दर्भमा सोभियत संघ विकसित पूँजीवादी देशहरूको तुलनामा, जसको अर्थतन्त्रसंग यो एकीकृत हुन खोजिरहेको छ, कमजोर अर्थतन्त्र भएको देश हो। साथै पेरेस्त्रोइकाको साहित्यले के देखाउँछ भने सोभियत संघ पूँजीवादी पक्षलाई अति अनुकूल पर्ने शर्तमा पनि आर्थिक एकीकरणको लागि तयार छ। यदि स्थितिले त्यसतर्फ विकास गऱ्यो भने (अहिलेसम्म त्यसवारे धेरै ठोस अनुभव भने छैन) यो हेर्न मुश्किल छ कि सोभियतहरूले कसरी आफ्ना संस्थाहरू र नीतिहरूलाई बलिया भागिदार देशहरूको आवश्यकता र प्राथमिकताको अनुकूलतामा ढाल्न र मिलाउनबाट बचाउन सक्नेछन्।" (पेरेस्त्रोइका र समाजवादको भविष्यः "मन्थली रिभ्यू" १९९१)

सोभियत संघको विघटन र त्यसपछिको घटना-क्रमले स्विजीका चेतावनीहरूका पुष्टी गरेको छ। आवश्यक आधार नबनिकनै राष्ट्र-मण्डलीय देशहरूमा बजार-अर्थ व्यवस्थालाई छिटो भन्दा छिटो लागू गर्नु पर्ने वाध्यताले बजार-माउमा जन्माएको ३००० प्रतिशत सम्मको वृद्धि



*रेडस्क्वाएरका भिखारी : नवराष्ट्रमण्डलकै प्रतिक।*

र अस्थिरताले उपभोक्ताहरूलाई चर्को मार परेको छ। राष्ट्र -मण्डलको बजार-अर्थतन्त्र अहिले त्यहाँको आवश्यकताले हैन जि-७ राष्ट्रहरूको स्वार्थको नियन्त्रणभित्र कैद हुन पुगेको छ। येल्त्सिनका मीठा-चिप्ला कुराहरूको वास्तविक रूप देख्न थालेपछि रूसमा मात्रै पचासौं हजार जनता बजार-अर्थ व्यवस्थाको अराजकता विरूद्ध प्रर्दशन गर्न सडकमा ओर्लिएका छन र आफ्नो देशलाई साम्राज्यवादीहरूको नव-उपनिवेश बनाउने षडयन्त्रको विरूद्ध दृढतापूर्वक उभिएर विद्रोहका स्वरहरू घन्काउँदै छन - "माफियालाई देश बेच्ने येल्त्सिन- मुर्दावाद!"

सडकको विद्रोहले सदनभित्र प्रभाव पारेको समाचार पनि बाहिर आएको छ। सदनका सभामुख र उपराष्ट्रपति रूस्कोइ दुवैले येल्त्सिनको बजार-नीतिको तीव्र आलोचना गरेका छन र अहिलेको मन्त्रीमण्डललाई असक्षम घोषित गर्दै त्यसलाई परिवर्तन गर्नु पर्ने माँग गरेका छन। तर आफ्ना साम्राज्यवादी मालिकहरूको इशारामा बजार-अर्थतन्त्रलाई जसरी भएपनि लागू गर्ने दायित्व बोकेका स्वामीभक्त येल्त्सिन र उनका सहयोगीहरू विद्रोहलाई दबाउन "प्रजातन्त्र" को खोलमा नाँगो पूँजीवादी अधिनायकत्व लागू गर्न हिच्किचाउने छैनन भन्ने सन्देश १९ अगष्टमा सत्ता उल्टाउने प्रयत्न गर्ने गेन्नाडी येनायेभहरूको टोलिमाथि गरिएको कडा सजाय मार्फत दिएका छन्। यसरी येल्त्सिन र रूसी जनताको अन्तरविरोधले विस्फोटक रूप लिदै जाने संभावना अत्यन्त प्रवल भएको छ।

नव गठित राष्ट्र-मण्डलभित्र विद्रोहको ज्वाला दन्काउने जनता मात्र छैनन। सेनाभित्र पनि असन्तोष विष्फोटक रूपमा पुगेको प्रमाण विगठित सोभियत संघका केही पदाधिकारीहरूले सेनालाई सत्ता आफ्नो हातमा लिन आव्हान गरेका घटनाहरूले पुष्टी गरेका छन्। अस्त्र र सैनिक शक्तिमाथि अधिकारको प्रश्नलाई लिएर राष्ट्र-मण्डल अझै विवादको भुमरीभित्र रूमल्लिएको छ। राष्ट्र-मण्डल छिन्न भिन्न हुन सक्ने एउटा प्रमुख मुद्दा यो बन्न पुगेको छ।

अर्को प्रश्न जर्जियाको छ। येल्त्सिनका प्रयत्नहरूका वावजूद गाम्साखुर्दियाले जसरी जनताको साथ पाएका छन, त्यसले येल्त्सिनका दुराशयहरूमाथि अर्को प्रहार गरेको छ। ढीलो या




महँगीको विरोधमा प्रदर्शन गरिरहेकी रूसी महिला

चाँडो यदि गाम्साखुर्दिया विजयी भए भने त्यसबाट उत्साहित भएर राष्ट्र-मण्डलभरि नै एउटा जन-विद्रोहको लहर फैलिने संभावनालाई नकार्न सकिंदैन।

नयाँ राष्ट्र-मण्डललाई अर्को एउटा नव-उपनिवेश "यूरोपीय दक्षिण अमेरिका" बनाउने मनसुवा बोकेको अमेरिकी साम्राज्यवाद अहिले आफूभित्रकै पूँजीवादको आसन्न संकटबाट बचावका उपायहरू खोज्न जापान जस्ता मित्रहरूसंग हार-गुहार गरिरहेको छ। "जि-७" राष्ट्रहरूले सोभियत एजेण्डालाई लिएर छिटै बैठक बस्न हतारिए तापनि त्यसबाट राष्ट्र-मण्डललाई ठोस सहयोग पुग्न सक्ला भन्ने आशा गर्ने ठाउँ अत्यन्त कम छ। तेस्रो विश्वका मुलुकलाई दिईआएको आर्थिक सहयोग-राशी कटाएर मात्र राष्ट्र-मण्डललाई सहयोग जुटाउन सक्ने भएकोले त्यस्तो निर्णयले उत्पन्न गर्न सक्ने समस्याप्रति चेतावनी दिंदै विरोधका स्वरहरू देखा पर्न थालेका छन्।

यी नै कारणहरूले गर्दा यो भन्न सकिन्छ कि अहिले नवगठित राष्ट्र-मण्डलले एउटा अर्को प्रचण्ड विद्रोह पर्खिरहेको छ। वर्तमान स्थितिप्रतिको असन्तोषले उत्पन्न हुने त्यो विद्रोह यदि पुरानै नोकरशाही राज्य-पूँजीवादी व्यवस्था (हेर्नुहोस्, यसै पत्रिका लेखकको लेख, "मूल्याँकन" को गतांक) फर्काउनको निम्ति या सैनिक शासन लागू गर्न प्रयोग भयो भने फेरि पनि सोभियत जनताको निम्ति त्यो दुर्भाग्यपूर्ण हुनेछ।

युगान्तकारी अक्टोवर क्रान्तिलाई जन्माउने महान सोभियत जनताले आफ्नो विगतका गल्ती कमज़ोरीहरूबाट सिक्दै विद्रोहको मानसिकता र उर्जालाई राज्य-पूँजीवाद वा बजार-पूँजीवादको पक्षमा होइन वास्तविक समाजवादको पक्षमा प्रयोग गरी एक दिन समाजवाद र साम्यवाद निर्माण गरिछाड्ने छन् भन्ने आशा लिनु के अतिरंजना होला र? ◆

श्री ५ महाराजाधिराज सरकारको
४७ औं शुभ-जन्मोत्सवको
उपलक्ष्यमा मौसुफको दीर्घायुको
कामना गर्दछौं।

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
टेकू

# नेपाली कांग्रेसको महाधिवेशनमा के होला–के नहोला?



*– नारायणकाजी श्रेष्ठ*

सत्तारूढ दल नेपाली कांग्रेसको महाधिवेशन यही फागुनको पहिलो हप्तामा हुन लागिरहेको छ। आफूलाई "एकमात्र प्रजातन्त्रवादी" र "प्रजातन्त्रको पर्याय" नै ठान्ने नेपाली कांग्रेसको आगामी महाधिवेशन ऐतिहासिक क्रमको हिसावले आठौं भएपनि गत ३१ वर्ष-भित्रको पहिलो हो। यसको सातौं महाधिवेशन पनि यो सत्तामै भएको बेला २०१७ सालमा भएको थियो। देशको एउटा प्रमुख राजनैतिक शक्ति, सत्तारूढ दल, ३१ वर्षपछिको महाधिवेशन र आफैंभित्रको तीव्र अन्तरविरोध शतहमै प्रकट भइरहेको वर्तमान अवस्थाका कारण यो महाधिवेशनप्रति जन-चासो बढी हुनु स्वाभाविक भएको छ। नेपालको राजनीतिलाई अवाञ्छित रूपले नियन्त्रित गर्न वा आफ्नो अनुकूल बनाउन चाहने बाह्य-शक्तिहरू समेत यसबारे आ-आफ्नै ढंगले चाख लिइरहेका छन्।

### ने.का. भित्रको प्रजातन्त्र

गत ३ दशकसम्म नेपाली कांग्रेसभित्र "आन्तरिक प्रजातान्त्रिक अभ्यास" ठप्प थियो। ०१७ सालमा पार्टी-अध्यक्ष रहेका वि.पि. कोइराला जेल परेपछि पार्टी अध्यक्षको कार्यभार सुवर्ण सम्शेरले सम्हाले भने सुवर्णको मृत्युपछि पुनः वि.पि. कोइरालाले। राष्ट्रिय मेल-मिलापको नीति लिएर वि.पि. स्वदेश फर्कनु अघि २०३३ सालमा कृष्ण प्र. भट्टराईलाई कार्यवाहक अध्यक्ष र गिरिजा प्र. कोइरालालाई महामन्त्री तोकिदिएपछि त्यही आधारमा भट्टराई अहिलेसम्म कार्यवाहक अध्यक्ष नै हुनुहुन्छ। वि.पि. को मृत्युपछि गणेशमान सिंहलाई पार्टीको सर्वोच्च नेताको पदवी दिइयो। पार्टीको नीति-निर्णय र संचालन त्रय-नेताको "सहमति" बाट गर्ने गरियो।

निकै लामो समयसम्म यस्तो तदर्थवादी ढंगले काम गरिरहेको ने.का. मा अहिले जिल्ला र अंचल समितिका सम्मेलनहरू धमाधम भइरहेका छन्। यी सम्मेलनहरूमा नेतृत्व छनौटका लागि भएका चुनावहरूमा लुछाचुँडी र गुटबन्दीका जुन घटना र प्रवृत्तिहरू देखिए, यिनीहरूले कांग्रेसको निम्ति "प्रजातन्त्र" भनेको चुनाव जितेर सत्तामा पुग्नु मात्र हो, भन्ने कुरा देखाएको छ, चाहे त्यो केन्द्रिय राज्य-सत्ताको कुरा होस् वा पार्टी भित्रको सत्ताको कुरा होस्, उसको लागि "प्रजातान्त्रिक अभ्यास" भनेको चुनाव जित्न आवश्यकता हेरी जायज-नाजायज, वैध-अवैध, खुला-गोप्य, गुटवन्दी-षडयन्त्र राजनैतिक-आर्थिक वुद्धि बलका हतकण्डाहरू अप्नाउनु हो भन्ने कुरा पनि प्रष्टिंदै गएको छ।

> **कांग्रेसले वकालत गर्ने गरेको "बहुदलीय प्रजातन्त्र" प्रति साँच्चै समर्पित आस्थावान र त्यागी कांग्रेसी कार्यकर्ताहरूको निम्ति नै पनि यस्ता आच- रणहरू लज्जा र चिन्ताका विषय बनेका छन्।**

चुनावमा प्रतिस्पर्धीहरूले आर्थिक वा अन्य भौतिक प्रलोभनमा कार्यकर्ताहरूकै किनबेच गर्ने, किनबेच हुने, जाँडपानी र मासु-भातसम्मले प्रभावित गर्न खोज्ने र प्रभावित हुने, शारीरिक आक्रमणसम्म गर्ने संस्कृतिको प्रदर्शन गरेको कुरा छापाहरूले दिनहूँ जस्तो प्रकाशित गरिरहेका छन् र मारमा परेका एवं पीडित, भुक्तभोगी कार्यकर्ताहरू स्वयं कुण्ठित हुँदै यी कुराहरू व्यक्त गरिरहेका छन्। कांग्रेसले वकालत गर्ने गरेको "बहुदलीय प्रजातन्त्र" प्रति साँच्चै समर्पित आस्थावान र त्यागी कांग्रेसी कार्यकर्ताहरूको निम्ति नै पनि यस्ता आच-रणहरू लज्जा र चिन्ताका विषय बनेका छन्। भर्खरै मुलुकमा "बहुदलीय प्रजातन्त्र" आएको स्थितिमा यसैको आदर्श बोकेको ४१ वर्ष पुरानो पार्टीभित्र यस्तो निम्नकोटीको संस्कृति किन जवर्जस्त रूपमा प्रभावी रहेको छ त भन्ने प्रश्नले आम जनतालाई छोएको छ।

सामन्ती-पूँजीवादी आर्थिक जग कायमै रहेको र कायमै राख्न चाहने वर्ग-तत्व (class elements) को गठजोड वा संगठन नेपाली कांग्रेस हुनुले नै यस्तो चरित्र र संस्कृति यसको अनिवार्य र स्वाभाविक अंग बन्न गएको त होइन? जे सुकै भए पनि खेदको कुरा यो हो कि नेपाली कांग्रेसको यो संस्कृति नै अहिले ठूलो हिस्सामा फैलाइँदैछ र यो नै समाजमा सत्तासीन संस्कृति बनेको छ।

**सम्मेलन "सम्मेलन" जस्तो रहेन, महाधिवेशन कस्तो होला?**

हाल भइरहेका क्षेत्रीय वा जिल्ला सम्मेलनहरूले महाधिवेशनका लागि प्रतिनिधि चुन्ने काम बाहेक अरू केही गरेनन्। "चुनाव गर्न गरिएको मेला" बाहेक यिनीहरू अरू केही हुन सकेनन्। ती जमघटहरूमा देशको बस्तुस्थिति, पार्टीले लिनु पर्ने नीति र कार्यक्रम आदिबारे छलफलहरू भएनन, न त सरकारको कामको समीक्षा नै भयो। खटिएर गएका केन्द्रिय प्रतिनिधिहरूले पनि मतदान अधिकृत हुने वा नेतृत्वमा आफू जसको पक्षमा रहेको हो, त्यसैको मान्छेलाई जिताउने प्रचार बाहेक बढी अरू केही गरेनन्। तर यस्ता व्यवहारहरू हुनु ने.का. को लागि कुनै अपवादको विषय चाहिं हैन किनकि यसको सांगठनिक नीति नै यस्तै रहेको छ-सम्मेलन भन्नु चुनाव मात्रै हो!


यस पृष्ठभूमिमा आगामी आठौं महाधिवेशनमा पनि तात्विक महत्वका छलफलहरू होलान् भन्ने संभावना अत्यन्त कम छ। करीव १५०० प्रतिनिधिहरूले भाग लिने यस महाधिवेशनमा संख्याको अधिकताले गर्दा पनि सबै प्रतिनिधिहरूलाई विचार व्यक्त गर्न दिने एवं छलफल र बहसमा सहभागी बनाउने काम कसरी गरिने हो, प्रतिक्षाकै विषय रहेको छ।

२०४७ सालमा काठमाण्डौ दशरथ रंगशालामा भएको महासम्मेलनलाई देख्ने र भोग्नेहरू उक्त "गाईजात्रे" संमेलनलाई संझदै आगामी महाधिवेशनको व्यवस्थापन.र रचनात्मकताप्रति पनि आशावादी छैनन्। एकातिर महाधिवेशनले औपचारिक रूपले आगामी वर्षहरूका लागि नीति-निचोड र कार्यक्रम बनाउनु पर्ने र सरकारलाई दिशावोध गर्नु पर्ने, अर्कोतिर पार्टीभित्रको वर्तमान कटुता र अन्तर विरोधको हल खोज्नु पर्ने पृष्ठभूमिमा यो महाधिवेशनको खासै महत्व रहेको कुरालाई भने अस्वीकार गर्न सकिन्न।

**पार्टी भित्रको अन्तरविरोध**

ने.का. भित्र नेताहरूवीच अन्तरविरोधहरू देखा परेको यो पहिलो घटना होइन तर अहिलेको जस्तो तीव्र, चर्को र कटाक्षपूर्ण विवाद विगत ३० वर्षमा कहिल्यै देखा परेको थिएन। केही समय पहिले "गणेशमान सन्यास प्रकरण" को रूपमा आएको गिरिजा-गणेशमान द्वन्द सेलाउन नपाउँदै मन्त्रीमण्डल पुनर्गठनपछि यो झन चर्को भएर बल्झिएको छ। पहिले मध्यस्थता गर्ने कृष्ण प्र. भट्टराई समेत यस घटनापछि आफैं गिरिजा विरूद्धदेखा पर्नु भएकोले पनि यो झगडामा बढी "तौल" थपिएको छ। प्रायः सन्तुलित प्रतिकृया व्यक्त गर्ने भट्टराई "गिरिजाले राजनीतिक नैतिकता पनि पालना गरेनन्", "न गिरिजाले जोगाएर प्रजातन्त्र जोगिन्छ, न गिरिजाले भत्काएर भत्किन्छ" सम्म भन्न आइपुग्नु भएको छ। आफ्ना कुराहरू बेलाबेलामा ठाडै भनिरहने गणेशमानले "गिरिजाले मातृकाकै भूमिका निर्वाह गर्न लागे" वा "गिरिजाले नरसंहार गरे" भनेकोले भन्दा बढी भट्टराईको यो असन्तुष्टीले पार्टीभित्र बढी अर्थ राख्दछ। शव्दमा नभनी-नभनीकनै गिरिजाले आफ्नै ढर्राको काम-कारवाही चालू राखेर वास्तवमा गणेशमान र भट्टराई दुवैलाई चुनौति दिनु भएको छ। हालका पछिल्ला दिनहरूमा सिंह र मुख्यतः भट्टराईका उपरोक्त विरोधका स्वरहरू केही मत्थर देखिएतापनि अन्तरविरोध हल भइसकेको भने पक्कै पनि छैन।

**शव्दमा नभनी-नभनीकनै गिरिजाले आफ्नै ढर्राको काम-कारवाही चालू राखेर वास्तवमा गणेशमान र भट्टराई दुवैलाई चुनौति दिनु भएको छ। हालका पछिल्ला दिनहरूमा सिंह र मुख्यतः भट्टराईका उपरोक्त विरोधका स्वर-हरू केही मत्थर देखिएतापनि अन्तर-विरोध हल भइसकेको भने पक्कै पनि छैन।**



ने.का. भित्र देखा परेको यो अन्तरविरोधको वास्तविक चरित्र के हो? त्यहाँ भित्रको मतभेदको सार के हो? यी सैद्धान्तिक र नीतिगत सवालका अन्तरविरोध हुन कि केवल व्यक्तिगत वा केही प्रकृयागत सवालका अन्तरविरोध हुन्? यसलाई केलाएर हेर्नु आवश्यक छ।

विवाद-प्रकटीकरणको पहिलो सृंखला राष्ट्रिय योजना आयोगको उपाध्यक्षको नियुक्तिको प्रसंगमा र दोस्रो सृंखला मन्त्रीपरिषदको पुनर्गठनको प्रसंगमा उठेको हो। यसका अति-रिक्त, यसमा राजदूत, खेलकूद परिषदका पदाधिकारी र अन्य नियुक्तिका सन्दर्भहरू पनि जोडिएका छन्। गिरिजाले आफ्ना मान्छेहरूलाई मात्र नियुक्तिमा स्थान दिए तर गणेशमान वा अन्यका मानिसहरूलाई दिएनन्, गलत मान्छेहरूलाई नियुक्त गरे, अन्य नेताहरूलाई सोद्धा पनि सोधेनन्, मं.प. पुनर्गठनको त्यत्रो ठूलो निर्णय गर्दा पनि पार्टीलाई वास्तै गरिएन। यी सवालहरू नितान्त व्यक्तिगत मात्र नभएपनि यी मूलतः व्यक्तिगत सत्ताहोडवाजी र पार्टीभित्र स्वतः हुनु पर्ने न्यूनतम प्रकृयागत चरित्रका छन्।

ने.का. भित्रको यो विवाद र मतभेदमा सरकारले अर्घाखाँची र खोटाङ्गमा अनाहकमा गोलि हानेर गल्ति गरेको कुरा र सो घटनाहरूको न्यायिक जाँच-आयोगको गठनको मागको कुरा उठेन; कर्मचारी वर्ग माथिको व्यापक दमन चक्रको विरूद्ध कुरा उठेन, महंगीको मारमा परेका जनताको राहतको पक्षमा कुनै तौलपूर्ण र अर्थपूर्ण कुरा उठेन। यसैगरी देशव्यापी जवरजस्ती कांग्रेसीकरण र अन्य पक्षलाई अँचेटच्ने, दुःख दिने नीतिको विरूद्ध प्रजातान्त्रिक सहिष्णुता र सद्भावको कुरा

उठेन, पार्टीको मूल सिद्धान्त "प्रजातान्त्रिक समाजवाद" को नीतिको विरूद्ध हुने नीजी-करण र खुला-बजार अर्थतन्त्रको नीति लादृदा "समाजवाद" को पक्षमा एक लवज पनि कसैबाट उच्चारण समेत भएन। संविधानको "भावना र मर्म" मिचेर देशका जल-संशाधनहरूको सौदावाजी गर्दा वा देशलाई भारतको एकछत्र बजार बनाउने र पश्चिमा बहुराष्ट्रिय कम्पनीहरूलाई यहाँको श्रम र कच्चा पदार्थमा लूट मच्चाउन दिई राष्ट्रिय पूँजी र उद्योगहरूलाई दुरूत्साहित गर्ने नीति लिईंदा त्यसका विरूद्ध कांग्रेसभित्रबाट चुईंक्क आवाजसम्म उठेन। यसरी राष्ट्रिय-महत्वका यी सवै पक्षहरूमा भने कांग्रेसभित्र विवादरत दुवै पक्षले सारभूत रूपमा एउटै अडान र दृष्टिकोण अप्नाएको देखियो। त्यसैले ने.का. भित्रको अहिलेको अन्तरविरोध मूलतः सैद्धान्तिक, राजनीतिक र नीतिगत चरित्रको होइन भन्ने कुरा छर्लङ्ग हुन आउँछ।

तर , के त्यसो भए ने.का. भित्रको यो अन्तरविरोधले कुनै महत्व नै राख्दैन त? के मुलुकका अग्रगामी पक्षहरूको निम्ति यो बेप-रवाहीको विषय हो? त्यसो चाँहि निश्चय नै होइन।

गणेशमान सिंहले हालसालै भन्नु भएको एउटा सत्य कथनलाई संझना गर्नु आवश्यक छ - "गिरिजा आन्दोलनविरोधी थिए, म आन्दोलनको समर्थक, हामी वीचको भेद यही हो।" गिरिजाले बहुदल नै नआईकनै निरंकुश राजतन्त्रसँगै साँठगाँठ गरी पंचायतमै प्रवेश गर्न चाहेका थिए भन्ने कुरा पनि नेपाली राजनीतिमा जग-जाहेर नै छ। त्यसैले अहिलेसम्मको स्थितिको मूल्यांकन गर्दा के भन्न सकिन्छ भने अन्ततः ने.का. भित्र गिरिजा -पक्ष हावी हुनु मात्रैले पनि तुलनात्मक रूपमा नेपालको समग्र राजनीतिलाई बढी नोक्सान पुऱ्याउने संभावना छ।

### चैते-कांग्रेसहरूको विजय

गिरिजाको "एकलौटीकरण" को चर्चा चलिरहेकै बेला महाधिवेशनका लागि प्रतिनिधित्वमा "चैते कांग्रेसहरू" त्यागी र इतिहास बोकेका कांग्रेसीहरूलाई पनि परास्त



गणेशमान सिंहले हालसालै भन्नु भएको एउटा सत्य कथनलाई संझना गर्नु आवश्यक छ - "गिरिजा आन्दोलनविरोधी थिए, म आन्दोलनको समर्थक, हामी वीचको भेद यही हो।"

गरी ठूलो संख्यामा आउन सफल भएका छन्। ने.का. भित्रैका केहीले समेत यसमा चिन्ता व्यक्त गर्न थालेका छन्। तर यसरी अहिले यो चिन्ता प्रकट गर्ने वा विरोध गर्नेहरूले पनि हिजो बिना-सुधार र बिना-परीक्षण पञ्च-प्रतिगामीहरूलाई पार्टीमा सोहोर्ने नीतिको भने विरोध गरेका थिएनन्। अहिले आफैंले "मार" खाएर चेतेका हुन सक्छन्। जे होस् ने.का. भित्र हिजोका पंचहरूको यो प्रभाववृद्धिले पंच र कांग्रेसमा जे जति फरक थियो, त्यसलाई पनि नामेट पारिदिन सक्छ। कांग्रेस स्वयंका लागि यो गम्भीर रूपले विचारणीय कुरा बनेको छ।

### गिरिजाको शक्तिको स्रोत के हो?

गिरिजा कोइरालाले आफ्नो पार्टीका सर्वमान्य नेता र अध्यक्ष जस्ता महत्वपूर्ण हस्तिहरूलाई समेत पूरै बेवास्ता गर्न सक्ने स्थिति कसरी पैदा भयो? यो सत्ताप्राप्तिको अहंकारकै मात्र बलमा हो कि यसका पछाडि अन्य बलियो आधार पनि छ? निश्चय नै बलियो आधारमा मात्र त्यस्ता कदमहरू चालिन सक्छन्, किनकि "सन्यास-प्रकरण" मा जस्तो हल्लाखल्ला मच्चियो, त्यसवेला भएको सहमतिलाई फेरि लत्याउँदा के स्थिति सिर्जना होला भन्ने गिरिजाले नबुझ्ने कुरो थिएन। बुझीबुझीकन पनि उहाँले यस्तो कदम चाल्नु भएको प्रष्ट छ। गिरिजा नेपाली कांग्रेसभित्रका "कम्यूनिष्ट विरोधी नं.-१" हुनु हुन्छ। यसैले गर्दा साम्राज्यवादी अमेरिकाका लागि ने.का. भित्र गिरिजा नै सवभन्दा निकटको र विश्वासयोग्य व्यक्ति रहँदै आउनु भएको हो। सोभियतसंघ ध्वस्त हुनु अघि भारत-सोभियत संघ संवन्धको पृष्ठभूमिमा भारतसंग भारतले चाहेकै स्तरको संवन्ध राख्न गिरिजाको इच्छा भएर पनि यो उहाँको निम्ति संभव भएन। त्यतिखेर भट्टराई भारतको नजीक मानिनुहुन्थ्यो। तर अन्तरराष्ट्रिय परिस्थितिमा आएको परिवर्त-नले गर्दा अव गिरिजा नै भारतको निम्ति पनि सवैभन्दा नजीक र भरपर्दो बन्न पुग्नु भयो। भट्टराईले देखाउनु भएको हतियार खरिदको मामलाको राष्ट्रिय अडान भन्दा पनि तल गिरेर र जलस्रोत भारतको पोल्टामा सुम्पने कार्य गरेर समेत कोइराला भारतको निकट हुन पुग्नु भयो।

ने.का. भित्रका नेताहरूमध्ये दरवारसंग सवभन्दा नजीकको संवन्ध पनि गिरिजा कोइरालाकै रहँदै आएको हो।

अर्को कुरा, नेपाली कांग्रेसका अधिकांश कार्यकर्ताहरू सत्ता-राग र सुविधामुखी चरित्र र संस्कृतिले ग्रसित छन्। गिरजाले यो कुरा राम्ररी बुझ्नु भएको छ र पद एवं अर्थ-आर्जनको अवसरको लालचमा र्‍याल काढि-रहेका यस्ता कार्यकर्ताहरूको आकर्षणको केन्द्र पनि उहाँ नै बनीरहनु भएको छ।

गिरिजा प्र. कोइरालाको हुंकार पछाडि रहेका वास्तविकताका आधारहरू यिनै कुराहरू हुन् भन्ने कुरा प्रष्ट रूपमा देखिन्छन्। यही आधारमा सरकार र पार्टीभित्र बलियो पकड बनाउन र आफ्नो उग्र दक्षिणपन्थी सोच क्रियान्वित गर्ने दिशामा उहाँ योजनावद्ध रूपमा अगाडि बढिरहनु भएको छ।

### महाधिवेशनले के निर्णय गर्ला?

संभवतः नेपाली कांग्रेसभित्र अहिले देखा परेको विवाद र अन्तरविरोध आगा

झापा-महाधिवेशनसम्म पुग्दा त्यति कटु र उग्र रूपमा बचीनरहला। हुन सक्छ, महाधिवेशन बचे-खुचेका मनका तुषहरू पोख्ने र औपचारिक भाषण गर्ने थलो मात्रै बन्ला। सबै सहभागीहरूलाई छलफलमा उतारेर निचोड निकाल्ने र "परेको व्यहोर्ने" दृढ प्रजातान्त्रिक संस्कारको आशा वर्तमान ने.का. का नेताहरूबाट कमै गर्न सकिन्छ। गणेशमान सिंहलाई धेरै पटक चोट परेको र आफूले गिरिजाको विरोधमा ठूला ठूला कुरा धेरै पटक बोलीसक्नु भएकोले उहाँ म्याएसम्म महाधिवेशनमा नै गिरिजालाई "देखाइदिन" इच्छुक हुनु होला। यसै सन्दर्भमा कार्यकर्ताहरूलाई "विवेक प्रयोग गर्न" उहाँले गर्नु भएको आव्हानबाट उहाँले गिरिजा विरूद्ध कार्यकर्ताहरूलाई गोलवन्द गर्ने प्रयत्न गर्नु हुने संकेत पनि मिल्दछ। तर पनि गणेशमान सिंहको शक्ति भनेको इतिहास र व्यक्तित्वको शक्ति मात्रै हो। मूलतः उहाँको कार्यशैली "आफ्ना मान्छे" बनाउँदै हिड्ने नभएको नै देखिन्छ। त्यसैले गणेशमानको होइन, कृष्ण प्र. भट्टराईकै भूमिका निर्णायक वा निकै महत्वपूर्ण हुने देखिन्छ। भट्टराईले गिरिजाका विरूद्ध कति अडान लिनु हुन्छ यसमा नै गिरिजा कोइरालालाई कत्ति नियन्त्रित गर्न वा कस्न सकिन्छ भन्ने कुरा धेरै हदसम्म निर्भर रहने छ।

सुलह-संझौतावादी भट्टराईलाई गणेशमानले उहाँकै उपस्थितिमा सार्वजनिक रूपले उहाँलाई "चमेरो जस्तो" भनी आरोप लगाईसक्नु भएको हो। यस पटक आफ्नै अस्तित्वको संकटका कारणले पनि भट्टराईले पहिले पहिले भन्दा बलियो अडान लिनु हुने अनुमान गर्न सकिन्छ। भट्टराईको रणनीति गिरिजालाई पूरै परास्त गनपट्टि पनि नलाग्ने, पूरै हावी हुन पनि नदिने र सकेसम्म गिरिजाको प्रभावलाई नियन्त्रण गर्ने हुने संभावना छ। अर्कोतिर गिरिजाले पनि पार्टी नेतृत्वमा सकेसम्म प्रभाव विस्तार गर्न खोज्ने तर भट्टराईलाई पूरै नलत्र्याउने नीति लिने संभावना ज्यादा छ। गिरिजा पक्षले विगतको अनुभवलाई पनि अगाडि ल्याएर पार्टी अध्यक्ष र सरकार प्रमुख एउटै व्यक्ति हुनु पर्ने माग पेश गर्न सक्ने छ। तर यो माग नेतृत्वका अन्य प्रभावशाली स्थान




**"प्रजातान्त्रिक समाजवाद" को नारालाई महाधिवेशनले अहिल्यै हटाइहाल्ने संभावना कम भएपनि यसलाई पूरै उपेक्षा गर्ने स्पष्ट देखिएको छ।**

र संख्याका लागि बार्गेनिङ्ग-कार्डको रूपमा ल्याइने छ। गणेशमानले भट्टराईलाई "अड्न" प्रोत्साहित गर्ने भूमिका खेल्नु हुनेछ। त्यसैले गिरिजाको गोटी-चाल चालू नै रहेको र कार्यकर्ता स्तरमा विवाद कटुतापूर्ण हुँदै गएको वर्तमान स्थितिमा घटनाक्रमले कुनै अप्रत्यासित मोड लिएन भने के कुरा निश्चित प्रायः छ भने- झापा महाधिवेशनले कृष्ण प्र. भट्टराईलाई नै अध्यक्ष चुन्ने छ। गणेशमानलाई पुनः सर्वोच्च नेताको उपाधि थमौति गर्ने छ।* महाधिवेशन अघि नै यस्तो सहमति भएछ भने तिनै नेताहरूले आ-आफ्ना विवाद र असुन्तुष्टीका बुँदाहरू हलुका लवज र भाषामा पोख्नेछन्।

* यो लेख तयार भैसकेपछि ने.का. केन्द्रिय समितिले श्री भट्टराईलाई नै अध्यक्ष पदका लागि प्रस्तावित गर्ने निर्णय गरेको कुराले यस लेखको पूर्वानुमानलाई सही सावित गराएको छ।

नेतृत्व-चयनका अतिरिक्त महाधिवेशनमा प्रतिनिधिहरूले (२-३ मिनेट भित्रमा) पार्टी र सरकारको संवन्धका अतिरिक्त अन्य सवालहरूमा पनि आफ्ना गुनासाहरू पोख्ने, नयाँ विधान पारित गर्ने र अन्य विभिन्न प्रस्तावहरू सुनेर, सुनेकै भरमा पास गर्ने छन्। "प्रजातान्त्रिक समाजवाद" को नारालाई महाधिवेशनले अहिल्यै हटाइहाल्ने संभावना कम भएपनि यसलाई पूरै उपेक्षा गर्ने स्पष्ट देखिएको छ। अहिले "परिस्थिति बदलिएकोले" "प्रजातन्त्र"मा जोड रहने भनी अध्यक्ष भट्टराईले बताउनु भएको कुराले पनि "समाजवाद" ले महत्व नपाउने कुरातर्फ स्पष्ट संकेत गरेको छ। औंलामा गन्न सकिने केहीले मात्र "प्रजातान्त्रिक समाजवाद" को सैद्धान्तिक आधारमा कुरा उठाउने र केहीले परम्परा, लत र संस्कारको कारणले यसको झिनो चर्चा गर्ने प्रष्ट संभावना छ। शब्दमा केही कुराहरू उठेपनि महाधिवेशनको मूल धारामा सारमा, यो किनाराको विषय बन्ने छ। खुला बजार-नीति र भारतसंगको हालैका सन्धी संझौताहरूलाई सहमतिको छाप लाउने काम हुनेछ। जन-जीविका र जनतालाई राहत दिने विषयमा संवेदनशील रूपमा कुनै ठोस नीति निर्णय लिने कुनै संभावना देखिँदैन।

### अन्तमा

नेपाली कांग्रेस फुट्छ कि भनी भयभित हुने वा फुट्ला कि त भनी "आशा गर्नेहरू" सबैले के कुरामा चाहिं आश्वस्त भए हुन्छ भने ने.का. हालसालै वा यो महाधिवेशनमा टुट्ने-फुट्ने कुनै संभावना छैन। किनकि यसको वर्तमान विवादमा त्यस्तो कुनै सैद्धान्तिक महत्वको सवाल छैन। व्यक्तित्वको टकराहटमा पनि फुट्नै दिने हदसम्म एक अर्कोलाई उपेक्षा गर्न सक्ने दृढताको स्थिति पनि छैन। यस्ता संगठनहरू फुट्न सक्ने अर्को आधार वाह्य-शक्तिको भूमिका हुन सक्छ तर अहिलेसम्मको स्थितिमा तत्कालै त्यसो गरेर उनीहरूलाई कुनै विशेष लाभ प्राप्त हुने देखिँदैन।

साथै महाधिवेशनबाट ने.का.ले कुनै

**बाँकी २२ पेजमा**

## आजको घटना आजको विचार

*गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणको सन्दर्भमा*

### ब्यापार पारवहन र नदीनालाका सन्धि- सम्झौताहरू:

# कति नेपालको हितमा कति भारतको हितमा ?

- श्याम श्रेष्ठ

*प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत- यात्राको दौरानमा जुन राजनैतिक घोषणाहरू भए जुन ब्यापार, पारवहन र नदी नाला सम्बन्धी सम्झौता-समझदारीहरू भए तिनीहरूको दूरगामी र चौतर्फी असर के होला? यसबारे टीका टिप्पणी र मूल्यांकन गर्ने कार्य नेपाली प्रेसमा अझै जारी छ। भविष्यको प्रत्येक दिनमा यसले पैदा गरेका गंभीर र तीता वास्तविकता एवं नतिजाहरूलाई जब नेपालीहरूले प्रत्यक्ष रूपमा भोग्न, अनुभूति गर्न र सामना गर्न थाल्नेछन्, ती सन्धि-सम्झौताहरू र घोषणाहरूमा वास्तवमा के के थिए हँ? भनेर भावी नेपाली पुस्ताले नियालेर हेर्नु पर्ने संभावना पनि उत्तिकै ब्यापक छ।*

*तर गिरिजाप्रसाद कोइरालाको दावी चाहिं के छ भने उहाँको भारत-यात्राले नेपालको प्रतिष्ठा र मर्यादालाई बढाएको छ। उहाँको भ्रमणले नेपाल र भारत बीच "गत तीस वर्षदेखि रहदै आएको चीसोंपन समाप्त पारेको छ।"*

*तर के यी दावीहरू वास्तविकतासित मेल खान्छन्? प्र. म कोइराला जुन काम फत्ते गर्छु भनेर भारत-भ्रमणमा जानु भएको थियो के त्यो उहाँले गर्न सक्नु भयो? उहाँले भारत-भ्रमणका दौरानमा जे जे सहमति र घोषणा गरेर आउनु भयो, के ती नेपाल र नेपालीको हितमा छन्? के तिनले साँच्चै नै नेपालको प्रतिष्ठा र मर्यादा बढाएका छन्? "चीसोपना" को अन्त्य गर्न भनी व्यहोरिएका मूल्यहरू के साँचै औचित्यपूर्ण छन्?*

*यी प्रश्नका उत्तरहरू गहिरिएर खोज्नु जरूरी छ।*

## गिरिजा- सरकारको परराष्ट्र नीतिको दिशा कता?

यो सर्वविदित छ, प्रधानमन्त्री कोइरालाले यस पटकको आफ्नो भारत भ्रमणमा विगतका सत्ताधारीहरूले नेपालको निधारमा लगाइदिएको कालो टीका १९५० र १९६५ का असमान सन्धिहरूलाई पुनरावलोकन गर्ने बचन दिनु भएको थियो। त्यो पनि अरू ठाउँमा हैन, "सार्वभौमसत्ता संपन्न" भनिएको संसदमै उहाँको यो घोषणा जाहेर भएको थियो। तर भारत- भ्रमण जब भयो, उहाँले यी सन्धिहरूको पुनरावलोकन गर्ने कुराको उच्चारण नै गर्नु भएन। बरू यसको ठीक विपरीत काम गर्नु भयो। १९६५ को असमान सन्धिले भारत, बेलायत र अमेरिका बाहेक अन्यत्रबाट हात-हतियार किन्ने नेपालको राजनीतिक स्वतन्त्रता समाप्त पारेतापनि छिमेकी देश चीनबाट हात-हतियार किन्न सकिने स्वतन्त्रतामाथि रोक लगाएको थिएन। तर प्रधानमन्त्री कोइरालाले त बाँकी बचेको त्यस स्वतन्त्रतालाई पनि भारतीय शासक वर्गको पोल्टामा राखीदिदै घोषणा गर्नु भयो- अब उप्रान्त नेपालले चीनबाट हात-हतियार किन्ने छैन, भारतबाट मात्र किन्ने छ, (चाहे त्यो जतिसुकै महंगो किन नपरोस्) र विगतमा चीनबाट हतियार लिनु गल्ती भएको थियो।

यहाँ सवाल हात- हतियार खरिदको हैन। दुई विशाल देशहरूबाट घेरिएको नेपाल जस्तो सानो मुलुकले कुन देशसित लड्न हातहतियारको भण्डार वृद्धि गर्ने? सवाल त नेपालको सार्वभौमसत्ता र स्वतन्त्र राजनीतिक निर्णय लिने अधिकारको हो। सवाल थियो, सानै भएपनि एउटा स्वतन्त्र सर्वभौमसत्ता सम्पन्न मुलुकले आफूलाई जहाँ जुन वस्तु खरिद गर्दा बढी फाइदा हुन्छ, त्यहाँ त्यो वस्तु किन्न निर्णय लिने निर्वाध स्वतन्त्रता पाउने कि नपाउने?

१९६५ को सन्धिको पुनरावलोकन समेत गर्ने भनी भारत जानु भएका गिरिजाप्रसाद कोइरालाले नेपालको यो राजनैतिक स्वतन्त्रताको, सार्वभौम राष्ट्रको अधिकारको मागलाई वुलन्द गर्नु पर्ने ठाउँमा यो स्वतन्त्रता र अधिकारकै हरण गर्ने काम गर्नु भयो। भारतीय शासक वर्गले लामो समयदेखि नेपालले चीनबाट पनि हात-हतियार किन्न सक्ने अधिकारको विरोधको नाममा स्वतन्त्र राज-नीतिक निर्णय लिने अधिकारको सख्त विरोध गर्दै आएको थियो। (गएको १९८९ को आर्थिक नाकावन्दीको एउटा प्रमुख मुद्दा यही थियो) नेपाललाई स्वतन्त्र राष्ट्र होइन आर्थिक र राजनीतिक रूपमा भारत- आश्रित राष्ट्र बनाउने भारतीय शासक वर्गको यस चाहना र कुप्रवृत्तिलाई गिरिजाप्रसाद कोइरालाले यस पटक खुल्ला समर्थन र प्रोत्साहन दिएर आउनु भयो।

नेपाली कांग्रेसकै कार्य-वाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई अन्तरिम प्रधानमन्त्रीको रूपमा भारत भ्रमणमा जांदा पनि भारतीय शासक वर्गले यो सवाल उठाएको थियो। तर प्र. म. भट्टराईले चिनियाँ हतियार भारतको भन्दा ५ गुना सस्तो भएकाले किनिएको र अब पनि जहाँ सस्तो छ त्यही किन्ने नेपालको स्वतन्त्रताको पक्षमा प्रष्ट अडान राख्नु भएको

थियो। तर गिरिजाले त्यो अडान राख्नु भएन र आफ्नै पार्टी अध्यक्षले राखेको अडानको पनि विपरीत जानु भयो। तथापि भारत भ्रमणबाट फर्केपछि गिरिजाले भट्टराईले भारतमा गएर फुकाल्न नसकेको गाँठो पनि मैले फुकालेर आएको छु भनेर अभिमान गर्नु भयो।

संयुक्त राष्ट्र-संघमा गिरिजा सरकारका प्रतिनिधिले दक्षिण - एशियालाई नामिकीय हतियार- मुक्त-क्षेत्र बनाउनु पर्छ भन्ने पाकिस्तानको प्रस्तावलाई भारत सरकारको विरोध रहँदारहँदै पनि समर्थन गरेका थिए। आफू नाभिकीय हतियार सम्पन्न भएकाले भारतले यसमा आपत्ति जनाउँदै विश्व जन-समुदायको ध्यान अन्यत्रै मोड्ने उद्दश्यले दक्षिण एशिया मात्र होइन सारा संसार नै नाभिकीय हतियार - मुक्त- क्षेत्र हुनु पर्छ भनेर आवाज उठाएको थियो। तर गिरिजाले भारत भ्रमणको दौरानमा संयुक्त राष्ट्र- संघमा आफ्ना प्रतिनिधि जयराज आचार्यमार्फत प्रदर्शित गरेको आफ्नो त्यस अडानलाई आश्चर्यजनक र आकास्मिक रूपमा बदल्दै भारतले जुन भाषा बोलेका हो, दुरूस्तै त्यही भाषा दोहऱ्याउनु भयो। उहाँको यो आकस्मिक अडान-परिर्वतनले जयराज आचार्यलाई अवश्यै अप्ठेरोमा पारेको होला। तर त्यो भन्दा बढी यसले प्रत्येक देशप्रेमी र स्वाभिमानी नेपालीलाई लज्जित र शिर निहुराउनु पर्ने पारेको छ।


यी घटनाहरूले भारत- भ्रमणपछि गिरिजा सरकारको परराष्ट्र नीतिको दिशा र प्रवृत्ति भारतउन्मुख हुँदैछ भन्ने कुराको प्रष्ट पूर्वसंकेत गरेका छन्। गिरिजा सरकारले यो भारत-भ्रमणबाट अहिले जे जति "सुविधा, सहुलियत र सहयोग" प्राप्त गर्न समर्थ भएको छ, त्यो नेपालको राजनीतिक स्वतन्त्रता र सार्वभौमसत्ताको खर्चनु नै नहुने मूल्य तिरेर प्राप्त गरेको छ। यसले विश्व जन-समुदायसमक्ष नेपालको छवि अरू धमिल्याएको छ। तर भ्रमणले देशको मर्यादा र प्रतिष्ठा बढाउन सफलता प्राप्त गरेको भनेर व्यापक प्रचार-प्रसार गरिँदैछ। यो आश्चर्यको कुरा हो। जे होस यो यात्राबाट प्रभूत्ववादी भारतीय शासक-वर्गको नेपाललाई आफ्नो राजनीतिक र आर्थिक उपग्रह बनाउने चाहनामा बचे- खुचेको अडचन पनि हटाईदिएर गिरिजा आफ्नो कुर्सीको मजवुतीको निम्ति भारतीय शासक वर्गको समर्थनको कवच त प्राप्त गर्न समर्थ हुनु भएको छ। तर यसरी आफ्नो निहित स्वार्थको निम्ति देशको राजनीतिक स्वतन्त्रता पनि बन्धकी राख्ने यो प्रवृतिले निष्कण्टक यात्रा गर्न पायो भने देशको भविष्य कस्तो होला? गंभीर प्रश्न उठ्ने, उठाउनु पर्ने वस्तुगत आधार खडा भएको छ।

# के नेपालका नदीहरू बेचिएकै हुन् त?

जलस्रोतमा प्रशस्त धनी, तर पूँजी र प्रविधिको अति गरीव नेपालले वहु-आयामिक स्रोतहरू प्रयोग गरेर जलस्रोतलाई पूँजी र विकासको स्रोतका रूपमा परिचालन गर्न खोज्नु सही र वस्तु-सम्मत उपाय हो। तर यस्तो गर्दा अन्ततः यो अमूल्य स्रोतमा निर्णायक प्रभूत्व कसको रहन्छ? सहयोगदाता राष्ट्रको फाइदा र नेपालको राष्ट्रिय-हितको सन्तुलन कसरी मिलाइन्छ? जलस्रोतको उपयोगको परिणाममा पैदा हुने वातावरणीय समस्या, जनताको वस्ती र उत्पादनका साधनहरूको नाशको समस्या, बाँध बाँध्दा पैदा हुने निरन्तर भू-कम्पनको समस्या कसरी हल गरिन्छ? यी सवालहरू बारे प्रष्ट नीति बन्नु नितान्त जरूरी हुन्छ।

तर गिरिजाले भारतसित जुन सहमति गर्नु भएको छ त्यसमा यी मध्येको कुनै समस्याको पनि जवाफ छैन।

सहमति-पत्रमा नेपालका ७ वटा नदीहरूमा आयोजना शुरू गर्ने कुरा उल्लेख छ (राजपत्र खण्ड-४१, संख्या ३६, पुष ८, २०४८) त्यसमा कर्णाली (चीसापानी)



विद्युतः कसले प्रथमिकता पाउने?

बहुउद्देशीय आयोजनावारे आठौं कर्णाली-कमिटीको बैठकको सहमति मुताविक भारतले तुरून्तै अध्ययन शुरू गर्ने र आयोजनाको संगठनात्मक पक्ष र अरू पक्षमा भारतद्वारा तुरून्तै प्रस्ताव पेश गरिने कुरा उल्लेख छ। आठौं कर्णाली- कमिटीको बैठकको सहमतिमा के के छ? त्यो रहश्य र खोजीको बिषय छ। कर्णाली आयोजनाबारे यसअघि नोराडद्वारा स्नोयी माउण्टेन अथरिटीद्वारा र निप्पन कोइ-द्वारा ३-३ पटक अध्ययन भइसकेको छ। फेरि पनि किन भारतद्वारा अध्ययन गराइनु जरूरी भयो? यो पनि रहस्यको विषय छ। कर्णाली नेपालको निकै विशाल नदी हो, जसबाट करोडौं किलोवाट विजुली निक्लन संभव छ। यसबारे प्रस्ताव तयार गर्नु, संगठनात्मक ढाँचा तयार गर्नु, पूँजी र प्रविधिको स्रोत खोज्नु, पारस्परिक लाभका आधारमा तर नेपालको निर्णायक स्वामित्वको स्थिति हरण नहुने गरी संझौता गर्नु नेपालको सरकारको दायित्व हो। तर यो दायित्व गिरिजाले भने भारतलाई दिनु भयो। आयोजनाको संगठनात्मक ढाँचा लगायत सम्पूर्ण पक्षबारे प्रस्ताव तयार गर्ने जिम्मा नै भारत सरकारलाई दिइयो, मानौं, त्यसमा नेपालको हितबारे वकालत गर्नु पर्ने, माग गर्नु

पर्ने कुरा नै केही बाँकी छैन, सबै कुरा अग्रिम सहमति भईसकेको छ। कुन शर्तका आधार मा यस्तो गरियो र किन यस्तो गरियो? यसको स्पष्टी-करण सहमति -पत्रमा छैन। यसले पर्दा पछाडि कुनै गम्भीर राष्ट्रघाती सहमति भइ सकेको संभाबनातर्फ संकेत गरेको छ।

त्यस्तै समस्या पञ्चेश्वर बहुउद्देशीय आयोजनाबारे पनि छ, जसबारे भारतले नै अक्टोबर १९९२ सम्ममा विस्तृत आयोजना प्रतिवेदन पेश गर्ने र आयोजनाको संपूर्ण खर्च समेत ब्योहोर्ने कुरा सहमति-पत्रमा उल्लेख छ। के विना कुनै ठूलो लाभ आफ्नो अरबौं रूपैयाँ बिनाशर्त, बिना आधार कुनै आयोजनामा लगानी गर्न भारतीय सरकार तयार होला? यो कल्पना पनि गर्न सकिन्न। तर त्यस्तो शर्त वा वस्तुगत आधार सहमति- पत्रमा कतै उल्लेख छैन। यसले पनि पर्दा पछाडिको सोही संभावना तर्फ संकेत गर्छ।

यिनै प्रश्न सप्तकोशी-उच्च-वाँध बहुउद्देशीय आयोजना र बुढी गण्डकी आयोजनाबारे पनि उठ्छन, जसबारे सहमति-पत्रमा तुरून्तै संयुक्त-अध्ययन थालिने र एउटा विस्तृत आयोजना-रिपोर्ट पेश गर्ने कुरा उल्लेख छ। उक्त बुढी गण्डकी आयोजनाको रिपोर्ट त १९९४ सम्ममा काम नै थाल्न सकिने गरी पेश गर्नु पर्ने कुरा उल्लेख छ। कमला र वागमती आयोजना बारे नेपालले अुनसन्धान थाल्ने र १९९२ सम्ममा संभाव्यता रिपोर्ट दिने र खर्च सम्वन्धमा भारतले विचार गर्ने कुरा उल्लेख छ। महाकाली नदीको टनकपुर ब्यारेजको संबन्धमा नेपालको भू- भागमा ५७७ मिटर लामो, २.९ हेक्टर जमीन ओगट्ने देब्रे एफ्लक्स-बन्ध (Left Afflux Bund) भारतलाई निर्माण गर्न दिने कुरा उल्लेख छ। यसबारे नेपालले भारतलाई यति तुरून्त जमीन उपलब्ध गराईदिनु पर्ने छ ताकि गत मंसीर मसान्तकै दिनबाट आयोजनाको काम शुरू हुन सकोस्।

टनकपुर ब्यारेजको यो सहमति जालसाजीपूर्ण छ। वास्ताविकता के हो भने त्यहाँ नेपालको सहमति नलिइकन नै नेपालको भू-भागमा भरतीय शासक वर्गले बल मिचाइ गरेर वाँध निर्माण गर्ने कार्य थालिसकेको थियो। नेपालको सार्वभौमिकतामाथिको भारतीय शासक वर्गको त्यो जवरजस्ती हस्तक्षेपलाई अहिले निक्कै चलाखीसाथ गिरिजाले वैधानिकता दिनु भएको छ - "त्यो आयोजना मुताविकको वाँध सहमति-पत्रमा हस्ताक्षर भएकों ७ दिन पछि नै निर्माण गर्न शुरू हुनेछ" भनेर। अन्यथा के कुनै ५०० मेघावाट बिजुली निकाल्न सकिने १००० क्यूसेक पानी निकाल्न सकिने विशाल वाँधको आयोजनाको निर्माण-कार्य संझौतामा हस्ताक्षर भएको ७।८ दिनमै शुरू हुन सम्भव हुन्छ? यो गिरिजाको अर्को राष्ट्रघाती र भारतीय शासक वर्गको प्रभूत्ववादी प्रवृत्तिलाई प्रोत्साहित गर्ने कारवाही हो।

---

**महाकाली नदीको यस महत्वपूर्ण आयोजनामा पनि गिरिजा सरकारले नेपालको संप्रभूता नरहेको र भारतीय संप्रभूता रहेको अप्रत्यक्ष रूपमा स्वीकार गरीसकेको छ।**

---

यो आयोजनामा कसको संप्रभूता रहेको छ? यो प्रश्न हल हुन त बाँकी नै छ। तर भारतीय शासक वर्गको प्रभूत्ववादी हस्तक्षेपलाई छोपछाप पारेर वैधानिकता प्रदान गर्ने दौरानमा नेपालको संविधानको चाहिं नराम्ररी उल्लंघन हुन पुगेको छ। नेपालको संविधानको धारा १२६ को उपधारा २ (घ) मुताबिक नेपालको कुनै पनि प्राकृतिक स्रोतको तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धी सन्धि-संझौता नेपालको संसदको दुबै सदनको दुई-तिहाई बहुमतले पारित नगरेसम्म नेपाल अधिराज्यको हकमा लागू भएको मानिने छैन भनिएको छ। महाकाली नदीको प्राकृतिक स्रोतको उपयोग सम्वन्धी यो सम्झौतालाई (जसलाई संभवतः संसदको अनुमोदनको आवश्यकताबाट बच्न सन्धि नभनेर घूर्त्याईंवश "सहमति" भनिएको छ) संसदले विधिवत् पारित गरेकै छैन। तथापि मंसिर मसान्त २०४८ देखि नै यो आयोजना अन्तर्गत निर्माण कार्य थाल्न प्रधानमन्त्री गिरिजाले भारत सरकारलाई अनुमति दिईसक्नु भयो! संविघान अनुसार मुलुकमा लागू नै नभैसकेको संझौता लागू गर्ने अधिकार प्रधानमन्त्री गिरिजाले कसरी पाउनु भयो? यो कस्तो प्रजातन्त्रवादी चरित्र र संस्कृति हो जसमुताविक आफूलाई सवभन्दा धेरै "प्रजातन्त्रवादी" भन्ने पार्टीका प्रधानमन्त्री स्वयम्बाट "प्रजाताान्त्रिक संविधान" को ठाडो उल्लंघन हुन्छ?

यो सहमति-पत्रमुताविक भारतले नेपालको भू-भागमा १००० क्यूसेक क्षमता बराबरको पानी जाने हेड-रेगुलेटर बनाउने छ। तर नेपालले चाहिं त्यस हेड-रेगुलेटरबाट १५० क्यूसेक बराबरको मात्र पानी पाउने छ। यो आयोजनाबाट भारतले ५०० मेघावाट विद्युत उत्पादन गर्ने छ। तर त्यसबाट "नेपालको विशेष अनुरोधमा नोक्सानी सहेर पनि" नेपाललाई प्रति वर्ष शुरूमा १० मेघावाट (जसलाई सहमतिमा धेरै देखाउन १ करोड यूनिट भनिएको छ) विद्युत मात्र दिइनेछ, मानौं नेपाली भू-भागमा बन्ने त्यस आयोजनाको संप्रभू चाहिं भारत हो र नेपाल चाहिं भारतको भिक्षार्थी हो, दयाको पात्र हो।

यो सहमतिले के देखाएको छ भने महाकाली नदीको यस महत्वपूर्ण आयोजनामा पनि गिरिजा सरकारले नेपालको संप्रभूता नरहेको र भारतीय संप्रभूता रहेको अप्रत्यक्ष रूपमा स्वीकार गरीसकेको छ। अन्यथा नेपालकै भू-भागमा बन्ने आयोजनामा नेपाललाई नाम मात्रको सहुलियत किन? र त्यो सहुलियत पनि नेपालको विशेष अनुरोधमा भारतले आफ्नो नोक्सानी सहेर पनि कृपा गरेको भन्ने आशयको वाक्य सहमति-पत्रमा राखियो किन?

यी सबै सन्दर्भहरूले के इंगित गरेका छन् भने बाहिर प्रकाशित सहमति-पत्र हात्तीको देखाउने दाँत मात्र हो, भित्री र सक्कली दाँत चाहिँ अर्कै छ र त्यो अदृश्य छ। यो सहमति-पत्रमा हस्ताक्षर भयो भन्ने सुन्दा भारतीय प्रधानमन्त्रीको कान "संगीतमय भयो" भन्ने मारतीय प्रधानमन्त्रीको आफ्नै भनाइले पनि यो अडकलबाजीलाई तथ्य ठान्न बल दिएको छ। त्यसैले संपूर्ण जिम्मेवार प्रतिपक्ष र देशभक्त नेपालीले माग गर्न जायज ठहर्छ भने नदीनालासंवन्धी संपूर्ण गोप्य सहमति-संझौताहरू तुरून्त जनसमक्ष ल्याइनु पर्दछ।

# के व्यापार र पारवहन सन्धिमा गुणात्मक रूपले नयाँ उपलव्धी छन्?

गिरिजा प्र. कोइरालाले भारत-भ्रमणका दौरानमा जुन व्यापार र पारवहन सन्धि गर्नु भएको छ, त्यो कुनै आधारभूत रूपले नयाँ सन्धि नभएर १९८९ अक्टोबरमा पंचायती शासन कालमा हस्ताक्षर गर्ने भनिएको सन्धि नै हो। अहिलेको यो व्यापार-सन्धिलाई १९७८ अर्थात २०३५ सालमा पंचायती शासनकालमै भएको सन्धिसित तुलना गर्ने हो भने यसमा मूलभूत रूपले नयाँ तीन कुरा मात्र छन् - त्यतिखेरको व्यापार-सन्धिमुताविक भारतको टि.भि., ट्रान्जिष्टर, जीप, कार, खेल्ने तास, बन्दूक, रेफ्रिजिरेटर र भिडियो एवं डेक जस्ता विलासिताका बस्तुहरूमा नेपालमा अतिरिक्त-भन्सार महशूल लाग्दथ्यो, अहिले भारतका संपूर्ण औद्योगिक-बस्तुमा अतिरिक्त भन्सार महशूल हटाइएको छ। यो निर्णय नेपालको हितमा होइन, भारतीय पूँजीपति वर्गकै हितमा भएको छ।

त्यतिखेरको सन्धिमुताविक भारतमा भन्सार महशूलमा विशेष सुविधा पाउन निर्यात हुने नेपाली औद्योगिक वस्तुमा ८०% नेपाली वा भारतीय कच्चा-पदार्थ हुनु पर्ने, ८० देखि मुनि ५० प्रतिशत नेपाली वा भारतीय श्रम र कच्चा-पदार्थ भएको वस्तुले अति सुविधा प्राप्त राष्ट्र (MFN) लाई लाग्ने भन्सार महशूल भन्दा ५०% छूट पाउने र ५०% भन्दा मुनि नेपाली वा भारतीय श्रम र कच्चा पदार्थ भएको वस्तुले MFN सरह मात्र सुविधा प्राप्त गर्ने प्रावधान थियो। अहिले ८०% लाई ५५% मा झारिएको छ। ८० देखि मुनि ५०% सम्म भनिएकोमा ८० देखि ४०% गरिएको छ। र ५०% देखिमुनि भनिएकोलाई ४० प्रतिशतदेखि मुनि गरिएको छ।

यसबाहेक त्यतिखेरको व्यापार-सन्धि मुताबिक नेपाली वस्तुले भारतीय बजारमा प्रवेश गर्ने अनुमति पाउन पूर्व स्वीकृती अर्थात् "प्रोफर्मा क्लियरेन्स" पाउनु पर्थ्यो र त्यो अनिश्चित कालको थियो। अहिले त्यो अनुमति ४ महिनामा पाउन सक्ने गरिएको छ। अहिलेको व्यापार-सन्धिको सवैभन्दा ठूलो उपलव्धी भनेकै यही उपलव्धी हो।

ब्यापार-सन्धिका अरू प्रावधानहरू हू-बहु १९७८ कै ब्यापार-सन्धि जस्तै छन्। पारवहन सम्झौता पनि १९७८ को सम्झौतामा केही मामुली कुरामा मात्र भिन्न छ। अहिले पहिले भन्दा २ वटा थप पारवहन नाका (नक्सलवाडी/पानी ट्यांकी र सुखिया पोखरी/पशुपति नगरको नाका र दार्चुलाको एउटा थप ब्यापार नाका) पाइएको छ। कलकत्ता खिद्रीपुर डकमा पहिले भन्दा फगत १ वर्ग मिटर बढी जमीन (पहिले ४४२४ वर्ग मिटर, अहिले ४४२५ बर्ग मिटर) पाइएको छ। र, कलकत्ता हल्डीया वन्दरगाहमा कार्यालय तथा आवासको लागि २००० वर्ग मिटर जमीन र सामान राख्न ६९८५ वर्ग मिटर जमीनको थप सुविधा पाइएको छ।

**नेपाली औद्योगिक बस्तुको निर्यातको मूल-समस्या कच्चा पदार्थको प्रतिशत बढ्नु-घट्नुमा होइन, भारतीय बस्तुहरू नेपाली बजारमा बेरोकटोक प्रवेश गरे जस्तै भारतीय बजारमा बेरोकटोक प्रवेश गर्नमा नेपाली बस्तुलाई बन्देज रहनु नै हो।**

यी देखि बाहेक पारवहन-संझौता हू-बहू २०३५ सालकै नक्कल सरह छ। यिनै कुराहरू हुन, जसलाई गिरिजा सरकार अहिले अभूतपूर्व र महान उपलव्धी भनेर प्रचार गर्दैछ।

नेपालको राजनीतिक स्वतन्त्रता र प्राकृतिक श्रोतहरूको अति महंगो मूल्य खर्च गर्ने हो भने यस्तो र यो भन्दा राम्रा संझौता कुनै पनि सरकारले गर्न सक्दथ्यो र गर्न सक्दछ। यस्तै संझौता र यही संझौता यो भन्दा निकै कम मूल्य चुकाएर "पंचे सरकार"ले नै १९८९ अक्टोवरमै गर्न तयार भएको थियो जसलाई चिनियाँ हात- हतियार र चिनियाँ बस्तुमा अतिरिक्त भन्सार महशूल कम गर्ने घोषणा र वर्क-परमिटको घटनाले हस्ताक्षरको बिन्दुसम्म पुग्न दिएन। ब्यापार र पारवहन सन्धिलाई अलग अलग गर्न सक्नुलाई नै "महान उपलव्धी" भन्ने हो भने यो "महान उपलव्धी" त १९७८ मै पंचायती सरकारले समेत हासिल गरेको उपलव्धी हो। त्यतिखेर पनि दुबै सन्धि अलग अलग र अहिले जस्तै ब्यापार ५ वर्ष र पारबहन सन्धि ७ वर्षको निम्ति भएको थियो। र यसको म्याद त्यतिखेर पनि थप्न सकिन्थ्यो।

भारतीय बजारमा नेपाली औद्योगिक बस्तुले विशेष सुविधायुक्त भन्सार महशूलको छुट सहित प्रवेश पाउन पहिलेको ८० प्रतिशत नेपाली वा भारतीय कच्चा पदार्थले त्यस्तो बस्तु बनेको हुनु पर्ने प्रावधानलाई अहिले ५५ प्रतिशतमा झार्नुलाई नै "महान उपलव्धी" भन्ने हो भने पनि यो उपलव्धी कृष्णप्रसाद भट्टराईले नै हासिल गरीसक्नु भएको थियो। उहाँले नै ८० प्रतिशतको प्रावधानलाई ६५ प्रतिशतमा झार्नु भएको थियो। गिरिजाले त ६५ लाई ५५ प्रतिशतमा झार्नु भएको मात्र हो। तर यो नयाँ प्रावधानले पनि नेपाली बस्तुको भारतीय बजारमा प्रवेश गर्ने समस्यामा खासै फरक पार्ने स्थिति छैन। नेपाली औद्योगिक बस्तुको निर्यातको मूल-समस्या कच्चा पदार्थको प्रतिशत बढ्नु-घट्नुमा होइन, भारतीय बस्तुहरू नेपाली बजारमा बेरोकटोक प्रवेश गरे जस्तै भारतीय बजारमा बेरोकटोक प्रवेश गर्नमा नेपाली बस्तुलाई बन्देज रहनु नै हो। मूल समस्या भारत सरकारको स्वीकृति प्राप्त गरेपछि मात्र त्यसमा कति प्रतिशत कुन देशको कच्चा पदार्थ छ भनेर भारतले जाँचेपछि मात्र नेपाली वस्तुले भारतीय बजारमा प्रवेश गर्न पाउने स्थिति हो। त्यो स्थिति त अहिलेको ब्यापार-सन्धिमा पनि ज्यूँ का त्यूँ बाँकी छ। यो प्रावधानले नेपाली निर्यातकर्ता र निर्यातलाई धेरै नोक्सानी पुऱ्याएको छ र भारतीय नोकरशाहीको प्रशासनिक झन्झटमा पारेको छ। गिरिजाले ब्यापार-सन्धिमा ठोस उपलव्धी हासिल गर्ने हो भने यो बन्देज हटाउन सक्नु पर्दथ्यो। यो बन्देज हटाउने उपाय थियो, तर त्यस निम्ति कुनै पहल भएको देखिएन।

# गिरिजा सरकारले के गर्न सक्थ्यो?

भारतीय शासक वर्गले नेपाली बस्तुमा रहेको कच्चा पदार्थको प्रतिशत जाँच्ने प्रावधान राख्नुको मूल कारण नेपालमा त्यस्ता प्रकारका उद्योगहरूको अस्तित्व रहनु हो, जसले अन्य देशमा निर्मित बस्तुको जडान मात्र नेपालमा गर्दछन् (जस्तोः टि.भी., रेडियो, भिडियो, क्यासेट रिकर्डर आदि) अथवा बाह्य-बस्तुमा अलिकता आकार, रूप रंग फेरेर "नेपालमा बनेको" भनेर छाप मात्र लाउँछन् (जस्तोः स्टीलका भाँडा, जस्तापाता, वनस्पति घ्यू र तेल आदि)। भारतीय शासक-वर्गको मूल चिन्ता यी बस्तुहरू भारतीय बजारमा छिरेर भारतीय बस्तुलाई प्रतिस्पर्धामा पछार्लान् भन्ने हो। यसमा रोक लगाउन नै भारतले उपरोक्त प्रावधान राखेको हो। गिरिजा सरकारले यस्ता नाम मात्रका र सीमित संख्यामा रहेका नेपाली बस्तुलाई नकारात्मक सूची (Negative list) मा राखेर बाँकी सबै नेपालमा नै निर्मित अनेकौं बस्तुलाई चाहिं भारतीय बस्तुलाई नेपालमा जस्तै बेरोकटोक बजार-प्रवेशको छूटको माग गर्न सक्दथ्यो र यो अस्वीकार गर्न भारतलाई गाह्रो पर्थ्यो। यस्तो गरिएको भए, केही सीमित नाम मात्रका नेपाली बस्तुका नाममा नेपालका अनेकौं औद्योगिक बस्तुले उत्पीडन र झन्झट भोग्नु पर्ने थिएन। नकारात्मक सूचीमा परेका बाहेक अरू बस्तुले भारतीय बजारमा स्वतन्त्र प्रवेश गर्न सक्दथे, जसले नेपालको निर्यातलाई काफी बढाउँथ्यो। तर ती नाम मात्रका नेपाली बस्तुहरू उत्पादन गर्ने उद्योगका मालिकहरू नेपालका सबमन्दा ठूला एकाधिकार उद्योगपति भएको र तिनै उद्योगपतिहरू संभवतः नेपाली कांग्रेसका सवैभन्दा ठूला चन्दादाता र कमिशनदाता पनि भएकाले गिरिजाले चन्दा-स्वार्थ, र सत्ता-स्वार्थका कारणले त्यस्तो गर्ने आँट गर्न सक्नु भएन। अन्यथा नेपालका ब्यापारी र उद्योगपतिले लामो समयदेखि गर्दै आएको यो मागलाई व्यावहारिक रूप दिन सर कारलाई केले रोक्यो?

# ब्यापार-सम्झौतामा के के दोष र असमान शर्तहरू छन्?

भारत विश्वकै दशौं ठूलो औद्योगिक देश हो र नेपाल भर्खरै औद्योगिकीकरणतिर बामे सरिरहेको मुलुक हो। त्यसैले यी दुईका बीचमा बिलकूलै समान शर्तहरूमा ब्यापार-सन्धि भयो भने पनि त्यो सम्झौता सारमा र परिणाममा असमान नै हुनेछ। समान शर्तकै आधारमा पनि भारतीय व्यापारीले नेपालमा गर्न सक्ने निर्यात र नेपालका ब्यापारीले भारतमा गर्न सक्ने निर्यातको तुलना सिंहको अगाडि मुसा जस्तै हुनेछ। त्यसैले, समान शर्तकै आधारमा पनि नेपाल र भारतबीच समान फाइदाको सन्धि हुन सक्तैन। यस स्थितिमा समान फाइदाको लागि नेपालको हितमा ब्यापार-सन्धि गर्ने हो भने नेपालले पारस्परिक र समान शर्तका आधारमा होइन, अपारस्परिक र एकतर्फी रूपमा नेपालको निम्ति केही भन्सार महशूल र स्वतन्त्र बजार प्रवेश-सुविधाको माग गर्नु न्यायपूर्ण र जायज हुन्छ।

तर गिरिजा सरकारले जुन ब्यापार-सन्धि गरेको छ, त्यो त नेपालको फाइदाको निम्ति अपारस्परिक शर्तका आधारमा हुने त टाढैको कुरा रहयो, त्यो समानताको आधारमा पनि भएको छैन। ब्यापार-सन्धि असमान छ र त्यो भारतीय पूँजीपति वर्गको एकतर्फी फाइदाको पक्षमा छ।



**ब्यापार-सन्धि त नेपालको फाइदाको निम्ति अपारस्परिक शर्तका आधारमा हुने त टाढैको कुरा रहयो, त्यो समानताको आधारमा पनि भएको छैन। ब्यापार-सन्धि असमान छ र त्यो भारतीय पूँजीपति वर्गको एकतर्फी फाइदाको पक्षमा छ।**

यसको उल्लेखनीय असमानताको पक्ष, जुन माथि पनि केही उल्लेख भैसकेको छ कि - सन्धि अनुसार कुनै पनि भारतीय औद्योगिक बस्तुले नेपाली बजारमा प्रवेश गर्न कसैको अनुमति लिनु जरूरी छैन। त्यसले बेरोकटोक मात्र हैन परिमाणको बन्देज बिना नै पनि नेपाली बजारमा प्रवेश गर्ने छूट पाएको छ। तर नेपालको कुनै पनि औद्योगिक बस्तुले भारतीय बजारमा प्रवेश पाउन संवन्धित ब्यापारीले वा उद्योगपतिले राजदूतावासमार्फत भारत सर-कारमा विधिपूर्वक दरखास्त हाल्नु पर्छ। र त्यस्मा कति प्रतिशत कुन मुलुकको कच्चा पदार्थ र श्रम छ भनेर खुलाइएको सरकारी प्रमाण-पत्र पेश गर्नु पर्दछ। त्यो पेश गरेको ४ महिना सम्ममा भारत सरकारबाट अनुमति प्राप्त भयो भने मात्र नेपाली बस्तुले भारतीय बजारमा प्रवेश पाउँछ। यो ब्यापार-सन्धिको मूल दोष नै यही प्रावधान हो।

सन्धि मुताविक निर्यात गर्न खोजिएको नेपाली औद्योगिक बस्तुमा निहित कच्चा पदार्थ र श्रमको अनुपात भारत-सरकारले जाँच्ने प्रावधान छ। तर भारतका कुनै पनि बस्तुको त्यस्तो अनुपात जाँच्ने प्रावधान सन्धिमा छैन।

यो जग-जाहेर छ- भारतमा पनि तेस्रो देशका बस्तु वा कच्चा पदार्थले बन्ने उद्योगहरू अस्तित्वमा छन्।

कच्चा पदार्थको र श्रमको अनुपातका हिसावले नेपालका सबै औद्योगिक बस्तुलाई ब्यापार-सन्धिले तीन श्रेणीमा बाँडेको छ : (क) सामान्यतया : ८० प्रतिशतसम्म र छुट्टाछुट्टै आधारमा ५५ प्रतिशतसम्म नेपाली वा भारतीय बस्तुबाट बनेका औद्योगिक बस्तुहरू (ख) ८० प्रतिशत भन्दा कम र ४० प्रतिशत भन्दा माथि नेपालका कारखानामा मूल्य थप भएका बस्तुहरू (ग) ४० प्रतिशत भन्दा कम नेपाली बस्तुले बनेका वा श्रममूल्य थपिएका औद्योगिक बस्तुहरू। "क" श्रेणीका बस्तुलाई भारतीय बजारमा कुनै परिमाणात्मक बन्देज र आधार भूत एवं थप भन्सार महशूलबिना नै प्रवेश दिइने नीति छ। "ख" श्रेणीका बस्तुलाई अति सुविधा प्राप्त राष्ट्र (MFN) हरूलाई लाग्ने भन्सार महसुलको ५० प्रतिशत छूट दिने नीति छ। "ग" श्रेणीका बस्तुलाई अति सुविधा प्राप्त राष्ट्र सरह भन्सार महसूल लगाइने नीति छ। यसरी नेपालका औद्योगिक बस्तुहरू बर्गीकृत गरिएका छन्। बर्गीकरण मुताविक प्रत्येकलाई अलग अलग ब्यबहार दिइने प्रावधान छ। तर भारतका कुनै पनि बस्तुलाई वर्गीकृत गरिएको छैन र सवैलाई समान भन्सार सुविधा दिइएको छ।

ब्यापार-सन्धिको धारा ६ ले भारतमा निर्मित संपूर्ण औद्योगिक-बस्तुमा नेपालले विना-भेदभाव पूर्णरूपले वा आंशिक रूपले र अत्याधिक हदसम्म भन्सार महसूल एवं परिमाणात्मक बन्देज छूट दिने विशेष सुविधा दिइनु पर्ने कुरा उल्लेख गरेको छ। तर नेपालको हकमा यो र यस्तो सुविधा दिने कुनै प्रावधान सन्धिमा छैन।

ब्यापार-सन्धिको प्रोटोकलको धारा ६ ले भारतबाट नेपाल भित्रिने कुनै पनि भारतीय बस्तुमा नेपालले अतिरिक्त भन्सार महसूल लगाउन नपाउने प्रावधानको उल्लेख गरेको छ। तर त्यही प्रोटोकलको धारा ५ को उप-धारा २ र ३ ले भने नेपालका प्राथमिक बस्तु बाहेक अरूमा अतिरिक्त भन्सार महसूल लाग्ने कुरा बडो रकमी भाषामा उल्लेख गरेको छ।

भारतबाट नेपालमा भित्रिन सक्ने बस्तुको कुनै निश्चित किटान र संख्या निर्धारण सन्धिमा छैन। तिनीहरू, प्रतिवन्धित र अवैध व्यापारका बस्तु बाहेक, जे सुकै पनि हुन सक्छन् र जतिसुकै संख्यामा पनि हुन सक्छन्। तर नेपालका ९१थरी औद्योगिक बस्तुहरू मात्र भारतीय बजारमा प्रवेश गर्न सक्दछन् र २४ थरी बस्तुले मात्र स्वीकृतीबिना नै भारतीय बजारमा जाने सुविधा पाएका छन्।

## यो ब्यापार -सन्धिको परिणाम के हुनेछ?

यो ब्यापार-सन्धिले नेपाललाई भारतको एकलौटी, सवैभन्दा सुविधा प्राप्त नीजी-बजार मा परिणत गर्ने छ। नेपालको आवश्यकता अनुसार होइन, नेपालका भर्खरै बामे सरिरहेका उद्योगहरूको विकास र संरक्षणको आवश्यकता अनुसार पनि होइन, भारतीय पूँजीपतिको खुस



**प्रतिस्पर्धामा टिक्न नसकेर नेपालका कैयन् मझौला र साना उद्योगहरू धराशायी हुनेछन्।**

अनुसार नेपालमा भारतीय बस्तुहरू प्रवेश गर्नेछन्। यसको परिणामस्वरूप प्रतिस्पर्धामा टिक्न नसकेर नेपालका कैयन् मझौला र साना उद्योगहरू धराशायी हुनेछन्। भारतबाट नेपालमा बेरोकटोक बस्तुहरू ओइरिने तर नेपालबाट भारतमा नियन्त्रित रूपमा मात्र बस्तुहरू प्रवेश गर्न सक्ने स्थितिले गर्दा नेपालका उद्योगपतिहरूका निम्ति भारतीय बजारको पहुँच फेरि पनि फलामको च्यूरा सर ह हुनेछ। यसबाट व्यापार-असन्तुलन बढ्ने र नेपालको व्यापार-घाटामा ठूलो वृद्धि हुनेछ। भुक्तानी असन्तुलनको निकै ठूलो समस्या पनि पैदा हुनेछ र नेपाली मुद्राको फेरि पनि निकै ठूलो अनुपातमा अवमूल्यन गरीरहनु पर्ने स्थिति पैदा हुनेछ । नेपालमा केही दशक यता चलिरहेको ब्यापार-विविधिकरणको प्रक्रियाको ठाउँ अव ब्यापार-ध्रुवीकरणले लिन थाल्नेछ र यसले राजनीतिक ध्रुवीकरणतिर पनि नेपाललाई धकेल्न थाल्ने प्रचुर संभावना छ। नेपालका ग्राहकहरूका निम्ति बस्तु-छनौटको अवसर कम हुँदै जाने संभावना छ: मन परे पनि नपरे पनि, राम्रो भए पनि नभए पनि उनै भारतीय बस्तु छान्नु पर्ने स्थिति पैदा हुने संभावना छ।

## के नेपालले पारवहन-सन्धि गरीराख्नु जरूरी थियो?

भारतीय शासक वर्गले पारवहन अधिकार लाई मोलतोलको विषय बनाएर नेपालसित आफ्नो घट्दै गएको ब्यापार अनुपातलाई बढाउन भरमग्दूर प्रयत्न गर्दै आएको छ र यस पटक पनि यसले यस्तै गऱ्यो।

तर के नेपालले पारवहनका निम्ति छुट्टै सम्झौता गरीराख्नु ज़रूरी छ? विद्यमान अन्त-र्राष्ट्रिय सन्धि-सम्झौताहरूकै आधारमा नेपालले सन्धि नै नगरे पनि पारवहन अधिकार पाउन सम्भव छैन? यो प्रश्न टड्कारो रूपमा खडा भएको छ। १९८९ को आर्थिक नाकाबन्दी-ताक पारवहन-सम्झौता अस्तित्वमा थिएन र नेपाल-भारतको संवन्ध कटुतापूर्ण थियो। तथापि त्यतिखेर पनि समुद्रसम्म पुग्न भारतले नेपाललाई छेक्न सकेको थिएन, यद्यपि २ वटा मात्र नाका दिएर दुःख भने दिएको थियो।

बार्सिलोना संझौता, १९८२ को संयुक्त-राष्ट्र संघको समुद्र संबन्धी सम्मेलनले गरेको निर्णय र GATT (कर र ब्यापार सम्बन्धी सम्झौता) ले चारैतिर जमीनले घेरिएको मुलुकलाई सबैभन्दा नजीकको समुद्रसम्म बेरोकटोक जाने र समुद्र भएको मुलुकले उसलाई

सबभन्दा सुविधाजनक बाटो दिनु पर्ने कुरा सुनिश्चित गरेको छ। लेसोथो, स्विट्जरलैण्ड, लाओस लगायत थुप्रै भूपरिवेष्ठित मुलुकले यही संझौतामुताविक त्यो अधिकारको उपयोग गरीरहेछन्। नेपालले पनि भारतसित राम्रो समझदारी बनाएर त्यही अधिकार उपयोग गर्न सक्छ र त्यसका लागि कुनै मुलुकसित संझौता गरी राख्नु जरूरी छैन। यसलाई मोलतोलको विषय बनाएर अन्य ठूला र ाष्ट्रिय-हितहरूको तिलाञ्जली दिनु त अरू मूर्खतापूर्ण कार्यवाही मात्र हुने छ ।

यी सबै तथ्यहरूले के देखाएका छन् भने गिरिजाको भारत-भ्रमणले नेपालको मर्यादा र प्रतिष्ठा बढायो भन्नाका निम्ति कुनै बस्तु-सम्मत र नैतिक आधार नै छैन। जुन भ्रमणले राष्ट्रघाती संझौता देशमाथि थोपरेको छ: राष्ट्रिय हितहरूलाई, देशको राजनीतिक स्वतन्त्रता, प्रभूसत्तालाई खलल पुऱ्याउने परिणतिहरू ल्याएको छ। त्यो भ्रमणले कसरी नेपालको मर्यादा र प्रतिष्ठालाई बृद्धि गरेको हुन्छ? जुन भ्रमण आफैंले घोषित गरेको उद्देश्य बिपरीत कामहरूले भरिएको छ त्यो कसरी सफल हुन सक्छ? जुन भ्रमणले देशको उद्योग-ब्यापार फष्टाउनुको सट्टा देशको उद्योग धन्दाहरू नै चौपट पार्ने र देशलाई पराश्रित र अन्य मुलुकको बजार मात्र बनाउने नतिजाहरू ल्याएको छ त्यो कसरी र कसका लागि उपलब्धीपूर्ण हुन सक्छ? हो, छिमेकी देश भारतसित नेपालको सुसंबन्ध त हुनै पर्छ र चीसोपन त हट्नै पर्छ। तर त्यो नेपालको राजनीतिक स्वतन्त्रता र प्रभूसत्ताको मूल्यमा र कायरतावश भने कदापि होइन। त्यो नेपालको स्वतन्त्रता र प्रभूसत्तालाई सग्लो राखेर कायम हुनु पर्छ। तर गिरिजा कोइरालाले भने सुसंबन्धका लागि, असमझ-दारीको हिउँको ढीका फोड्नका लागि त्यही मूल्य खर्चनु भएको छ, जुन खर्चनु नै हुने थिएन।

नेपालको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतामा यति गंभीर असर पुऱ्याउने घटना घटीसकेको छ। यसमा सम्पूर्ण प्रतिपक्षको, विशेषतः देशको सबभन्दा सशक्त, जनमुखी र प्रगतिशील प्रतिपक्षको प्रतिक्रिया, भूमिका के हुनु पर्ने? सबैले गम्भीरतापूर्वक सोच्नु जरूरी छ।

**विश्व कम्यूनिष्ट गतिविधि**

# कुर्दिस्तान :

## जहाँ राष्ट्रियताको झण्डा बोक्ने कम्यूनिष्टहरू मात्र छन्

*- मुरारी अर्याल*



*आफ्नो अस्तित्वका लागि लडिरहेका कुर्द लडाकुहरू*

डिसेम्बर २५, १९९१ को दिन दिउसै लगभग पचास जना जति सशस्त्र लडाकाहरूले टर्कीको महत्वपूर्ण शहर इस्तानबुलको एउटा व्यस्त व्यापरिक क्षेत्रमा अवस्थित वाणिज्य-केन्द्रमा आक्रमण गरे। एउटा सात तले डिपार्टमेन्टल स्टोर, तीन वटा बैंकका शाखा तथा एउटा विमान कम्पनीको कार्यालय उक्त आक्रमणमा ध्वस्त भए, १४ जना तुर्की सैनिकहरू हताहत भए भने अन्य ३१ जना घाइते भए। टर्कीको सबभन्दा ठूलो शहरमा छापामारहरू-को दस्ताबाट भएको यो आक्रमण दशकौंमा पहिलो थियो। भोलिपल्ट सुलेमान डिमेलरको नेतृत्वमा रहेको टर्की सरकारको आपतकालीन बैठकले यस आक्रमणको निम्ति कुर्दिसहरूको PKK (Kurdish People's Party) लाई जिम्मेवार ठहऱ्याई त्यसको प्रतिकार गर्न पूर्वी तथा दक्षिणपूर्वी टर्कीमा लगभग ४ लाख सैनिकहरूलाई तत्काल "क" श्रेणीको सतर्कतासाथ कायम राख्ने निर्णय गऱ्यो।

कुर्दहरूबीच अस्तित्वमा रहेका चारवटा कम्यूनिष्ट पार्टीहरूमध्ये PKK सबभन्दा शक्तिशाली मानिन्छ। साम्राज्यवादी स्वार्थ अनुकूल कुर्दहरूलाई विभिन्न मुलुकहरूमा विभाजित गर्ने अन्तरराष्ट्रिय षडयन्त्रको फलस्वरूप यति बेला इरान, इराक, टर्की र ग्रिसमा कुर्दहरूलाई बिना राष्ट्रका नागरिक सरह छरेर राखिएको छ। टर्कीमा सबैभन्दा बढी कुर्दहरू छन र उनीहरू टर्कीको कूल जनसंख्याको एक चौथाई रहेको कुरा तथ्यांकले देखाउँछ। पोहोरसम्म माथिका चारै मुलुकहरूमा कुर्दहरूले आफ्नो मातृभाषा बोल्नुलाई सजाययोग्य अपराध मानिन्थ्यो।

PKK को जन्म सन् १९६८ मा भएको हो। मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचार धारालाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने PKK ले चारै मुलुकका प्रतिकृयावादी शासकहरू विरूद्ध १९७१ देखि राष्ट्रिय-मुक्ति युद्धको घोषणा गरेको छ। त्यो क्षेत्रको राज-नैतिक मानचित्रलाई पुनर्लेखन गर्दै स्वतन्त्र, सार्वभौम तथा नयाँ-जनवादी, समाजवादी कुर्दिस्तानको स्थापना गर्ने लक्ष्यसहित अगाडि बढेको PKK ले कुर्दहरूको राष्ट्रिय-मुक्ति तथा जातीय सम्मानको विषयमा कसैसँग संझौता नगर्ने र प्रतिकृयावादी अन्तरद्वन्दको अवस्थामा

आफ्नो संघर्षलाई अझ तेज पार्ने रणनीति अख्तियार गरेको छ। PKK केन्द्रिय कमाण्ड चारै मुलुकमा विभाजित कुर्दहरूको प्रतिनिधित्व गर्ने अर्थमा तयार भएको छ। मसुद वर्जानीको नेतृत्वमा रहेको इराकस्थित कुर्द प्रजातान्त्रिक पार्टी या जलाल-तालावानीको नेतृत्वमा रहेको रूस समर्थित कुर्द एकता-पार्टी या "कम्यूनिष्ट" नामधारी अन्य तीन पार्टीहरू, चारमध्ये कुनै एक मुलुकमा कृयाशील रहेका र प्रतिकृयावादी सत्ताको इशारामा एक अर्काको विरूद्ध चल्ने गरेका देखिन्छन् भने PKK लाई चारै मुलुकका प्रतिकृयावादीहरूले प्रहारको निशाना बनाएको पाइएको छ।

PKK ले डिसेम्वर २५, १९९१ को पहिलो शहरी आक्रमणपूर्व ग्रामिण इलाकाहरूलाई आफ्नोआधार-क्षेत्र बनाएको र ग्रामिण छापामार-युद्धको "प्रहार गर्ने र अलप हुने" नीति अख्तियार गरीआएको थियो। डिसेम्वर २८, १९९१ को दिन यूरोपका विभिन्न शहरहरूमा टर्की, इराक, ग्रिस तथा इरानका विभिन्न निकाय एवं ती देशका विमान कम्पनीका कार्यालयहरूमा रातो झण्डा सहित आक्रमण गरेयता अव PKK ले कुर्दहरूको राष्ट्रिय-मुक्ति आन्दोलनलाई नयाँ चरणमा प्रवेश गराएको मानिएको छ।

संसारमा यतिबेला ३ करोड कुर्दहरू भएको मानिन्छ। एक करोड बीस लाख कुर्दहरू टर्कीमा छन्। यसले गर्दा इस्तानबुलको पहिलो शहरी आक्रमणले विशेष सांकेतिक महत्व राख्दछ। यतिबेला कुर्द जनसंख्या भएका चारै मुलुकहरू आ-आफ्नाा अन्त-विरोधहरू बिर्सेर PKK संग जम्मा कति छापामारहरू छन र ती मध्ये कति जना चाहिं शहरी आक्रमणको निम्ति विशेष रूपले तालिम प्राप्त छन भनी संयुक्त रूपमा विचार-विमर्श गर्दैछन्।

इराकको सद्दाम हुसेनको सत्ताले खाडी-युद्धमा आफ्नो पराजयपछि कुर्दहरूविरूद्ध सैनिक कारवाही चलाउनको प्रमुख कारण PKK ले खाडी युद्धको समयमा समेत युद्ध-विराम गरेन भनेर हो भनिन्छ। सद्दामको सेनाले PKK का आधार-क्षेत्रहरूलाई मुख्य निशाना बनाएको र PKK को टर्कीस्थित आधार-क्षेत्रहरूमा इराकी सेनाले आक्रमण गर्दा पनि टर्कीले कुनै प्रतिकृया नजनाएको बताइन्छ। PKK लाई टर्कीले इराकले भन्दा पनि बढी शत्रु ठहर गरेको छ।

PKK ले आफ्नो पार्टी सदस्य संख्या लगभग ५ लाख भएको र पार्टीसंग संवद्ध जन-वर्गीय संगठनहरूमा कूल ३५ लाख कुर्दहरू आवद्ध भएको तथ्यांक केही समयअघि प्रकाशित गरेको छ। सवै किसिमको संशोधनवाद तथा दक्षिणपन्थी अवसरवादको विरूद्ध निरंतर सैद्धान्तिक एवं व्यवहारिक युद्ध संचालन गरी आएको PKK ले आफ्नो केन्द्रिय कमाण्ड अन्तर्गत सैन्य विभाग, विदेश बिभाग तथा प्रचार एवं संगठन विभाग गरी जम्माजम्मी ४ वटा मात्र विभाग कायम रहेको बताएको छ।

यतिबेला चारै मुलुकका कुर्द क्षेत्रहरूमा आपातकालीन स्थिति कायम गरिएको छ। कुर्दहरूलाई आफ्नो निवासस्थानबाट २५ किलोमिटर टाढाको क्षेत्रमा यात्रा गर्नु पर्दा विशेष यात्रा-आज्ञा (Visa) लिनुपर्ने अनिवार्यता कायम गरिएको छ र कुर्दहरूलाई अन्तरजातीय वैवाहिक संवन्ध कायम राख्न विशेष लोभ-लालच दिइँदैछ। इराकमा युद्धपछि सरकारको स्थिति कमजोर भएकोले यो परिस्थिति अलि खुकुलो भएतापनि अन्य तीन मुलुकहरूमा यो नीतिलाई कडाइकासाथ कार्यान्वियन गरिएको छ।

PKK को स्थापना यता कुर्द जातिले आफ्नो राष्ट्रिय पहिचान र आत्मसंमान कायम गर्न सफल भएका छन् । संवन्धित चार मुलुकहरूको निम्ति कुर्द राष्ट्रियताको विकास असैह्य हुने हुँदा "कम्युनिष्टहरूले राष्ट्रियताको कुरा गर्नु भनेको वाहियात हो" भन्ने स्तरको प्रचार चारै मुलुकका राष्ट्रिय प्रसारणहरूबाट विशेष महत्वका साथ एकसाथ अगाडि बढाइएको छ।

सोभियत सामाजिक साम्राज्यवाद समर्थक "कम्यूनिष्ट" हरूलाई स्थानीय प्रतिकृयावादले यस कार्यमा सफलतापूर्वक प्रयोग गरेको छ।

PKK को नेतृत्वमा कुर्द क्षेत्रहरूमा सोभियत सत्ता स्थापना पनि भएको छ। कुर्द-सोभियतहरूको संयुक्त कमाण्डले सेना परिचालन गर्ने जिम्मा र शत्रुको शहरी केन्द्रमा आफ्ना गतिविधिहरू संचालन गर्ने जिम्मा विदेश विभागले पाएको बताइन्छ।

यस अघि PKK ले टर्की सरकारलाई चार महिनासम्म एकतर्फी युद्धविरामको घोषणा गरी कुर्दहरूको आत्मनिर्णयको अधिकार बहाल गर्ने समय तोकेको थियो। ◆

---

१४ पेजको बाँकी

"उन्नत फड्को" पनि मार्ने छैन। यो कुरा यसको इतिहास, प्रवृत्ति र राजनैतिक-साँस्कृतिक स्तरलाई हेरेर भन्न सकिन्छ। अन्तरविरोधहरू टालटुल हुने तर हल नहुने हुनाले ती फेरि पछि कुनै पनि बेला कुनै पनि रूपमा उठ्न सक्ने छन्।

नेपाली कांग्रेस सामन्त, दलाल तथा नोकरशाह पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने र राजनैतिक पार्टी हो। महाधिवेशनले पार्टीको वर्ग चरित्रमा परिवर्तन ल्याउने होइन बरू यसले वर्ग-स्वार्थ पूरा गर्न सवल उपाय र अस्त्रहरूको खोजी गर्दछ। त्यसकारण पनि, ने.का. को यो महाधिवेशनले गत कालमा लिएका आधारभूत नीतिहरूमा कुनै परिवर्तन नगरी त्यसकै क्रियान्वयनमा जोड दिनेछ। थप, यसले पार्टीले पक्रिरहेको दक्षिणपन्थी दिशालाई निरन्तरता दिने काम नै गर्नेछ।

फेरि पनि राष्ट्रिय स्वाधीनताको जगेर्ना गर्ने, वास्तविक जन-तन्त्र स्थापना गर्ने र जनजीविकाको सुनिश्चितता गर्ने अभियानमा अघि बढ्ने जिम्मेवारी यहाँका आमूल परिव-र्तनवादी वामपन्थी शक्तिहरूकै काँधमा रहने छ।

उनीहरूका लागि ने.का. को यो महाधिवेशनमा चासोको प्रमुख विषय (अन्य छिटपुट कुरालाई छोडेर) कांग्रेस भित्रको चरम दक्षिणपन्थको स्थिति महाधिवेशनपछि कस्तो हुनेछ भन्ने नै हो। ने.का. भित्रको यो उग्र दक्षिणपन्थ हावी हुन नपाओस भन्ने चाहना उनीहरूमा रहनु अस्वाभाविक होइन। किनकि त्यो दक्षिणपन्थी प्रवृत्ति जनतालाई अधिकार-संपन्न गर्ने कार्यमा अर्को प्रवृत्तिभन्दा बढी बाधकको रूपमा उभिने छ। ◆

विशेष लेख

# माओ चेतुङका योगदानहरू र माओबाट हामीले सिक्नु पर्ने कुराहरू

- प्रो माणिकलाल श्रेष्ठ



प्रो माणिकलाल श्रेष्ठ

*विश्व सर्वहारा वर्गका महान् नेता तथा शिक्षक का. माओत्सेतुङ भौतिक रूपमा यो संसारमा नरहनु भएको पनि १५ वर्ष वितिसकेको छ। सर्वहारावर्गको रातो झण्डालाई उँचा पार्दै मानव-मुक्तिको दिशामा लम्किरहेका क्रान्तिकारी सिपाहीहरू र तमाम मुक्तिकामी जन-समुदायको निम्ति का. माओ अझै पनि प्रेरणाश्रोत रहिरहनु भएको छ र आउँदा दिनहरूमा पनि रहिरहनु हुनेछ। का. माओका बिश्लेषण, प्रयोग र निष्कर्षहरू विश्वको बदलिंदो र विश्व कम्यूनिष्ट आन्दोलनको वर्तमान सन्दर्भमा त झन् महत्वका हुन पुगेका छन् र त्यसको ओज र सार्थकता निकै बढेर गएको छ। उहाँले सामन्ती, पूँजीवादी, साम्राज्यवादी शक्तिहरू र मार्क्सवादको नाममा देखापरेका पूँजीवादी चिन्तन र व्यवहार बोकेका संशोधनवादीहरू जस्ता सबै खाले प्रतिगामी, क्रान्तिविरोधी, प्रतिक्रान्तिकारी र गलत तत्वहरू विरूद्ध जेहाद छेड्ने महासंग्राममा संसारभरका न्यायप्रेमी तथा श्रमजीवी जनता र सर्वहारा क्रान्तिकारीहरूको नेतृत्व मात्र प्रदान गर्नु भएन , कम्यूनिष्ट आन्दोलन भित्रका अधिभूतवादी चिन्तनले ग्रस्त जडसूत्रवादीहरू र उग्र शव्दाडम्वरवादी "क्रान्तिकारी" लफ्फावाजहरूसंग पनि डटेर मुकाविला गर्नु भयो। वास्तवमा का. माओको पूरै जीवन यान्त्रिकता र जडसूत्रवादको विरोध र "ठोस परिस्थितिको ठोस विश्लेषणमा" आधारित मार्क्सवादी पद्धतिको दृष्टान्त हो। कम्यूनिष्ट क्रान्तिकारीहरूले का. माओको सिङगो जीवनबाट नै सिक्नु पर्ने र सिक्न सक्ने थुप्रै कुराहरू छन्। यसै सन्दर्भमा प्रा. माणिकलाल श्रेष्ठद्वारा लिखित यो लेख यहाँ प्रस्तुत गरिएको छ।*



चिनियाँ जनताका महान नेता तथा विश्व-मजदूर वर्गीय आन्दोलनका महान गुरू का. माओ चेतुङको निधन भएको पन्ध्र वर्ष चानचुन समय बितिसक्यो। यस अवधिमा विश्वमा ठूला ठूला उथल-पुथल भए, तथा विश्व-मजदूर वर्गीय आन्दोलनमा पनि केही समस्या देखा परे। केही समाजवादी देशहरूमा समाजवादी व्यवस्था हटे। यस स्थितिमा विश्व-मजदूर वर्गीय आन्दोलन र समाजवादी आन्दोलनमा का. माओ चेतुङको योगदानको मुख्य सार के हो राम्ररी बुझ्नु जरूरी भएको छ। खासगरी हाम्रो देश नेपालको कम्यूनिष्ट आन्दोलन विभिन्न समूहमा विभाजित भएको र तीमध्ये कसैले माओ चेतुङको सकारात्मक कार्यबाट शिक्षा लिनु पर्ने मात्र आवश्यकता देखेको, कसैले माओ चेतुङ विचारधारालाई ठोस सत्य (Concrete Truth) मानेर ती अनुभवहरू हाम्रो आन्दोलनमा प्रयोग गर्नु पर्ने कुरामा जोड दिएको, कसैले यसलाई ठोस सत्य (Concrete Truth) मात्र होइन, सामान्य सत्य (General Truth) पनि भएको हुनाले माओ विचारधारालाई नेपाली कम्यूनिष्ट आन्दोलनको पथ-प्रदर्शक सिद्धान्त मान्नु पर्ने विचार व्यक्त गरेको र फेरि कसैले माओको विचार र दर्शनलाई "माओवाद" मानेर माओवाद हाम्रो आन्दोलनको पथ-प्रदर्शक सिद्धान्तको रूपमा स्वीकार गर्नु पर्छ भन्ने पनि विचार गरेको देखिएकोले पनि आज माओ चेतुङको योगदान र माओ विचारको महत्वबारे विश्लेषण गर्नु आवश्यक भएको हो।

माओ चेतुङका कार्यहरूमध्ये सवैभन्दा मुख्य के हो भनी विचार गर्दा निश्चय पनि के कुरा सबभन्दा अगाडि आउँछ भने माओ चेतुङ चिनियाँ कम्यूनिष्ट पार्टी, चिनियाँ जनसेना र चिनियाँ जनगणतन्त्रका संस्थापक, नेता तथा पथप्रदर्शक हुनुहुन्थ्यो। माओ चेतुङले चिनियाँ कम्यूनिष्ट पार्टीको स्थापना गर्नु भएको मात्र होइन, स्थापना कालदेखिनै पार्टी भित्र निरन्तर दक्षिणपन्थी तथा "वामपन्थी" अवसरवादी कार्यदिशाको विरूद्ध लामो, तीव्र र जटील संघर्ष चलाईरहनु भएको थियो र चिनियाँ क्रान्तिका विभिन्न चरणमा यो संघर्ष जारी राखेर उहाँको जीवन-कालभरि नै अवसरवादी कार्यदिशाहरू र प्रतिक्रान्तिकारी संशोधनवादी कार्यदिशाहरूलाई परास्त गर्न उहाँ सफल हुनु भयो।

अर्को कुरा, हाम्रो देशमा र अरू पनि कैयौं देशहरूमा नयाँ जनवाद र नयाँ जनवादी क्रान्तिको आश्यकताको कुरा गर्ने र नयाँ जनवादसित माओ चेतुङको नाम गाँस्ने गरेको सुनिन्छ। नयाँ जनवादलाई शव्दको रूपमा, नाराको रूपमा मात्र नलिई सारको रूपमा विचार गर्ने हो भने पूँजीवादी क्रान्तिको अभिभारापूरा भई नसकेको समाजमा मजदूर वर्गीय पार्टीले शासन-सत्ता कब्जा गरेपछि समाजवादको निर्माण गर्नु भन्दा पहिले मजदूर वर्गीय पार्टीले आफ्नै नेतृत्वमा पूँजीवादी क्रान्ति पूरा गर्नु नै नयाँ जनवादी क्रान्ति हो। पूँजीवादको विकास पूरा भई सकेको छैन, समाजवादतिर संक्रमण

गर्न सकिंदैन भनेर "अहिलेलाई पूँजीवादी क्रान्ति गर्ने काम पूँजीवादी पार्टीलाई छोडौं, त्यसपछि मात्र जनवादी क्रान्तिको कुरा गरौं" भनी कम्यूनिष्टहरू चूप लागेर बस्नु कि त मूर्खता हो कि अकर्मण्यता हो। त्यसकारण कम्यूनिष्ट आन्दोलन अगाडि बढेर मजदूर-वर्गीय पार्टीले शासन सत्ता कब्जा गरेपछि समाजवादी क्रान्तिको चरणभन्दा पहिले कम्यूनिष्ट (वा मजदूर वर्गीय) पार्टीको नेतृत्वमा पूँजीवादी क्रान्तिको अभिभारा पूरा गर्ने अवधि "जनतान्त्रिक जनवाद" (People's democracy) को धारणा का. स्तालिनका लेखहरूमा पनि देखिन्छ। चीनको खास परिस्थितिमा पिपल्स डेमोक्रासीको प्रयोग नयाँ जनवाद हो। पश्चिमी पूँजीवादी देशहरूको जनतन्त्र (democracy) भन्दा भिन्न नयाँ किसिमको प्रजातन्त्र भएकोले यसलाई नयाँ प्रजातन्त्र (वा नयाँ जनवाद) भनिन्छ। नयाँ जनवाद पिपल्स् डेमोक्रासीको एउटा प्रकार हो। चीनको नयाँ जनवादी क्रान्तिको अवधिमा माओ चेतुङले मार्क्सवाद-लेनिनवादका सर्वव्यापी सत्य अनुरूप नै तथा मार्क्सवाद-लेनिनवादलाई चिनियाँ क्रान्तिको ठोस व्यवहार सित जोडेर नयाँ जनवादी क्रान्तिको कार्यदिशा र नीति प्रस्तुत गर्नु भयो।

विकसित पूँजीवादी देशमा सर्वहारा वर्गको पार्टीले शासन-सत्ता कब्जा गरेपछि सोझै समाजवादको निर्माणतर्फ लाग्दछ। उदाहरण-का लागि अमेरिका, फ्रान्स वा पश्चिमी जर्मनीमा सर्वहारा आन्दोलनको विजय भएमा उत्पादन-साधनको स्वामित्व पूँजीपति वर्गको हातबाट सर्वहारा वर्गले लिए पुग्छ, सोझै समाजवादको निर्माण शुरू हुन्छ, त्यहाँ नयाँ जनवादको प्रसंग नै उठ्दैन। पिपल्स डेमोक्रासीकै चरण पार गर्नु पर्ने देशहरूकै बारे पनि एक देश र अर्को देशको ठोस परि-स्थिति फरक हुन्छ। चीनको नयाँ जनवादबाट धेरै कुरा सिक्न सकिन्छ, तर त्यही हूबहू लागू गर्न सकिंदैन।

पिपल्स् डेमोक्रासीको चरण पार गरेर मात्र समाजवादको निर्माणतिर लागेका देशहरू कोरिया, चीन, भियतनाम, क्युबाकै अनुभवहरूलाई नेपालको सन्दर्भमा विचार

## माओको जीवनका केही महत्वपूर्ण वर्षहरू

- सन १८९३, २६ डिसेम्बर – जन्म। हुनान प्रान्तको शाओशान गाउँमा।
- १९१७ – हुनानको चाङशामा "नौलो जन-अध्ययन समाज" को स्थापना गर्नु भयो। यतिखेरसम्म उहाँ सैन्यवाद, सामन्तवाद र साम्राज्यवादको विरोधीसम्म मात्र हुनुहुन्थ्यो, मार्क्सवादी भैसक्नु भएको थिएन।
- १९१८ – पेकिङ्ग विश्वविद्यालयमा पुस्तकालयमा सहायक पुस्तकालय-अधिकारीको रूपमा कार्यरत।
- १९१९ – ४ मे आन्दोलनमा सक्रिय सहभागी। "स्याङ नदी समीक्षा" भन्ने पत्रिकाको संपादन।
- १९२० – उहाँ मार्क्सवादी बन्नु भयो। हुनानमा "मार्क्सवादी अध्ययन समाज" र "समाजवादी युवा लिग" गठन गर्नु भयो।
- १९२१ – १ जुलाइमा स्थापित चिनियाँ कम्यूनिष्ट पार्टीका १२ जना संस्थापक मध्ये एक।
- १९२३ – चि.क.पा. तेस्रो महाधिवेशनमा केन्द्रिय समिति र पोलिटब्यूरोमा निर्वाचित।
- १९२४ – पार्टीको नीतिअनुरूप कोमिन्ताङ्गको पहिलो राष्ट्रिय महाधिवेशनमा सहभागी। १९२६-२७ मा फुट नहुन्जेल कोमिन्ताङ्गमा पनि कार्यरत।
- १९२६ – "चिनियाँ समाजमा वर्गहरूको विश्लेषण" भन्ने महवपूर्ण रचना तयार गर्नु भयो।
- १९२७ – सशस्त्र विद्रोहमा सक्रिय सहभागी, विद्रोह असफल। छन त स्यूको समर्पणवादी दक्षिणपन्थी अवसरवादी नीति र चु चु पाइको वामपन्थी अवसरवादी नीतिको विरूद्ध संघर्ष।
  – चिङ्गकाङ्गसाङ जानु भयो। पहिलो "सोभियत सत्ता" को स्थापना।
- १९२८ – पार्टी छैठौं महाधिवेशनबाट पुनः के.स.मा छानिनु भयो। यसभन्दा अघि पाचौं महाधिवेशनमा उहाँलाई के.स.बाट हटाइएको थियो।
- १९३० – प्रमुख शहरहरूमा विद्रोह गरेर सत्ता कब्जा गर्ने लि लि सान को "वामपन्थी" अवसर वादी नीतिविरूद्ध संघर्ष।
- १९३२ – चिनियाँ सोभियतहरूको पहिलो केन्द्रिय सरकारको स्थापना र का. माओ त्यसको अध्यक्ष।
- १९३४ – विश्व प्रशिद्ध "लामो-अभियान" को नेतृत्व।
- १९३५ – चुन्यी वैठकले पार्टीको सैनिक र राजनैतिक सर्वोच्च कमान क. माओलाई सुम्पियो।
- १९३७-४५ – जापान विरोधी प्रतिरोध युद्धमा संयुक्त-मोर्चा निर्माण र त्यसलाई दिशा-वोध। जापान परास्त।
- १९४६-४९ – गृहयुद्धमा क्रान्तिको नेतृत्व।
- १९४९ – १ अक्टोवरमा जनवादी गणतन्त्र चीन स्थापनाको घोषणा। जन-सरकारको अध्यक्ष। मास्को-भ्रमण। स्टालिनसंग भेट।
- १९५४ – राष्ट्रपति पदमा निर्वाचित।
- १९५६ – अर्थतन्त्रको समाजवादी रूपान्तरण पूरा। यो नीतिका विरोधी लि शाओ चिहरूसंग संघर्ष। "सयौं फूलहरू फुल्न देऊ" नीतिको सूत्रपात।
- १९५७ – विभिन्न कम्युनिष्ट पार्टीहरूको सम्मलेनमा भाग लिन मस्को भ्रमण।
- १९५८ – "महान फड्को" अभियान संचालन। लि शाओ चि, पेङ-तेहुई आदिद्वारा विरोध। १९५६ देखि नै रूसी संशोधनवादको दिशाप्रति भित्रिया रूपमा असहमत र चनाखो। पछि सार्वजनिक रूपमा रूसी संशोधनवाद विरूद्ध "महान बहस" को शुरूआत। क्रान्तिकारीहरूको नेतृत्व।
- १९६५ – नोभेम्वरमा माओको प्रत्यक्ष नेतृत्व र निर्देशनमा सांस्कृतिक क्रान्तिको शुरूवात।
- १९६९ – लिन प्याओलाई उत्तराधिकारी घोषणा। लिन प्याओको षडयन्त्रको पोल खुलिसकेको अवस्थामा १९७१मा निजको मृत्यु।
- १९७३ – पुनः पार्टी अध्यक्षमा निर्वाचित।
- १९७५ – डिसेम्वरमा साँस्कृतिक क्रान्तिको अन्त्यको घोषणा।
- १९७६ – ९ सेप्टेम्वरमा ८२ वर्षको उमेरमा मृत्यु।

गरी हेर्दा कोरिया, क्युबा र भियतनाम क्रमशः जापान, स्पेन र फ्रान्सको उपनिवेशबाट मुक्त भएका देश हुन्, र औपनिवेशिक समाजवाट जनवाद र समाजवादका क्रान्तिका चरणहरूमा पुगेका हुन् । तर हाम्रो देश नेपाल सोझै उपनिवेश होइन, पहिले वृटिश साम्राज्यवादको र पछि भारतीय विस्तारवादको अर्ध-औपनिवेशिक नियन्त्रण भएको देश हो। हाम्रो अभिभारा अर्ध-सामन्ती अर्ध-औपनिवेशिक अर्थतन्त्रलाई हटाई जनवाद र समाजवादको निर्माण गर्ने हो। चीनमा का. माओ चेतुङले अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक स्थितिबाट मुक्त गरी सर्वहारा पार्टीको नेतृत्वमा पूँजीवादी क्रान्ति र अनि समाजवादी क्रान्ति पूरा गर्नु भएको हो। हाम्रो देशको स्थिति चीनको स्थितिसित धेरै मिल्दछ। यसकारण, नयाँ जनवादी क्रान्ति हाम्रो देशको लागि उपयुक्त र अनिवार्य छ।

चीनमा नयाँ जनवादी क्रान्तिको अवधिमा का. माओ चेतुङले दीर्घकालीन जनयुद्धलाई प्रयोग गरी साम्राज्यवाद, सामन्तवाद र नोकर शाही पूँजीवादलाई परास्त गर्न चीनको पार्टी, सेना र जनताको नेतृत्व गर्नु भयो र नयाँ जनवादी क्रान्तिको महान विजय प्राप्त गरी जन-गणतन्त्र चीनको स्थापना गर्नु भयो।

चीनको वस्तुगत परिस्थिति हेरी उहाँले प्रतिपादन गर्नु भएको यो दीर्घकालीन जनयुद्ध जन-सेना स्थापना गरी मुक्त आधार-क्षेत्र खडा गरेर त्यसबाट बढ्दै जाने र ग्रामीण क्षेत्रहरू मुक्त पार्दै शहर घेरामा पार्ने कार्यदिशा थियो। ग्रामीण क्षेत्रमा क्रान्तिकारी मुक्त-इलाकाहरू तयार पारेर शोषक-शासक वर्गको अखाडा शहरलाई घेरामा पार्ने यो बाटो प्रतिक्रियावादी वर्गलाई परास्त गर्ने सही सैनिक रणनीति साबित भयो। चीनको परिस्थितिमा तयार गरिएको भएता पनि यो सैनिक कार्यदिशा तेस्रो विश्वका धेरै देशको निम्ति पनि उपयुक्त देखियो। का. माओ चेतुङको यो सैनिक कार्यदिशा विश्व मजदूर वर्गीय मुक्ति आन्दोलनमा एक उज्ज्वल रणनीतिक योगदान र मार्क्सवादी रणनीतिमा एक महत्त्वपूर्ण निधि बनेको छ। चिनियाँ जन-क्रान्तिको विजय माओ चेतुङको सैनिक कार्यदिशाको विजय हो।

# माओका केही महत्वपूर्ण उद्‌गारहरू



जडसूत्रवाद र अनुभववाद दुवै नै विपरीत ध्रुवबाट पैदा हुने मनोगतवाद हुन्। तैपनि, यी दुई थरीका मनोगतवाद मध्ये जडसूत्रवाद अझै पनि हाम्रो पार्टीको निम्ति मुख्य खतरा हो। यसको कारण के भने, जडसूत्रवादीहरूले तिनको सक्कली रूप सजिलैसित देख्न नसक्ने मजदूरवर्ग र किसान श्रोतका काडरहरूमाथि धाक जमाउन, तिनलाई आफ्नो वशमा राख्न र पिछलग्गू बनाउनको लागि सजिलोसित मार्क्सवादको मुकुण्डो लाउन सक्छन्; तिनले सिधासाधा नौजवानहरूमाथि पनि धाक जमाउन र तिनलाई आफ्नो जालमा फसाउन सक्छन्। हामीले जडसूत्रवादमाथि विजय प्राप्त गर्न सक्यौं भने किताबी ज्ञान आर्जन गरेका काडरहरू स्वेच्छापूर्वक अनुभवी काडरहरूसित सामेल हुनेछन् र व्यावहारिक कुराहरूको अध्ययनतर्फ लाग्नेछन् र त्यसपछि सिद्धान्त र व्यवहारको सामञ्जस्य गराउने थुप्रै असल कडरहरू र केही सिद्धान्तहरूको उदय हुनेछ। हामीले जडसूत्रवादमाथि बिजय प्राप्त गऱ्यौं भने व्यवहारिक अनुभव आर्जन गरेका कामरेडहरूले आफ्नो अनुभवलाई सिद्धान्तको स्तरसम्म उकास्न आफूलाई मद्दत गर्ने र यसरी तिनका अनुभववादी गल्तिहरूबाट बचाउने असल गुरूहरू पाउनेछन्।

*-पार्टीको कार्यशैलीमा सुधार, चुनिएका रचनाहरू भाग २ (नेपाली, २०४१), पृ.३३*

हाम्रा कामरेडहरूले के कुरा बुझ्नै पर्छ भने हामी मार्क्सवाद लेनिनवादको अध्ययन अरूलाई देखाउनको निमित्त गर्दैनौं, न त त्यसमा कुनै रहस्य भएको हुनाले नै गर्दछौं। यसको अध्ययन गर्नाको एक मात्र कारण के भने यो त्यस्तो विज्ञान हो जसले सर्वहारावर्गको क्रान्तिकारी उद्देश्यलाई विजयतर्फ डोऱ्याउँछ। अझै त्यस्ता मानिसहरूको संख्या कम छैन जसले मार्क्सवादी लेनिनवादी ग्रन्थहरूका एकाध फाटफुटे उद्धरणहरूलाई त्यस्तो रामवाण ठान्छन् जसलाई एकचोटी हातपार्ना साथै सारा रोग-हरूलाई सजिलै निको पार्न सकिन्छ। यी मानिसहरूले वाल सुलभ अज्ञानता झल्काउँछन् र हामीले यिनलाई संझाउनु पर्छ। ठीक यस्तै अनभिज्ञ मानिसहरूले नै मार्क्सवादलाई धार्मिक मन्त्र ठान्ने गर्छन्। यी मानिसहरूलाई हामीले ठाडै भनिदिनु पर्छ, "तिमीहरूको मन्त्र बेकारको छ।" मार्क्स, एंगेल्स, लेनिन र स्टालिनले वारंवार के भन्नु भएको छ भने हाम्रो सिद्धान्त जडसूत्र होइन तर कार्यको मार्गदर्शक हो। तर यी मानिसहरू यो सबभन्दा महान् साँच्चि नै असीमित महत्वको कथनलाई विर्सीदिन्छन्।

*- पार्टीको कार्यशैलीमा सुधार, चुनिएका रचनाहरू भाग २ (नेपाली, २०४१) पृ. ३४।*

यदि कामरेडहरूले भौतिकवाद र द्वन्दवादको पहिल्यै ज्ञान राख्नुं हुन्छ भने, म तपाईहरूलाई, तिनका विपरीतहरू अर्थात आदर्शवाद र अधिभूतवादको केही अध्ययन गरेर आफ्नो ज्ञानलाई सम्वृद्ध (Supplement) पार्न सल्लाह दिन चाहन्छु। तपाईहरूले कान्ट, हेगेल, कंफयूसियस र च्याङकाइसेक जुन सबै नकारात्मक चीजहरू हुन् - को अध्ययन गर्नु पर्छ। यदि तपाईलाई आदर्शवाद र अधिभूतवाद बारे केही थाहा छैन भने, यदि तपाईले त्यसको विरूद्ध कहिल्यै कुनै संघर्ष चलाउनु भएको छैन भने, तपाईको भौतिकवाद र द्वन्दवाद ठोस हुने छैन। हाम्रा केही पार्टी सदस्यहरू र बुद्धिजीवीहरूमा रहेको कमजोरी ठीक यही हो कि उनीहरूमा नकारात्मक चीजहरूको बारेमा साह्रै कम ज्ञान छ। मार्क्सका केही पुस्तकहरू पढेकाले उनीहरू खालि त्यसमा भएका कुराहरू दोहोऱ्याउछन र यो बढी नीरस लाग्दो हुन्छ। उनीहरूका भाषण र लेखहरू चित्तबुझ्दो हुँदैनन्। यदि तपाईं नका-रात्मक चीजहरूको अध्ययन गर्नु

**बाँकी पृष्ठ २६ मा**

अध्यक्ष माओ चेतुङको नेतृत्वमा चिनियाँ जन-क्रान्तिको विजयले पूर्वको परिस्थिति र विश्वको परिस्थिति बदलिदियो र उत्पीडित राष्ट्रहरू र उत्पीडित जनताको मुक्तिको यात्रामा नयाँ बाटो देखायो। का. माओको योगदान नयाँ जनवादी क्रान्तिमै मात्र वा नयाँ जनवादको बाटो देखाउनमा मात्र सीमित भएको भए उहाँको महत्व चीन तथा अरू केही औपनिवेशिक र अर्ध-औपनिवेशिक देशरूका जनताको संघर्षमा मात्र बढी केन्द्रित हुन्थ्यो। तर समाजवादी क्रान्तिको क्रममा पनि उहाँको अद्वितीय योगदान छ।

चीनको समाजवादी क्रान्तिको अवधिमा का. माओ चेतुङले विश्व कम्यूनिष्ट आन्दोलनका सकारात्मक र नकारात्मक अनुभवको वृहद रूपले सार खिचेर समाजवादी समाजको वर्ग सम्बन्धको स्पष्ट विश्लेषण गर्नु भयो र उत्पादन-साधनको समाजवादी रूपान्तरण पूरा भईसकेपछि बुर्जुवा वर्ग कम्यूनिष्ट पार्टीभित्र नै घुस्न पुग्दछन् र त्यसकारण सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति चालू-राख्नु पर्ने महान सत्यको सिद्धान्त प्रतिपादन गर्नु भयो। चीनको महान सर्वहारा साँस्कृतिक क्रान्ति उहाँको यही क्रान्तिको निरन्तरताको सिद्धान्तको मूर्त रूप थियो। चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति सफल हुन सक्नु वा नसक्नु अर्कै कुरा हो, तर त्यसको महत्व, पार्टी भित्रको अन्तर संघर्षको महत्व, पार्टी र आन्दोलनभित्र दक्षिणपन्थी विचलनको विरूद्ध तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय मजदूर वर्गीय आन्दोलनभित्र अटूट र अडिग संघर्षको आवश्यकताको महान सत्य यसले औंल्याएको थियो।

मार्क्सवाद-लेनिनवादको विचारधारात्मक पक्षको विकासमा का. माओ चेतुङको योगदानबारे संक्षिप्तमा भन्ने हो भने उहाँले अन्तर्राष्ट्रिय कम्यूनिष्ट आन्दोलनको क्रान्तिकारी व्यवहारको सार खिच्नु भएर कैयौं वैज्ञानिक थेसिस प्रस्तुत गर्नु भई मार्क्सवादको सैद्धान्तिक निधि समृद्ध पार्न योगदान दिनु भयो र जनताको क्रान्तिकारी संघर्षको लागि दिशावोध दिनु भयो। उहाँले अन्तर्राष्ट्रिय कम्यूनिष्ट आन्दोलनमा देखा परेको ख्रुश्चोभवादी आधुनिक

# ९९औं माओ जयन्ती



गत पुस ११ गते (२६ डिसेम्वर), विश्व कम्यूनिष्ट आन्दोलनका महान नेता कामरेड माओ त्से तुङ्गको ९९औं जन्म जयनति नेपालका विभिन्न वामपन्थी पार्टीहरूद्वारा जुलूस प्रर्दन तथा आमसभा गरी मनाइयो।

यस उपलक्ष्यमा नेपाल कम्यूनिष्ट पार्टी (एकता केन्द्र) द्वारा काठमाण्डौंको शहीद मंचमा गरिएको एक आमसभामा निर्मल लामा र सी.पी. गजुरेलले सम्वोधन गर्नु भयो।

त्यस्तै गरी ने.क.पा. (मसाल) को आयोजनामा भएको एक जुलूस नगर परिक्रमा गरी काठमाण्डौको सुन्धारामा आभसभामा परिणत भयो। उक्त आमसभामा दीनानाथ शर्माले सम्वोधन गर्नु भयो।

ने.क.पा. (एमाले) द्वारा पाटनको पुल्चोक क्याम्पसमा सभा गरिएको थियो। सो सभालाई झलनाथ खनाल, सिद्धिलाल सिंह तथा अमृत कुमार वोहराले सम्वोधन गर्नु भयो।

ने.क.पा. (मालेमा) द्वारा आयोजित सभालाई निरञ्जन गोविन्द वैद्य, दीनानाथ शर्मा, सीताराम तामाङ्ग, माधव ज्ञवाली, एन.के. प्रसाई, जगदीश चन्द्र भण्डारी, रामचन्द्र भट्टराई तथा राम बहादुर श्रेष्ठले सम्वोधन गर्नु भएको थियो।

त्यस्तै गरी नेपाल किसान पार्टीले पनि आशाकाजी वासुकलाको सभापत्विमा चण्डेश्वरी, चासुखेल, भक्तपुरमा आयोजना गरेको माओ दिवसमा ने.म.कि. पार्टीका नेताहरू ध्रुव ढकाल, हर्ष बहादुर शाही तथा ज्ञानबहादुर न्याईच्याईका साथै हिमालेश्वर मूल र विश्वबहादुर दुवालले क. माओको जीवनी र कार्यवारे बोल्नु भएको थियो।

**२५ पेजको बाँकी .......**

हुन्न भने तीनलाई इन्कार गर्न सक्षम हुन सक्नु हुन्न। न त मार्क्स न त एंगेल्स र लेनिन नै त्यस्तो हुनुहुन्थ्यो। उहाँहरूले भूतको र तत्कालीन समयको सवै खाले चीजहरूको अध्ययन गर्न र सिक्न महान् प्रयत्न गर्नु भयो र अरूलाई पनि त्यसै गर्न सिकाउनु भयो।

*-पार्टी कमिटीका सेक्रेटरीहरूको सम्मेलनमा भाषण, चु. र. भाग ५ (अंग्रेजी १९७७) पृ.३६७*

मार्क्सवाद वैज्ञानिक सत्य हो र आलोचनादेखि डराउँदैन। यदि यो आलोचनाबाट डरायो भने, र यदि यो आलोचनाबाट फयाँकिन सकिने थियो भने यो कुनै कामको हुने थिएन।

*-जनतामाझ अन्तर्विरोधहरूको सही सञ्चालनबारे, चु.र. भाग ५ (अंग्रेजी १९७७) पृ. ४१०।*

जडसूत्रवाद र संशोधनवाद दुवै मार्क्सवादको विरोधमा जान्छन्। मार्क्सवाद अनिवार्यतः अगाडि बढ्नै पर्छ, यो स्थिर बसिरहन सक्दैन र व्यवहारसंगसँगै यसले विकास गर्नै पर्छ। यदि गतिहीन (stagnant) र यन्त्रवत (stereotyps) भएको भए यो निर्जीव हुने थियो। तथापि मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई कहिल्यै भत्काइनु हुँदैन, अन्यथा गल्तिहरू गरिने छन्। मार्क्सवादलाई अधिभूतवादी दृष्टिविन्दुवाट लिनु र त्यसलाई त्यस्तो कुनै जड (rigid) चीज ठान्नु जडसुत्रवाद हो। मार्क्सवादको आधारभूत सिद्धान्तलाई नमान्नु र यसको सार्वभौम सत्यलाई नमान्नु संशोधनवाद हो। संशोधनवाद एक प्रकारको वुर्जुवा बिचारघारा हो।

*- माओ, चु.र. भाग ५ (अंग्रेजी, पेकिङ, १९७७) पृ. ४३४*

संशोधनवाद विरूद्ध संघर्षको थालनी गर्नु भयो र यस प्रकार विश्व सर्वहारा आन्दोलन तथा साम्राज्यवाद विरोधी जन संघर्षहरूलाई ठूलो योगदान दिनु भयो।

आधा-शताव्दीमन्दा लामो संघर्ष अवधिमरी नै का. माओ चेतुङले चिनियाँ क्रान्तिमा र विश्व कम्यूनिष्ट आन्दोलनमा विभिन्न गलत प्रवाहको विरूद्ध अथक संघर्ष गर्दै मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक शुद्धताको रक्षाको लागि संघर्षमा विश्वभरीका क्रान्तिकारीहरूको लागि बाटो देखाउनु भयो। "परिस्थिति सुहाउने गरी परिवर्तन गर्ने" नाममा मार्क्सवाद-लेनिनवादको मूलभूत सिद्धान्त नै बदल्ने संशोधनवादी विचलन र "सैद्धान्तिक दृढता" को नाममा सिर्जनात्मकता नै त्याग्ने अन्ध-सिद्धान्तवादी (dogmatic) गलत प्रवृत्ति दुवैका विरूद्ध सम्झौताहीन संघर्ष गर्नु भएर का. माओले निरन्तर मार्क्सवाद-लेनिनवादको रक्षा गर्नु भयो।

का. माओ चेतुङको क्रान्तिकारी क्रियाकलापको योगदानको संक्षेपमा वर्णन माओको निधनमा कोरियाली जनताका महान नेता का. किम इल सुङले दिनु भएको समवेदना-श्रद्धाञ्जली सन्देशमा झल्किन्छ। का. किम इल सुङले भन्नु भएको थियो :-

"का. माओले नगरेको भए चिनियाँ जन-गणतन्त्रको अस्तित्व हुने थिएन, उहाँले नगरेको भए विश्व-कम्यूनिष्ट आन्दोलनमा र चिनियाँ कम्यूनिष्ट आन्दोलनमा संशोधनवाद-विरूद्ध संघर्ष शक्तिशाली हुने थिएन, उहाँले नगरेको भए महान चिनियाँ पार्टीको नेतृत्व नै संशोधनवादीहरूले हत्याइसक्ने थिए।" निश्चय पनि स्वदेश र विदेशका वर्ग-शत्रु विरूद्ध, पार्टीभित्र र बाहिरका प्रतिक्रान्तिकारी तत्व विरूद्ध लामो संघर्षको क्रममा माओ चेतुङले सदैव मार्क्सवाद-लेनिनवादको सत्यलाई क्रान्तिको ठोस व्यवहारसित जोड्नु भयो र यस संघर्षद्वारा मार्क्सवाद-लेनिनवादको संरक्षण र विकास गर्नु भयो। उहाँले आधा शताव्दीभन्दा लामो अवधिसम्म चिनियाँ जनताको मुक्तिको लागि मात्र होइन, विश्व भरिका उत्पीडित राष्ट्र र जनताको मुक्तिको लागि र विश्व कम्यूनिष्ट आन्दोलनको लागि आफ्नो सम्पूर्ण शक्ति र वुद्धि अर्पण गर्नु भयो। चिनियाँ जनताका लागि अन्तर्राष्ट्रिय सर्वहारा वर्गको लागि र सम्पूर्ण विश्वका क्रान्तिकारी जनताको लागि उहाँले गर्नु भएको महान योगदानले गर्दा का. माओ चेतुङ अमर हुनु भएको छ।

विश्वको जुनसुकै क्रान्तिमा हामी के देख्छौं भने एउटा क्रान्तिकारी-हेतु क्रान्तिकारीहरूबाट शुरू हुन्छ। त्यस क्रान्तिकारी हेतुको लक्ष्य एक दुई वर्ष, एक दुई दशकले पूरा हुने होइन, खास गरी समाजवाद र साम्यवादको निर्माण गर्ने जस्तो महान क्रान्तिकारी लक्ष्य पूरा हुन धेरै लामो समय र संघर्ष लाग्दछ, त्यतिञ्जेल कैयौं पुस्ता बदलिन्छ। कति त्याग र वलिदानबाट आएको नयाँ व्यवस्था भन्ने कुरा नयाँ पुस्तालाई राम्ररी थाहा हुँदैन र क्रान्तिका उपलव्धीको महत्व राम्ररी उनीहरू बुझ्दैनन्। त्यसकारण क्रान्तिका उपलव्धीलाई जागाउने र व्यवस्थाको संरक्षण गर्ने भावना नयाँ पुस्तामा दृढ राख्न विचार धारात्मक शिक्षा निरन्तर दिईरहनु पर्दछ, नयाँ व्यवस्था स्थापना गर्न चाहनेले त्यस नयाँ व्यवस्था अनुरूप मानिसको संस्कार र सोचाई बदल्न विचार-धारा र संस्कृतिको क्रान्ति पनि चलाईरहनु पर्छ भन्ने कुरामा का. माओले जोड दिनु भयो। पूर्वी यूरोप र सोवियत संघमा यही विचारधारात्म र सांस्कृतिक क्रान्तिको कमीले गर्दा संकट आयो। समाजवादको निर्माणमा समस्या आउने वित्तिकै समाजवाद नै त्याग्ने काम हुन गयो। पूर्वी यूरोप र सोवियत संघको घटनाले माओको विचारको महत्व झन स्पष्ट भएको छ।

## आँखी झ्याल

# अमेरिका युद्धपिपाशु हो !

*-जिम्मी कार्टर (भूतपूर्व अमेरिकी राष्ट्रपति)*



**वाशिंगटन डिसेम्बर-१० पि.टि.आई** भूतपूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले अमेरिकालाई युद्धपिपाशु भनेर आरोप लगाउनु भएको छ।

गत डिसेम्वरको तेस्रो सप्ताहको अन्ततिर राष्ट्रपति जिम्मी कार्टरले अमेरिकाको बोस्टन शहरमा आयोजित एक मानव-अधिकार समारोहमा भन्नु भएको छ-"विश्वमा मानव-अधिकारको सवैभन्दा नराम्रो दुरूपयोग र हनन हुन्छ-युद्ध छेडिनुले युद्धको स्रोत कहाँ छ त? यदि तपाईं गएको दशकमाथि नियाल्नु हुन्छ भने निश्चित रूपमा तपाईंलाई थाहा हुनेछ-अमेरिका नै युद्धहरूको स्रोत हो।"

उहाँले भन्नु भयो-"हामीले नै लेवनानमाथि इजराइली आक्रमणको लागि स्वीकृति दिएका थियौं। हामीले नै वेरूत वरिपरिका गाउँहरूमा बमवारी गरेका थियौं। पनामामाथि पनि हामीले नै आक्रमण गरेका थियौं। कोन्ट्रा विद्रोहीहरूलाई आर्थिक सहयोग पनि हामीले नै गर्‍यौं र धुवाँधार प्रचार गर्‍यौं, जहाँको युद्धमा निकारागुआका ३५ हजार मानिस मारिए। हामी नै त्यो अग्रणी शक्ति हौं, जसले इराकसंगको विवादलाई शान्तिपूर्वक समाधान गर्ने कुनै पनि वास्तविक प्रयास नगरिकनै त्यहाँ युद्ध छेडिदिऔं।"

स्रोतः दि ट्रिब्यून १८ डिसेम्वर १९९१

(समस्या र दृष्टिकोण)

# कृषि विकासका त्रुटीपूर्ण प्रयासहरू

-डा. कैलाश प्याकुऱ्याल



कृषि विकास र नेपालको विकास एक अर्काका पर्यायवाची हुन् भन्नुमा अत्युक्ति होओइन। कारण, बहुसंख्यक नेपाली को पेशानै खेती भएको र कूल राष्ट्रिय आयको दुई-तिहाई भागनै कृषि क्षेत्रबाट आर्जन हुने भएकोले पनि यो क्षेत्र देश विकासको मेरूदण्ड हो। यस क्षेत्रमा हुने सफलता वा असफलतामा वहुसंख्यक नेपालीको उन्नति वा अवनति गाँसिने हुनाले पनि कृषि क्षेत्रमा गरिएका विकास प्रयासहरूको छोटकरी विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ।

विगत ४ दशकदेखि योजनावद्ध रूपमा कृषि विकासका कार्यहरू नेपालमा संचालन गरिएको भएतापनि उत्पादकत्वमा भने आसातीत सफलता हासिल भएको देखिंदैन। विगत १० वर्षकै आंकडा लिने हो भने पनि खाद्यान्नमा प्रतिवर्ष ०.५ प्रतिशतले उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जमीनको उर्वराशक्तिमा भएको ऱ्हास, भू-क्षय, पहिरो, अशिक्षा र गरीबीले च्यापेको परिस्थितिमा रहेका पहाडी भेगका जनतालाई यसको नकारात्मक असर अझ बढी परेको हुन सक्छ।

नेपालमा खाद्यान्न वृद्धिदर (१.५ प्रतिशत) लाई जनसंख्याको वृद्धिदर (२.६ प्रतिशत) ले उछिनेको छ जसले गर्दा पनि खेती योग्य जमीनमा जनघनत्व यहाँ साह्रै उच्च छ।

प्रायशः (७० प्रतिशत) आकाशे खेती हुने सन्दर्भमा, नेपाली किसानले सानै जमीनको टुक्रामा पनि ४।५ थरीका विभिन्न वालीको खेती गरी पानीको अनिश्चितताबाट कुनै वाली उत्पादनमा हुन सक्ने नराम्रो प्रभावलाई केही हदसम्म घटाउने प्रयास गरेको हुन्छ तर यस्ता विकट प्रयासका वावजूद पनि किसानका थेर थोर उत्पादनले न्यायसंगत वजार-भाऊ पाएको हुँदैन।



*विपन्न वर्गको प्राणरक्षक वालीहरूले न्यूनतम ध्यान पाउने कहिले?*

नेपालमा ४३ प्रतिशत परिवार गरीबीको रेखामुनि छन्। यी उत्पादन-साधनबाट विपन्न छन्। औसत आयु, स्वास्थ्यको अवस्था र शिक्षाको स्तर हेर्ने हो भने यो वर्ग कुनै पनि मानवीय आधारमा सबैभन्दा निम्नकोटीमा पर्न जान्छ।

अर्कोतिर, जमीनको स्वामित्व र वितरण पनि ज्यादै विषम र अन्यायपूर्ण छ। साथै प्रति परिवार औषत जमीन (१.१३ हेक्टर) पनि ज्यादै कम छ। पचास प्रतिशत परिवारको औसत जमीन ०.५ हे. भन्दा कम छ र यिनले कूल जमीनको ६.६ प्रतिशतमा मात्र स्वामित्व पाएका छन् जबकि ३.५ प्रतिशत भन्दा पनि कम परिवारको स्वामित्व ३० प्रतिशत जमीनमा छ। यसरी बहुसंख्यक किसानसंग ज्यादै कम जमीन छ तर ज्यादै थोरै व्यक्तिहरूले धेरै जमीन ओगटेका छन् (तालिका १)।

नेपालको कृषि विकासका लागि बहुसंख्यक गरीब र साना किसानहरूको भलाइप्रति प्रतिवद्ध कार्यक्रम देखिदैन, न त ४ दशकको श्री ५ को सरकारको "सरकारी" कार्यक्रमले कुनै "हरित क्रान्ति" नै ल्याएको छ। सकारात्मक परिवर्तनमा उत्सुक किसान, उच्च तालीम प्राप्त कृषि वैज्ञानिकहरूको प्रचूरता, कृषि क्षेत्रले राष्ट्रिय योजनाहरूमा पाउँदै आएको प्राथमिकता एवं विदेशी सहायता र ऋणको प्रचूरताका बावजूद पनि बहुसंख्यक कृषकको जीवनस्तरमा सुधार नहुनु, कृषि उत्पादकत्वमा वृद्धि नहुनु र नेपाली कृषिले एउटा परम्परागत शैलीमा नै जरो गाड्नु कृषि विकासका त्रुटीपूर्ण प्रयासकै नतीजा हुन्।

कृषि क्षेत्रमा विगतमा भएका यस्ता असन्तोषजनक नतीजाहरूका बावजूद पनि पहिलेकै नीतिहरूको अवलम्बन गर्दै विगत ४ दशकमा गर्न नसकेको कृषि क्षेत्रको प्रगति आगामी एक दशक (आधारभूत आवश्यकता कार्यक्रम: रा.यो.आ. २०४५) मा गरी प्रत्येक बालीमा डेढदेखि चार गुनासम्म वेसी वार्षिक वृद्धि दर प्राप्त गर्ने लक्ष्य राख्नु श्री ५ को सरकारको कार्य-कुशलताभन्दा बाहिर मात्र नभई यो एउटा हास्यास्पद परिकल्पना मात्र पनि

तालिका १, कृषक परिवार र जमीनको वितरण

| क्षेत्रफल (हेक्टर) | परिवार प्रतिशत | | | | क्षेत्रफल प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरै नेपालमा | उच्च पहाड मा | पहाड मा | तराई मा | पुरै नेपालमा | उच्च पहाड मा | पहाड मा | तराई मा |
| भूमिहीन | ०.३७ | ०.२७ | ०.३२ | ०.४६ | - | - | - | - |
| ०.५ भन्दा कम | ५०.१० | ६६.४० | ५१.५० | ४५.२० | ६.६० | २०.० | १५.०० | २.८० |
| ०.५ - १.० | १६.२० | १९.१० | १८.६० | १३.०० | १७.७० | २२.७० | १५.५० | ६.५० |
| १.० - २.० | १७.३० | १०.४० | १८.१० | १७.८० | १९.९० | १९.९० | २४.३० | १७.०० |
| २.० - ३.० | ७.१० | १.४० | ३.८० | ९.८० | १५.४० | ५.७० | १५.६० | १६.१० |
| ३.० - ५.० | ५.४० | १.३० | ४.०० | ८.०० | १८.५० | ८.०० | १६.७० | २०.६० |
| १० भन्दा माथि | ०.६८ | ०.३० | ०.३० | १.२० | १३.१० | १५.०० | ७.५० | १६.७० |
| सालाखाला क्षेत्रफल | १.१३ | ०.६२ | ०.९२ | १.४७ | - | - | - | - |

श्रोत : १९८१ कृषि तथ्याङ्क

हो।

देशको परिस्थिति, आवहवा, संभाव्यता र किसानको आवश्यकताको विलकूलै परवाह नगरी या त किताबी ज्ञान या दातृ संस्थाको निर्देशन या कृषि विशेषज्ञको आफ्नू निजी रूचि र दक्षतामा आधारित कृषि अनुसन्धान कार्यक्रमले आजसम्म कुनै पनि आत्माभिमानी कृषि वैज्ञानिकलाई शीर ठाडो गरेर हिड्ने वातावरणको सिर्जना तथा उपयोगी र मौलिक अनुसन्धान नतीजा निकाल्ने सौभाग्य अझै प्राप्त भएको छैन।

आजको कृषि अनुसन्धान मूलतः श्रोत सम्पन्न अल्पसंख्यक समुदायकै हिततिर उन्मुख देखिन्छ। अनुसन्धानमा हुने खर्चको ठूलो भाग प्रायशः श्रोत-सम्पन्न वर्गकै स्वामित्वमा रहने सिंचित र मलिला जमीनमा हुने वाली उंखु, सूर्ती, धान आदि) मा लगानी भएको देखिन्छ जबकि विपन्न वर्गको प्राणरक्षक वालीहरू कोदो, फापर, मकै आदिले न्यूनतम ध्यानसम्म पनि पाउन सकेका छैनन्।

आकाशे-खेती सुहाउँदो प्रविधि-विकासको नैतिक जिम्मेवारी कृषि वैज्ञानिकहरूकै हो तर सम्पन्न वर्गको हितको लागि स्थापित सरकारिया अंगमा कार्यरत वैज्ञानिकहरूलाई यसतर्फ सोच्ने मौका नै विगतमा दिइएन। त्यस्तै, कृषि प्रसार कार्यक्रमले पनि नेपाली जात-जातिमा विद्यमान साँस्कृतिक विविधता र यसले गर्दा मनोवृत्ति, सोचाइ र व्यवहारमा हुन सक्ने विभिन्नताको ख्यालै नराखी अनुपयुक्त र त्रुटीपूर्ण कृषि-प्रसार विधिहरू प्रयोगमा ल्याईरहेको देखिन्छ।

बहुसंख्यक साना किसानहरूको आवश्यकताले निर्देशित हुनु पर्ने नेपालको कृषि अनुसन्धान र कृषि-प्रसार आज प्रमुखतः सरकारी विशेषज्ञबाटै निर्देशित छन्।

विश्वको जुनसुकै कुनामा पनि कृषि अनुसन्धान गर्ने मुख्य थलो र जिम्मेवार इकाई कृषि विश्वविद्यालय हुन्छ भने नेपालमा न त कुनै यस्तो विश्वविद्यालय नै छ, न कृषि अनुसन्धानको प्रमुख अभिभारा कृषि विश्व-विद्यालयलाई सुम्पिने कुनै चासो नै देखिएको छ (हाल रा.यो.आ.बाट प्रकाशित आठौं योजना सम्बन्धी दस्तावेजमा कृषि विश्वविद्यालय खोलिने उल्लेख भएतापनि यसको प्रमुख काम अनुसन्धान नभई तालीम हुने उल्लेख छ)।

यी सबै विसंगतिहरू कर्मचारीतन्त्रकै दुष्परिणाम हुन्। अहिलेसम्म संचालित कृषि विकास कार्यक्रम (अनुसन्धान र विकास) र अनुशरण गरिएका कार्यगत नीतिहरू सरकारी कर्मचारीबाट मात्र बनाइएका र संचालन गरिएका किसानप्रति गैर जिम्मेवारी कार्यक्रम र नीतिहरू हुन्। आजको बदलिएको परिप्रेक्ष्य-मा, एकातिर बहुसंख्यक किसान आफ्नो वर्गहितप्रति वेसी जागरूक हुँदै जानेछ भने अर्कोतिर, सरकारको नैतिक दायित्वपनि यिनै विपन्न वर्गप्रति वेसी हुनु पर्नेछ। विद्यमान जमीनको अन्यायपूर्ण वितरण, द्वैत स्वामित्व, विपन्न वर्गको उत्थानको लागि विशेष कार्यक्रमहरूको अभाव, श्री ५ को सरकारको यिनीहरूप्रतिको स्पष्ट र सशक्त कटिवद्धताको अभाव र कर्मचारीहरूको परम्परागत सोचाइ र कार्यशैली आदि पनि विकासको तगारोको रूपमा देखिएका छन्। विपन्न वर्गलाई राहत दिन र कृषि विकास कार्यक्रमहरूलाई जनमुखी बनाउन आधारभूत संरचनात्मक परिवर्तन (जमीनमा द्वैत स्वामित्वको अन्त्य, जमीनको न्यायसंगत वितरण, विपन्न वर्गको क्षमताले भ्याउने प्रविधिको विकास र कृषि विकासका प्रत्येक निर्णयमा यो वर्गको प्रचुर सहभागिता, कृषि वैज्ञानिक र कर्मचारीको सोचाइमा आमूल परिवर्तन र विपन्न वर्गकै वेसी हित हुने कृषि नीतिको दृढ अवलम्वन) कै खाँचो पर्दछ जुन जनताप्रति वास्तविक रूपले जिम्मेवार सर-कारले मात्र गर्न सक्दछ।

*डा. कैलाश प्याकुर्‍याल, प्राध्यापक/ ग्रामिण समाज शास्त्र/ त्रि.वि./ नेपाल कृषि संगठन र नेपाल समाजशास्त्र तथा मानवशास्त्र समाजका अध्यक्ष।*

शहीद दिवसको उपलक्ष्यमा
हामी
हाम्रा संपूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति
हार्दिक सम्मान र श्रद्धाञ्जली
अर्पण गर्दछौं ।

**अमरावती मद्यशाला प्रा.लि.**
हरिऔन, सर्लाही, नेपाल

केही वर्षको लागि बच्चा पाउन रोक्न
चाहनु हुन्छ भने

**नोरप्लाण्ट**
एक पटक राखेपछि ५ वर्षसम्म काम गर्छ।

**डिपोप्रोभेरा**
एक पटक लगाएपछि ३ महिनासम्म
काम गर्छ।

स्वास्थ्य मन्त्रालय,
परिवार नियोजन तथा मातृ शिशु कल्याण महाशाखा

विभिन्न किसिमका राम्रा बलिया
तथा आकर्षक
सीट ग्लास तथा ऐना
चाहिएमा हामीलाई सेवा गर्ने
अवसर दिनुहोस्!

अमात्य ग्लास सेन्टर
यूनिभर्सिटी रोड, कालिमाटी
फोन नं. २-७२९८७ (अफीस), २-१२३६७ (घर)

ज्ञान विज्ञान



# ए बी टी हर्मोन र चीनको विकासमा यसको योगदान

- डा. सानुदेवी जोशी



*ए बी टी हर्मोनको उद्योगमा लागिरहेका चिनियाँ वैज्ञानिक*

चीनको वन विज्ञान प्रतिष्ठानले हालै एबीटी नामक एक प्रकारको वृद्धि नियन्त्रक अन्तःस्राव (हर्मोनको) आविष्कार गरेको छ। कृषि तथा वन उत्पादनमा वृद्धि गर्न ए बी टी को परीक्षा-प्रयोग निकै भइसकेको छ र ती परीक्षाहरूबाट ए बी टी अत्यन्त लाभदायक प्रमाणित भएको छ। सन् १९८१ मा आविष्कार भएको उक्त अन्तःस्राव बारे र कृषि उत्पादन-वृद्धि गर्न यसको उपादेयताबारे यहाँ छोटकरीमा केही जानकारी दिने प्रयास गरिएको छ।

ए बी टी एक साधारण तथा प्रयोग गर्न सरल अन्तःस्राव हो। यो अन्य कृत्रिम अन्तःस्रावहरू भन्दा सस्तो पर्दछ। यसको प्रयोगले विरूवाहरूमा अन्तःस्रावको मात्रा बढाई बिरूवाको प्रत्येक शारीरिक क्रियाकलापमा सक्रियता ल्याउँदछ।

सबै विरूवाहरूको आ-आफ्ना जातिगत गुण हुने हुँदा भिन्नाभिन्नै संयोजनका ए बी टी अन्तःस्राव बनाइएका छन्। ए बी टी धूलो (पाउडर) को रूपमा पाइन्छ। विभिन्न संयोजनका ती पाउडरहरूलाई विभिन्न नम्बरद्वारा पृथकीकरण गरिएका छन्। हालसम्म १ देखि १० नम्बरसम्मका ए बी टी पाउडरहरू बनिसकेका छन्। ती मध्ये १ देखि ६ नं. सम्मका ए बी टी पाउडरहरू विभिन्न प्रकारका बिरूवाहरूमा सफल परीक्षण भई व्यापक रूपमा प्रयोग भइसकेका छन्। प्रयोग गर्नाका लागि ए बी टी पाउडरलाई पहिले मिथाइलेटेड् स्पिरिट्मा घोली चाहिने जति मात्रामा डिस्टिल्ड वाटर मिसाइन्छ।

विभिन्न नम्बरका ती ए बी टी मध्ये नम्बर १ को ए बी टी गुलाफ, गुँरास, स्याउ, लिची तथा घूपी जस्ता जरा निस्कन गाह्रो विरूवाहरूको कलमीमा छिटो जरा निकाल्न प्रयोग गरिन्छ। त्यस्तै ए बी टी नम्बर २ लाई गुलाफ, गुँरास र अङगुरका कलमीहरू सफलतापूर्वक सार्नमा प्रयोग गरिन्छ। नम्बर ३ को ए बी टी वृक्षारोपणमा प्रयोग गरिने विरूवाहरूका लागि लाभदायक सिद्ध भएको छ। वृक्षारोपणमा लगाइने धुपी जातका बिरूवाहरूमा ए बी टी प्रयोग गर्दा ९२ प्रतिशतसम्म सफलतापूर्वक सरेको पाइएको छ। गहुँ, धान, मकै, भटमास, बदाम र कपास खेतीमा ए बी टी नम्बर ४ प्रयोग गरिन्छ।

चीनको कम्यूनिष्ट पार्टीको एघारौं केन्द्रीय कमिटीको तेस्रो परिपूर्ण अधिवेशन (प्लेनरी सेसन) पछि ए बी टी को प्रयोगबाट चीनमा गहुँको उत्पादनमा निकै वृद्धि भएको छ। चार वर्षको अन्तरालमा १५२ वटा विश्वविद्यालयहरू र अन्य अनुसन्धानशालाहरूले २,५८,००० हेक्टर जमीनमा ए बी टी प्रयोग गरी गहुँको परीक्षण-खेती गरेका थिए। फलस्वरूप, ठूलो परिमाणमा वीऊ उत्पादन गरी सन्तोषजनक प्रगति भएको थियो। खेतमा छर्नु भन्दा पहिले गहुँको बीउलाई ए बी टी को २५ पी पी एम् ( एक हजार लिटर पानीमा २५ ग्राम ए बी टी) को घोलमा एकदेखि दुई घण्टासम्म भिजाइन्छ।

यस्ता वीऊ खेतमा छर्नाले छिटो अङकुरण हुनाका साथै अन्य शारीरिक क्रियाहरूमा परिवर्तन आई बढी उत्पादन भएको पाइएको छ। मुख्यतः विरूवाहरूको जरामा अवशोषण (जराले माटोमा रहेको खनीज पदार्थ सहितको पानी सोस्ने क्रिया) शक्ति बढ्ने र सामान्य विरूवाको अनुपातमा यस्ता विरूवाहरूका हांगाहरू पनि बढी संख्यामा निस्की उत्पादन बढेको पाइएको छ। अङकुरण भई केही सेण्टिमिटर अग्लो भइसकेका बिरूवाहरूको पातमा पनि ए बी टी छर्न सकिन्छ। बोटमा फूल फुल्ने समयमा पनि यसको घोल छर्न सकिन्छ।

यसरी छर्दा गहुँको उत्पादनमा १० देखि १५ प्रतिशतसम्म बढेको पाइयो। यसै गरी धानको वीउमा पनि ए बी टी नम्बर ४ प्रयोग गर्नाले ८ देखि १८ प्रतिशतसम्म धानको उत्पादन बढेको पाइयो। एकदेखि सवा एक

हेक्टर जमीनमा छर्ने धानको बीउमा एक ग्राम ए बी टी पाउडर प्रयोग गरिन्छ। मकैको खेतीमा पनि ए बी टी नम्बर ४ प्रयोग गर्नाले १० देखि २० प्रतिशतसम्म उत्पादन बढेको पाइएको छ। बेजिङ्ग विश्वविद्यालय र चिनियाँ वन प्रतिष्ठानको संयुक्त संयोजकत्वमा मकैको बालीमा ए बी टी सम्बन्धी अनुसन्धान जारी छ। ए बी टी नम्बर ५ र ६ सखरखण्ड, आलु, मुला, बन्दा, काउली, गोलभैंडा, जिनसिङ्गको खेतीमा प्रयोग गरिन्छ। यी सबै बालीमा ए बी टी ले उत्पादन वृद्धि गर्नमा ठूलो मद्दत पुऱ्याएको पाइएको छ। ए बी टी सम्बन्धी अरू नयाँ खोजहरू जारी छ। यसको वैज्ञानिक उपलब्धी चिनियाँ जनताले मात्र होइन विश्वभरीका जनताले पनि उपभोग गर्न सकोस भन्ने अभिप्रायले चीनबाहिर पनि यसको प्रचार गर्ने प्रयास भइरहेको छ।

वैज्ञानिक अनुसन्धानको यस उपलवधीलाई किसानहरूबीच लोकप्रिय बनाउन चीन सरकारले उत्प्रेरणका विभिन्न कार्यक्रमहरू बनाउने गर्दछ। राष्ट्रिय स्तरको ए बी टी प्रचार समिति बनाई कुनहाई, भित्री मङ्गोलिया, हेलनजङ्ग, अनहुई, जियानसू, सिचुहान, साङ्ग डोङ्ग, साङघाई आदि प्रान्तहरूमा यसको प्रयोग व्यापक रूपमा गरिएको छ। सन् १९८४ मा कृषिमा ए बी टी को प्रयोग र यसको लोकप्रियतामा उल्लेखनीय वृद्धि गरे वापत चीनको वन मन्त्रालयले ए बी टी मा काम गर्ने प्रमुख वैज्ञानिक प्राध्यापक वाङ्ग टाउलाई पुरस्कारद्वारा सम्मान गरेको थियो। चीनका वैज्ञानिकहरूले अनुसन्धान कार्यलाई प्रयोगशालाभित्र मात्र सीमित नराखी किसानहरूलाई आवश्यक जानकारी प्रदान गरेर उत्प्रेरणका कार्यहरू सफलतापूर्वक सञ्चालन गरेकोमा सन् १९९० मा पुनः ए बी टी अनुसन्धानकर्ताहरूलाई स्वर्ण पदक प्रदान गरिएको थियो। चीनको बाली-नालीमा ए बी टी प्रयोग गरी देशको कृषि विकासमा उपलब्धिमूलक टेवा दिने कृषकहरू पनि पुरष्कृत हुन्छन्।

विभिन्न प्रयोगशालामा काम गर्ने वैज्ञानिकहरूको अध्ययनबाट यो सिद्ध भएको छ कि वैज्ञानिकहरूको काम प्रयोगशालामा मात्र सीमित नराखी अनुसन्धानका उपलब्धीहरू साधारण जनमानस तथा किसानहरूबीच व्यावहारिक रूपमा पुऱ्याउने र त्यसप्रति जन चेतना जागृत गराउने काम उत्तिकै महत्वपूर्ण छ। यस महत्वलाई दृष्टिगत गरी चिनियाँ वैज्ञानिक, किसान तथा साधारण जनताको संयुक्त प्रयासले चीनमा खाद्यान्नको उत्पादनमा उल्लेखनीय उन्नति गर्न सफलता हासिल भएको छ। यसमा अतिरिक्त बेजिङ्ग लगायत चीनका प्रमुख शहरहरू हरियालीले छाउने कार्यमा पनि निकै सफलता हासिल भएको छ। विश्वमा सबभन्दा बढी जनसंख्या भएको राष्ट्र चीनमा प्रकृति र प्राकृतिक सम्पदाको संरक्षण एवं उपयुक्त व्यवस्थापन यति सफलतापूर्वक सञ्चालन गर्न सक्नु निश्चय नै ठूलो चाखको विषय भएको छ। त्यहाँका वैज्ञानिकहरू प्रमोशन पाउनाका लागि वा आफूलाई तथाकथित "वैज्ञानिक" को संज्ञा दिलाउनका लागि अनुसन्धान कृतिहरूको संख्या बढाउनुमा भन्दा सम्बन्धित व्यवसायमा लागेका जनतासंग भिजी वास्तविक समस्याको पहिचान गर्ने र त्यसको निराकरणका लागि इमान्दारीका साथ अनुसन्धानमा लाग्ने कामलाई आफू र आफ्नो देशका लागि श्रेयष्कर ठान्दछन्। यद्यपि विज्ञानको क्षेत्रमा आवश्यक आधारभूत अनुसन्धानलाई पनि त्यहाँ कम महत्व दिइएको होइन। चीनले कृषि तथा वन विकासको क्षेत्रमा पाएको सफलताले चीनको अर्थतन्त्रमा उल्लेखनीय सघाउ पुऱ्याउनुका साथै त्यस सफलताबाट अन्य देशहरूले पनि यथेष्ट फाइदा उठाउन सक्ने आशाको प्रादुर्भाव भएको छ।

ए बी टी को प्रचार र प्रयोग चीनमा मात्र सीमित रहेन। चीनको विज्ञान तथा प्रविधि आयोगको तर्फबाट अमेरिका, रूस, स्वीडेन, डेनमार्क, जापान, थाइल्याण्ड तथा दक्षिण कोरियामा प्रदर्शनी, गोष्ठीहरू जस्ता विभिन्न सञ्चार कार्यक्रमहरू पनि सम्पन्न गरिएका छन्। एशियाको प्रशान्त क्षेत्रमा तथा अन्य विकासोन्मुख राष्ट्रहरूमा ए बी टी को लोकप्रियता बढाउन र त्यसको प्रयोगबारे जानकारी प्रदान गर्न तालीम तथा कार्यशाला गोष्ठीहरूको आयोजना गर्ने काम पनि भएका छन्। विगत अक्टोबर १९९१ मा चीनको विज्ञान तथा प्रविधि आयोगमार्फत वन तथा कृषि प्रतिष्ठानले नेपाल, थाइल्याण्ड, भियतनाम, दक्षिण कोरिया, मेक्सिको, अर्जेण्टिना गरी ६ वटा मुलुकका वैज्ञानिकहरूबीच ए बी टी को उपादेयता र प्रयोगबारे जानकारी दिन तालीम कार्यक्रमको आयोजना गरेको थियो।

यसबाट आर्थिक क्षेत्रमा देश सबल बन्नाका लागि पूँजीवादी अर्थतन्त्रलाई नै अवलम्बन गर्नु पर्दछ भन्ने पश्चिमी दृष्टिकोण सर्वथा गलत रहेछ भन्ने कुरा कृषि क्षेत्रमा जनवादी गणतन्त्र चीनले गरेको उपलब्धी र प्रगतिले साबित गरेको छ। चीन एक साम्यवादी मुलुक हो। जमीन व्यवस्थापनमा चीनले समाजवादी ढाँचालाई नै अंगालेको छ। तापनि चिनियाँ किसान र वैज्ञानिकहरूको संयुक्त प्रयासमा चीनको कृषि क्षेत्रमा जुन प्रगति भएको छ त्यो विश्वभरीका वैज्ञानिकहरू र सरकारहरूको निम्ति ठूलो चाखको विषय बन्न गएको छ। विश्वका सबैभन्दा बढी जनसंख्या भएको देश, चीनमा खाद्यान्नको कमी हुन नदिन त्यहाँका कृषि क्षेत्रमा कार्यरत वैज्ञानिकहरूका लागि ठूलो चुनौती रही आएको छ। तर चीन त्यो चुनौतिको सफलतापूर्वक सामना गर्ने तर्फ अघि बढिरहेछ।

सन् १९८० पछिका वर्षहरूमा भएको नयाँ हरित क्रान्तिको दौरानमा चीनको कृषि क्षेत्रले वनस्पति संवर्धक (वृद्धि नियन्त्रक) अन्तःस्राव को प्रयोग मात्र नगरी अन्य प्रविधिको समेत अवलम्बनद्वारा कृषि उत्पादनमा निकै वृद्धि गरेको छ। तथापि आधुनिक समाज र जनताको चाहनाको बदलिँदो रूपलाई पूर्ति गर्नाका साथै विश्वका अन्य विकसित मुलुकहरूको दाँजोमा आफूलाई उभ्याउन चीनले अझै ठूलो प्रयास गर्नुपर्ने वास्तविकतालाई मनन गरी चिनिया विशेषज्ञ तथा कृषकहरूले कृषि क्षेत्रमा पनि यथेष्ट उन्नति गर्ने सङ्कल्प गरेका छन्। ◆

*डा. सानु देवी जोशी : सह-प्राध्यापक/वनस्पति शास्त्र र त्रि.वि./वनस्पति तन्तु संवर्धन (प्लाण्ट टिस्यु कल्चर) संवन्धी अनुसंधान क्षेत्रमा विशेष संलग्न/उहाँले गत असोज-कार्तिकमा बेइजिङ्गमा भएको वृद्धि-नियन्त्रकहरूको प्रयोगविधि संवन्धी उच्चस्तरीय तालिम कार्यक्रममा नेपालको तर्फबाट सहभागी हुनु भएको थियो।*

समस्या र दृष्टिकोण

# नारी-मुक्तिका लागि बाधक नारीभित्रैका केही मनोवैज्ञानिक पक्षहरू

- डा. करूणा वन्त

नारी विकास समग्र समाज विकासको पूर्व शर्त हो। नारी-मुक्ति आन्दोलनलाई समाज परिवर्तनका अन्य प्रक्रियाहरूले मात्रै होइन स्वयं नारीभित्रै रहेका अनेकौं मनोवैज्ञानिक पक्षहरूले पनि गहिरो प्रभाव पारेका हुन्छन्। यी मनोवैज्ञानिक पक्षहरूलाई केलाउन नसक्दा नारी-मुक्ति आन्दोलनमा दिशा-भ्रम पैदा हुने संभावना रहन्छ। नेपालमा पनि नारी मुक्तिको सन्दर्भमा यो प्रश्न गंभीरतासाथ उठाउनु पर्छ कि नारी-मुक्ति आन्दोलनमा नारीभित्रैका मनोवैज्ञानिक पक्षले कस्तो प्रभाव पारेको छ? नेपाली नारीहरूको मानसिकता नै कतै आफ्नै मुक्ति आन्दोलनमा बाधा त बनिरहेको छैन? यसको ठोस जवाफको खोजी यस आन्दोलनको अभिन्न अंग हो।

जन्मदैमा कुनै पनि व्यक्ति पूर्वाग्रही (Prejudiced) मानसिकता बोकेरआउँदैन र मानसिकता निर्धारण गर्न व्यक्तिको शरीर-संरचनाको विशेष भूमिका पनि हुँदैन। एक ठाउँमा व्यक्तिको एक किसिमको शरीर-बनावट र अर्को ठाउँमा बेग्लै शारीरिक बनावटको कारणले ती दुई व्यक्तिहरू वीच बेग्ला-बेग्लै मानसिकताको विकास हुने होइन। मानसिकताको निर्धारण उसको वातावरण र परिवेशले गर्दछ। प्रत्येक व्यक्ति निश्चित वातावरण र सामाजिक परिवेशमा नै सो अनुरूपको सामाजीकीकरण (Socialization) को प्रक्रियाबाट गुज्रिन्छ। यहाँनिर सामाजीकी-करणको अर्थ स्पष्ट पार्नु प्रासंगिक हुन आउँछ। साधारण शब्दमा भन्ने हो भने सामाजिकीकरण एउटा प्रक्रिया हो, जसद्वारा मानिसले त्यस समाजको मूल्य र मान्यतामा आधारित व्यवहारहरू ग्रहण गर्न सिक्दछ। स्पष्ट छ कि व्यक्तिको मानसिकताको निर्धारण र विकासमा



**पराधीन भै बाँच्न नारीहरू आफैं यत्ति अभ्यस्त भएका हुन्छन कि उनीहरूलाई स्वतन्त्र चिन्तनको आवश्यकताको अलिकति मात्रै बोध पनि हुँदैन।**

समाजको यिनै मूल्य र मान्यताहरूको प्रमुख-भुमिका हुन्छ मूल्य र मान्यताका वास्तविक निर्माणकर्ता र निर्णायक त्यही समाजमा बस्ने व्यक्तिहरू नै हुन्।

यसबाहेक भूल्न नै नहुने तथ्य के हो भने सामाजिकीकरणसंगसँगै यसका प्रमुख बाहकका रूपमा (agent of socialization) निश्चित व्यक्तिहरू जोडिएका हुन्छन् र मानसिकताको विकासमा यिनै वाहकहरूको आफ्नै मानसिकताको पनि प्रत्यक्ष या अप्रत्यक्ष प्रभाव गहिरोसंग परेको हुन्छ।

नेपाली समाजमा नारीहरू सन्तान उत्पादनका साधन ठानिन्छन्। अनगिन्ती सामाजिक बन्देजहरूले बाँधिएर घर-दैलोको सीमित घेरामा बाँच्नु पर्ने नारीहरूको स्थितिलाई उनीहरूको नियति भनेरै स्वीकारिन्छ। योभन्दा बढी, पराधीन भै बाँच्न नारीहरू आफैं यत्ति अभ्यस्त भएका हुन्छन कि उनीहरूलाई स्वतन्त्र चिन्तनको आवश्यकताको अलिकति मात्रै बोध पनि हुँदैन।

यही मानसिकता बोकेकी नारी नै आमाको रूपमा एउटी बालिकालाई हुर्काउन सामाजिकीकरण-प्रक्रियाको पहिलो र प्रमुख वाहक बन्दछिन्। यसकारण बालिकाको मानसिकताको विकासमा आमाको गहिरो प्रभाव परेको हुन्छ। बालिकाले सामाजिकी-करणको प्रकृयाद्वारा आमाको मानसिकता नै ग्रहण गर्दछे। बालिकाको व्यवहारको आधार आमा-द्वारा प्रत्यक्ष रूपमा निर्देशित हुन्छ, अथवा बालिकाको व्यवहार आमाको व्यवहारको नक्कल हुन्छ। एउटा निश्चित स्वरूपमा यो प्रकृया अत्यन्त सहज किसिमले दोहरी-रहेको हुन्छ। यसले गर्दा बालिका, जो पछि आफू पनि आमा बन्दछे, ऊ चलन चल्तीको आफ्नो स्थिति अथवा कार्य (Status & Function) लाई स्वाभाविक मानेर स्वीकार्न पुग्छे। त्यसैले जुन स्थितिलाई स्वाभाविक भनी आफूले स्वीकारी सकेको छ, त्यसभन्दा पर गएर उसमा कुनै परिवर्तनको आकांक्षाको सृजना न हुनु स्वाभाविक नै हुन्छ।

वास्तवमा हाम्रो समाजमा अधिकांश महिलाहरू, मुक्तिको चाहना राख्ने शिक्षित महिलाहरूसमेत, आफ्नो रूढीग्रस्त मानसिकताबाट पूर्ण रूपमा मुक्त भएका छैनन्। उनीहरूलाई स्वतन्त्रताको सही अर्थ थाहा छैन। स्वतन्त्रतालाई उनीहरू स्वच्छन्दता अथवा उच्छृंखलताको पर्यायवाचीको रूपमा लिईरहेका हुन्छन। त्यसैले बन्धनको स्थितिबाट मुक्त हुनेतर्फ उनीहरू स्वयं नै विरोधी भइ-रहेछन्। स्वतन्त्रता र मुक्ति सम्बन्धी यो गलत धारणा विद्यमान भईरहेसम्म महिला-मुक्ति

वास्तवमा असंभव छ। अनुसरणद्वारा बालिकाहरूले अप्रत्यक्ष रूपमा स्वतन्त्रता संवन्धी यी रूढिग्रस्त मानसिकताले प्रेरित भएका व्यवहारहरूलाई पनि स्वाभाविक ठानी ग्रहण गरीरहेका हुन्छन्।

यसरी उनीहरूभित्र निर्माण हुन गएको आफ्नो मुक्ति प्रतिको आफ्नै उदासिन मानसिकताले गर्दा उनीहरू यथास्थितिवादी बन्न गई आफू नै आफ्नो मुक्तिको बाटोमा बाधक हुनपुग्छन्।

हाम्रो जस्तो पुरूष-प्रधान समाजमा परिवारमा पुरूषले नै प्रत्येक क्षेत्रमा सधैं निर्णायक रूपमा अग्रणी भूमिका निर्वाह गरीरहेको यथार्थलाई प्रत्येक नारीले बाल्यकालदेखि नै भोगीरहेकी हुन्छे र यस तथ्यलाई सहजसंग स्वीकारीरहेकी हुन्छे। यस स्वीकृतिले नै "के हामी पनि पुरूष सरह सक्षम छौं र? के हामी पनि पुरूष सरह अधिकार उपभोग गर्न सक्छौं र?" आदि जस्ता सन्देहहरू नारीभित्र जन्माईदिन्छ। यसले नारीमा निहित वास्तविक सक्षमता र योग्यतालााई फस्टाउने अवसर नै नदिई उसमा हीनताबोधको बीजारोपण गरीदिन्छ। उसका यी सन्देहहरू तव तव क्रमशः विश्वासमा बदलिन्छन् जव जव उसलाई वातावरण र परिस्थितिले विवश बनाउदै लैजान्छ र उसलाई पुरूषप्रति आश्रित भएर बाँच्न वाध्य गराउँछ त्यसैले नारीहरू पुरूष र नारीको निम्ति अधिकार र स्वतन्त्राको अर्थ नै भिन्दा-भिन्दै हुन्छ भन्ने विश्वास गर्छन्। यसरी नारीभित्र हीनताबोध, न्यून-आत्मसम्मान (low self esteem) एवं म (self) को अज्ञानता जस्ता व्यक्तित्वमा नकारात्मक प्रभाव पार्ने मानसिकताको विकास हुन्छ। यसबाट उत्पन्न हुने आत्मविश्वास र जुझारूपनको कमी निश्चित रूपमानारी मुक्ति आन्दोलनमा अड्चन बन्न जान्छ।

यस प्रकार मुक्ति र स्वतन्त्रता शव्दको अस्पष्ट र धमिलो अर्थले, स्वतन्त्रताको परिणामको अस्पष्ट दृष्टिकोणले नारीहरूमा जागरूकताको अभाव ल्याईदिन्छ। स्पष्टछ, जहाँ जागरूकताको कमी हुन्छ त्यहाँ प्रयासको प्रक्रिया हुँदैन र प्रयासविना कुनै किसिमको परिवर्तन संभव नै हुदैन। हाम्रो समाजमा नारी मुक्तिप्रति नारी चेतनाको स्तर (level of consciousness) अत्यन्त नै निम्न छ र यसको एउटा कारण अशिक्षा र अनभिज्ञता हो। अत्यन्त सीमीत वाह्यज्ञान (exposure) को कारणले उनीहरूलाई अन्य समाजका नारी-हरूको स्थिति, भूमिका र स्तरबारे लगभग शून्य बराबरको जानकारी रहेको हुन्छ, जसको परिणामस्वरूप नारीको अस्तित्वका विभिन्न विकल्पहरूबाट उनीहरू अनभिज्ञ छन्। यो अनभिज्ञताले उनीहरूको मानसिकतामा परिवर्तन ल्याउने मार्गलाई बन्द गरीदिएको छ।

यसरी नारीभित्र रहेको आफ्नै मुक्तिप्रतिको उदासीन मानसिकता, हीनता-बोध, न्यून-आत्म-सम्मान, "म" को अज्ञानता आदि मनोवैज्ञानिक पक्षहरू वास्तवमै नेपालमा नारी-मुक्ति आन्दोलनमा बाधा बन्न गएका छन्। तर नारी-मुक्ति आन्दोलनको लागि समय परिपक्व भई सकेको छैन भन्ने यसको अर्थ कदापि होइन। यसको अर्थ यो हो कि नारीभित्र विकास गरिनु पर्ने यो मनोवैज्ञानिक परिवर्तनको पक्षलाई नारी-मुक्ति आन्दोलनको अभिन्न अंग बनाइनु पर्छ र यसको लागि प्रयास गरिनु पर्छ।

## समालोचकलाई कथाकारको जवाफ

# जव तारा घर फर्किन्छे

प्रगतिशील कथाकार हरिहर खनालको "देश-परदेश" कथा संग्रह गत २०४६ सालमा प्रकाशित भएको थियो। त्यसमा "वन्धन" नामक नारी-स्वतन्त्रता संवन्धी विषयको एउटा कथा पनि समाविष्ट छ।

हेनरी इब्सेनको नाटक "कठपुतलीको घर" की मुख्य पात्रा "नोरा" वा गोपालप्रसाद रिमालको "मसान" नाटककी युवती "हेलेन" जस्तै यो कथाकी नायिका "तारा" पनि लोग्नेको पुरुष-प्रभूत्वका विरूद्ध ऊसंग विद्रोह गरी घर छोडेर हिड्छे।

यस कथालाई लिएर समालोचक डि.आर. पोखरेलले ०४६ पुसको "उत्साह" पत्रिकामा एउटा लेखमा केही टीप्पणीहरू लेख्नु भयो। उहाँले इब्सेनकी "नोरा" कै घर छोडाइमाथि महान चिनियाँ लेखक लुसुनले प्रश्न उठाउनु भएको उदाहरण समेत दिदै "वन्धन" कथाकी "तारा" को घर छोडाइलाई "उद्देश्यहीन विद्रोह" वा "क्षणिक जोश" को उपाधि दिनु भएको थियो।

स्वास्नीलाई जागिर खान सैमेत नदिने सामन्ती समाजको पिछडिएको मानसिकता बोकेको तर बाहिर भने "नारी-मुक्ति" को पक्षमा भाषण दिदै हिड्ने पाखण्डी लोग्नेका विरूद्ध ताराले साँचोको झुप्पो उसका सामु फालेर जुन कुण्ठाग्रस्त विद्रोह गरी, त्यो नारी-मुक्तिको सर्वहारा-क्रान्तिकारी बाटो नभएर बुर्जुवा सुधारको बाटो मात्र हो भन्ने श्री पोखरेलको दावी रहेको छ। नयाँ संस्कृति र नयाँ विचारबाट प्रभावित नभएकी तारामा त्यत्रो ठूलो कदम चाल्न जुन उच्च साँस्कृतिक स्तर जरूरी हुन्छ, त्यो उसमा नभएको प्रमाण उहाँले कथाभित्रैबाट दिनु भएको छ। स्वतन्त्र भएर बाँच्न चाहने तर लोग्नेले काम नखोजिदिंदा कहाँ कहाँ रूने स्तरकी तारा यसरी घर छोडेपछि अव कहाँ जान्छे, के गर्छे? यसको उत्तर समालोचक पोखरेलले यसरी दिनु भएको थियो - "ताराले पुनः प्रविणकै घरमा फर्किनु पर्नेछ वा "बाज" "स्याल" र "गिद्ध" हरूको चपेटामा पर्नु पर्ने छ एवं अरू नाटकीय जीवन बिताउन वाध्य हुनु पर्ने छ।"


हरिहर खनाल

यो समालोचना लेखिएको करीव डेढ वर्षपछि कथाकार हरिहर खनालको अर्को कथा-संग्रह "बमको छिर्का" प्रकाशित भयो। यस संग्रहमा "प्रत्यगमन" शीर्षकको एउटा कथा छ, जो "वन्धन" को दोस्रो खण्डको रूपमा कथाकारले लेख्नु भएको छ। डि.आर. पोखरेलले भविष्यवाणी गर्नु भए जस्तै नभन्दै यो दोस्रो कथामा तारा त लोग्नेको घर नै पो फर्किई! कसरी र कुन कुन घटनाबाट ठक्कर खाएर ऊ घर फर्किइ, त्यो पाठकहरूले कथा नै पढेर जान्नु होला।

यतिखेर आगामी ८ मार्चमा "महिला-मुक्ति दिवस" मनाउनु हुने महिला मुक्तिका पक्षधर व्यक्तिहरूले "वन्धन" की ताराको प्रत्यागमनलाई लिएर छलफल चलाउनु सान्दर्भिक नै होला भन्ने लाग्दछ। (-हरिगोविन्द लुईटेल)



# फिल्म :
# अमिताभ बच्चनहरूको मान्यता

- हरिगोविन्द लुइँटेल

सन्दर्भ केही पुरानो हो तर विषय पूरानो हैन।

गत कार्तिकको पहिलो हप्तामा "खुदा गवाह" नामक चलचित्रको सुटिङ्गको सिलसिलामा नेपाल आएका प्रशिद्ध भारतीय फिल्म - अभिनेता अमिताभ बच्चनसंग नेपाल टि.भी. ले सुटिङ्ग स्थल जोमसोमसम्म प्रतिनिधि पठाएर एउटा अन्तर्वार्ता लिएर ठूलो महत्वकासाथ प्रसारित गऱ्यो। यसको लगत्तै पछि पत्रपत्रिकाहरूले टिप्पणी गरे - "अमिताभसंग अन्तरवार्ता लिने विजयकुमार को शैली ठीक भएन"। प्रायः सबैतिर यही मात्र चर्चा चल्यो। प्रगतिशील पत्र-पत्रिकाहरूका लेखक-स्तंभकारहरूका टिप्पणीहरू पनि यही सेरोफेरो भन्दा माथि उठेका देखिएनन्।

अन्तरवार्ताको क्रममा एउटा महत्वपूर्ण कुरा उठेको थियो। त्यसको कसैले चर्चासम्म पनि गरेन।

कुरा थियो, फिल्मको सामाजिक-वैचारिक उपयोगिता संवन्धी।

फिल्महरूले समाज-सुधारको लागि केही गर्नु पर्छ कि पर्दैन भन्ने आशयको प्रश्न गरिंदा अमिताभ बच्चनले यस्तो आशयको उत्तर दिएका थिए - "समाज सुधारका लागि दर्शकहरू, पुलिस, कानून बनाउनेहरू, सरकार, नेताहरू थुप्रै छन्। फिल्मले यसको लागि केही गर्छ वा गर्नु पर्छ भन्ने कुरा म मान्दिन। पैसा तिर्ने दर्शकले मेरो फिल्मबाट तीन घण्टा भरपूर मनोरजन लिन सकोस्, त्यसैलाई म मेरो सफलता मान्दछु।"

सामाजिक प्रगतिको लागि फिल्मको भूमिका हुन्छ कि हुन्न भन्ने यो प्रश्न कलाका अन्य विधाहरूका लागि पनि आधारभूत र महत्वपूर्ण प्रश्न हो। संसारभरि नै प्रगतिवादी र गैर-प्रगतिवादी विचारकहरूका बीच यसबारे ठूला वादविवादहरू भैसकेका छन्। प्रगतिवादका पक्षधरहरूले कला-कर्मको सामाजिक उपयोगिता र दायित्वको पक्षमा आफ्ना मान्यताहरू स्थापित गरिसकेका छन्। तर पनि यो बहसको निरन्तरता अझै कायम नै छ, जसको एउटा उदाहरण अमिताभद्वारा व्यक्त माथिको विचार हो।

**तपाईँ कस्तो मनोरंजन उत्पादन गर्नु हुन्छ? समाज उत्थानमा सहयोग हुने स्वालको मनोरंजन कि समाजलाई पतनको दिशातिर धकेल्ने स्वालको मनोरंजन?**

अमिताभ बच्चन नेपालबाट आफ्नो देश फर्केको केही समयपछि गत अक्टोवर महिनामा भारतीय भिडियो पत्रिका "मनोरंजन" ले अमिताभ बच्चन र भारतका केही प्रशिद्ध फिल्म-निर्माता-निर्देशक, समीक्षक, शोधकर्ता एवं अन्य कलाकारहरू आदिलाई भेला गरेर एक परिचर्चा चलाएको थियो। परिचर्चाको विषय थियो -"फिल्म र फिल्मी गीतहरूको सामाजिक दायित्व के हो?" (-नवभारत टाइम्स, १३ अक्टोवर)

यस अवसरमा पनि अमिताभले फिल्महरूको सामाजिक दायित्वका बारेमा नेपालमा आउँदा आफूले व्यक्त गरेको विचार लाई नै पुष्टी गरेका छन्। यसमा उनलाई अरूले पनि साथ दिए।

अभिनेता अनुपम खेर प्रश्न गर्छन -"के समाज-सुधारका लागि भनेर बनेका फिल्महरूले समाज-सुधार गरे त?"

निर्माता-निर्देशक मनमोहन देसाई भन्छन् - "आजसम्म कुनै पनि फिल्मबाट क्रान्ति भएको छैन।"

अनुपम खेरको निचोड छ - "हामी यस्तो एक उद्योगमा लागेका छौं, जसले मनोरंजन उत्पादन गर्छ।"

अझ, निर्माता-निर्देशक प्रकाश मेहरा उदाहरण दिन्छन् - "शान्तारामजीले "दहेज" फिल्म बनाए। फिल्म केही चल्यो, केही चलेन तर दहेज (दाइजो) लिन-दिन समाजमा बन्द भएन, झन बढ्दै गयो।"

अमिताभ बच्चन पनि आफ्ना केही असल सन्देश बोकेका फिल्महरूको नाम दिन्छन्, जसले समाज सुध्रिएन भन्ने उनको दावी छ।

निश्चय नै समाजको लागि मनोरंजन जरूरी छ। यसको लागि प्रयत्न र खोज हुनै पर्छ। तर "मनोरंजन" मात्र भन्ने यस्तो कुनै कुरा हुँदैन जसले मान्छेको आस्था र विचारमा प्रभाव नपारोस्। आस्था र विचारमा पर्ने प्रभाव दुई थरी हुन्छन्- स्वस्थ वा अस्वस्थ। स्वस्थ प्रभावले समाजको उत्थानलाई सघाउँछ, अस्वस्थ प्रभावले यसमा वाधा उत्पन्न गर्छ।

अझ स्पष्ट शव्दमा भन्ने हो भने फिल्म वा कुनै पनि कला-कर्मले कि त संसारमा मुठ्ठीभर मानिसहरूले मोजमस्ती गरिरहेको र बहुसंख्यक मानिसहरूले दुःख-दर्द भोगिरहेको वर्तमान सामाजिक यथास्थितिलाई टिकाउने-मजबुत गर्ने काममा सघाउ पुऱ्याउने गर्छ कि त यसलाई बदल्ने प्रयत्नमा सघाउ पुऱ्याउँछ।

त्यसैले "मनोरंजन उत्पादन गर्छु" भन्नेहरूलाई प्रश्न गर्नु पर्ने हुन्छ-तपाईं कस्तो मनोरंजन उत्पादन गर्नु हुन्छ? समाज उत्थानमा सहयोग हुने खालको मनोरंजन कि समाजलाई पतनको दिशातिर धकेल्ने खालको मनोरंजन? सामान्य जनताको तल्लो स्तरको ज्ञान-चेतनाले उनीहरूमा पैदा गरेको तल्लै स्तरको रूचि र चाखलाई बदल्ने तर्फ पटक्कै प्रयत्न नगरी "नाफा" कमाउन जस्तोतस्तो पनि "मनोरंजन" उत्पादन गर्न सजिलो हुन्छ। तर त्यसले जनजीवनलाई झनझन तल धकेल्ने काम गर्दैन? यसप्रति "मनोरंजन उत्पादक" हरूको दायित्व हुन्छ कि हुन्न? यो अत्यन्त ज्वलन्त रूपले उठ्ने प्रश्न हो।

फिल्महरूले जब निश्चित रूपले समाजको उत्थान वा पतनमा भूमिका खेल्छन् भने समाज-सुधारको दायित्व, अमिताभ बच्चनले भने जस्तै, दर्शकहरू कानून बनाउनेहरू वा पुलिसको आदिको मात्र जिम्मामा छोड्न मिल्छ? तपाईंको क्रियाकलापले समाज अगाडि वा पछाडि पर्न जान्छ, तर तपाईं भन्दै हुनुहुन्छ, "यो मेरो सरोकारको विषय हैन, म त मनोरंजनमात्र दिन खोज्छु"। यसो भन्न मिल्छ?

प्रकाश मेहराको तर्कले के पुष्टी गर्न खोज्छ भने समाज सुधारको सन्देश फिल्मबाट दिंदा पनि त्यसले समाज सुधारिएन त्यसैले फिल्मबाट समाज-सुधारको सन्देश दिनु व्यर्थ छ।यहाँनेर के कुरा प्रष्ट हुनु जरूरी छ भने, समाज परिवर्तनको कार्य कुनै जादूगरी कार्य हैन। यो एउटा लामो र वृहद् काम हो। यसका लागि सवै क्षेत्रको थोरै थोरै योगदानको पनि ठूलो महत्व रहन्छ। सवै पयत्नहरूको जम्मा जोडको प्रभावले समाजले विस्तारै मात्रात्मक परिर्वतन हासिल गर्छ र उपयुक्त समयमा यसले गुणात्मक फड्को मार्दछ। यी सवै प्रयत्नहरू मध्ये फिल्म जस्ता कला-कर्म रूपी प्रयत्नहरूको उल्लेखनीय भूमिका रहन्छ। किनभने यिनीहरूले सोझै जनताको मन-मष्तिष्कमा प्रभाव पारेर परिवर्तनको पक्षमा जनताको सहभागिताको स्तरलाई असर गरिरहेका हुन्छन्।

जहाँसम्म "दहेज" जस्ता फिल्हरूले समाज सुधार्न सकेनन् भन्ने प्रश्न छ, एकै चोटि समाजको आमूल सुधार गर्न नसके पनि समाज



*मृणाल सेन*

सुधारको पक्षमा यस्ता फिल्महरूले काम गरि रहेका नै हुन्छन्। झ्वाट्टै देखिने मात्रामा त्यो प्रभाव नहुन सक्छ भन्दैमा प्रभाव नै परेन भन्न मिल्दैन। यस्ता फिल्महरूमा रहेका सन्देशहरू नै कत्ति स्वस्थ छन् र तिनीहरू कलाको कुन स्तरबाट प्रस्तुत भएका छन् भन्ने कुराले पनि यसमा फरक पार्दछ।

यहाँ भारतका "तेस्रो विश्वका अत्यन्त अनुभवी फिल्म निर्माताहरू मध्ये एक" मानिने र प्रगतिशील निर्माता-निर्देशकको रूपमा चिनिने मृणाल सेनका भनाइहरू सान्दर्भिक देखिन्छन्। उनी भन्दछन् - "म यो स्वीकारोक्तिमा पुगेको छु कि सिनेमाले समाज बदल्न सक्दैन तर यसले उपयुक्त वातावरण तयार गरेर जनतालाई वास्तविकताप्रतिको आफ्नो दायित्वप्रति र यो दायित्वलाई शिघ्र ग्रहण गर्न संवेदनशील बनाउँछ।" (-अन्तरवार्ता।"फ्रन्टलाइन" पाक्षिक/सेप्टेम्वर १४-२७ ।१९९१)

मृणाल सेन व्याख्या गर्छन् - "फिल्मले यस्तो बहसको शुरूवात गरिदिन सक्छ, जसले परस्पर विरोधी कुराहरूबाट केही सकारात्मक उपलव्धीहरू जन्माउँछ। ....... म विश्वास गर्दछु - फिल्मबाट मैले सकेसम्म बढी दर्शकहरूसम्म भाव-संचार गर्नु पर्छ किनभने यो अझै हाम्रा लागि अत्यन्त प्रभावकारी आम-संचारको साधन हो।"

समाजमा विद्यमान विसंगत स्थितिप्रति दर्शकहरूमा प्रश्नहरू, शंकाहरू र वादविवादहरू उठाएर फिल्मले समाज उत्थानमा आफ्नो भूमिका निर्वाह गर्न सक्छ भन्ने मृणाल सेनको विचारले कलाकर्मले समाज-उत्थानको कार्यमा अप्नाउने कार्य पद्धतिप्रति संकेत गरेको छ। एउटै फिल्मले तत्काले "छुमन्तर" गरेर सोझै क्रान्ति त फिल्ममा मात्रै गर्न सक्छ। सामाजिक यथार्थमा यसको प्रभावको भूमिका त मात्रात्मक, घुमाउरो र क्रमिक नै रहन्छ।

अर्को महत्वपूर्ण पक्ष छ - सामाजिक मूल्य र मान्यता निर्माणको प्रश्न। निर्माता-निर्देशकहरू सयौं फिल्महरूबाट भने नांगो व्यक्तिवादी उपभोक्तावादी संस्कृतिको प्रचार गर्छन, जसबाट "जसरी पनि कमाऊ, र मोज मज्जा गर" भन्ने मान्यता दर्शकहरूमा स्थापित हुन जान्छ। "दजेह प्रथा" भनेको पनि यही "जसरी पनि कमाउनु पर्छ" भन्ने "सिद्धान्त" कै एक अंश हो। अनि एक दुईवटा "दहेज" जस्ता फिल्म बनाएर तिनै निर्माता-निर्देशकहरू तुरून्त समाज दहेज-प्रथाको विरूद्ध खडा होओस् भन्ने माग गर्दछन्। खडा भएन भनेर गुनासो गर्दछन्। घुमधामको साजसज्जायुक्त चुरोटको विज्ञापनको कुनामा लेखिएको "धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ" भन्ने वाक्यको प्रभावले त्यसको "धुम्रपान गरौं" भन्ने प्रभावलाई शून्यमा झार्न सक्छ? यो यस्तै कुरा भएन र?

त्यसैले फिल्मको समाजप्रतिको दायित्व संवन्धी अमिताभ बच्चन, प्रकाश मेहरा, मनमोहन देसाई वा अनुपम खेर जस्ताका विचारहरू गलत र एकांगी छन्। जानी वा नजानी यी विचारहरूले समाजका निहित स्वार्थ बोकेका ठालु वर्गहरूको मात्र हित संरक्षण गर्दछन्। समाजमा प्रभुत्व जमाइरहेको यो मुठ्ठीभर वर्गले यसरी समाजको उत्थानमा भने कला-कर्मको भूमिका हुँदैन भन्ने गर्छ तर आफ्नो पक्षमा समाजको यथास्थितिलाई टिकाइ-राख्ने "राजनीति" भने गरिरहेकै हुन्छ। शव्द वा लयबाटै राजनीति गर्नु पर्छ भन्ने छैन, फिल्महरूले दर्शकमा छोडने जम्माजम्मी प्रभावबाट यो वर्गले आफ्नो यो राजनीति गरिरहेको छ। ❖

अन्तको एउटा कथा

# पुल निर्माता

**-खलिल जिब्रान**



खलिल जिब्रान

*(सन् १८८३ मा सिरियामा जन्मेका र १९३१ मा देहान्त भएका लेखक खलिल जिब्रान छोटा रचनामा जीवनको मसिनो र गहिरो चित्रण गर्न साह्रै सिपालु र नामी व्यंग्यकार हुन् । उनले आफ्ना रचनामा जतातत्तै सामाजिक अन्याय विरूद्ध आवाज दिएका छन् । सामाजिक अन्धविश्वास, कुरीति, शोषण र धार्मिक पाखण्डविरूद्ध उनका रचनाहरू छुरा समान धारिला छन् । कुरूप जीवनलाई सुन्दर तातर्फ डोऱ्याउन मानिसहरूको ध्यान खिच्नु उनको साहित्य सिर्जनाको मूल उद्देश्य हो। एक पटक उनले भनेथे - "म मरे पनि मानिसहरूका कानमा बाँचिरहने छु।" नभन्दै मृत्युपछि पनि आफ्ना रचनाहरूमा उनी बाँचिरहेका छन् । तिनै खलिल जिब्रानको आजाव हाम्रा पाठकहरूका कानसम्म पुऱ्याउन हामीले उनको एउटा छोटो कथा यहाँ प्रस्तुत गरेका छौं । "गर्ने भन्ने हनुमान, पगरी गुथ्ने ढेडू" भन्ने नेपाली उखानलाई यस कथाले झल्झली सम्झाउँछ । - अनुवादक ।)*

एण्टीओक भन्ने शहरको बीचबाट आसी भन्ने नदी समुद्रतिर बग्दछ । नदीवारिको आधा भागलाई नदीपारिको आधासित जोड्न एउटा पुल बनाइएको थियो । एण्टीओकका खच्चरका पिठ्यूँमा बडा-बडा ढुङ्गा लादेर ओसार्दै सो पुल बनाइएको थियो ।

पुल बनाएर ठीकठाक भइसकेपछि एउटा खम्बामा ग्रीक तथा आर्मिनियाँका भाषाका अक्षरहरूमा यसो लेखियो - "यो पुल सम्राट एण्टीओक्स (द्वतीय) ले बनाइबक्सिएको हो ।"

सबै मानिस त्यो सुन्दर पुल भएर मनोहर आसी नदी पार गर्ने गर्थे ।

एक दिन यी माथि भनिएका वचन लेखिएको पुलमा आएर एउटा युवक अडियो । कोही-कोही मानिस त्यस युवकलाई अर्ध-सिल्ली ठान्दथे । सो युवकले खम्बाका अक्षरहरूमाथि अंगारको कालो पोतेर त्यसमाथि यस्तो व्यहोरा लेखिदियो, "यो पुल बनाउँदा माथि पहाडतिरबाट खच्चरलाई बोकाएर ढुङ्गा ल्याइएका थिए । यो पुलमाथिबाट वारपार गर्दा तिमी मानिसहरू खच्चरहरूको पिठ्यूँमा चढ्ने गरेका छौ । वास्तवमा यस पुलका निर्माता तिनै खच्चरहरू हुन् ।"

युवकले लेखेका कुरा पढेर कोही-कोही मानिस हाँस्न थाले, कोही-कोही मानिस चकित पनि भए र कोही-कोही चाहिं भन्न लागे, "अँ, हामीलाई थाहा छ, यो उही पागल केटाको काम हो ।"

तर एउटा खच्चरले हाँस्तै आर्को खच्चर संग भन्यो, "हैन, यी ढुङ्गा त हामीले नै बोकेका हौं नि, तँलाई यस कुराको संझना छैन र? तर आजसम्म पनि यो पुल सम्राट एण्टीओक्सले नै बनाएको हो भन्ने गरिएको छ ।"

- अनुवादक : खगेन्द्र सँग्रैला

# फूलवारीको कथा : हवाइको व्यथा

*केही समयअघि मात्र काठमाण्डौमा प्रज्ञा-प्रतिष्ठानको हलमा नेपाल ट्रेड युनियन महासंघको आयोजनामा "कोरस परिवार" द्वारा गीति-नाटक "फूलवारीको कथा - हवाईको व्यथा" प्रस्तुत भयो ।*

*व्यापक प्रचार-प्रसार र तयारीपछि प्रस्तुत उक्त गीति-नाटकले नेपाली प्रगतिशील नाट्य-क्षेत्रमा एउटा प्रभावकारी उपलब्धी प्रदान गरेको छ । मंच-सज्जा, ध्वनि र प्रकाश संयोजनमा विशेष ध्यान दिनु पर्ने हुनाले यस्ता गीति-नाटकहरू सुविधायुक्त स्थानहरूमा मात्र प्रदर्शन गर्न सकिने हुन्छ र पनि शहर-बजारमा रहेका आम-जनताहरूलाई स्वस्थ मनोरञ्जन दिन यिनीहरू अत्यन्त उपयोगी ठहर्छन् ।*

*देशभित्रको शोषण र गरीवीको कारण विदेशी सेनामा सामेल हुन विवश नेपालीहरूको कथामा आधारित यो गीति-नाटकले फकलैण्ड युद्धमा मर्ने एउटा नेपालीको कथा बोकेको छ । नेपालीहरूको यही विवशताको चित्रण "सिम्मा" गीति-नाटकले पनि गरेको थियो । समाजको एउटै मर्म पनि विभिन्न कोण र प्रस्तुतिमा उद्बोधित भएर जनतासम्म चेतना-संचार गराउनुका ठूलो महत्व रहेको छ र पनि यस पल्टको लगानी यो विषय-वस्तु भन्दा फरक विषयमा भएको भए अरू जाती हुने थियो ।*

*राजन राईको संगीत-प्रयत्न विशेष प्रशंसनीय रहेको छ । अन्य सहभागीहरूको यत्न पनि उल्लेखनीय नै रहेका छन् । लेखक मुकुन्द न्यौपानेले केही गीतहरू लोकलयमा आधारित गराउन सक्नु भएको भए गीति-नाटक अरू रोचक हुने थियो ।*


*गीति-नाटकको पहिलो आधाले "सिम्मा" का दृश्यहरूको झझल्को गराउँछन भने दोस्रो आधामा प्रयुक्त हंगकंगका र फकल्याण्ड-युद्धका दृश्यहरू दर्शकहरूलाई रोमाञ्चित गराउन सफल छन् । मुलुकका तन्नेरीहरूलाई विदेशमा "विक्री गर्न" सिफारिश गर्दै हिड्ने कांग्रेसी चर्तिकलाको वर्तमान समयमा "सिम्मा" र "फूलवारीको कथा - हवाईको व्यथा" जस्ता गीति-नाटकहरू देशभरिका संभव भएसम्मका ठाउँहरूमा लगी व्यापक प्रदर्शन गर्नु जरूरी छ ।*



बिगी जनरल ट्रेडिंग कम्पनी प्रा.लि.को अनौठो कार्यक्रम..

**बिगी धनराशी फिर्ता बम्पर**

मात्र सय रूपैयाँले



राजधानीमा ६० वटा घर

बिगी बिगी बिगी बिगी बिगी बिगी

दूथपेष्ट जगतमा
चिर परिचित




प्रयोग गरी
दाँत र गिजाको
सुरक्षा गर्नुहोस् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफको दीर्घायुको मंगलमय कामना गर्दछौं ।

**नेपाल औद्योगिक विकास निगम**
काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफको सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिका निम्ति परमेश्वरसंग सभक्ति मंगलमय कामना गर्दछौं ।

नेपाल राष्ट्र बैंक
परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफको दीर्घायुको मंगलमय कामना गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**
केन्द्रीय कार्यालय, काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफको दीर्घायुको मंगलमय कामना गर्दछौं ।

**नेपाल बैंक लि.**
परिवार

**प्रतिपक्ष** साप्ताहिक

प्रत्येक शुक्रवार निस्कने
अवश्य पढ्नु होस् ।

काठमाडौंबाट बुटवल, भैरहवा, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली जान आउन परे **साझा यातायातलाई** संझनुहोस् । टिकट पाउने स्थान : सुन्धारा, काठमाडौं ।

## अन्तर्क्रिया

# के समाजवादको मृत्यु भएको हो?

### आन्तरिका परिचर्चाको रिपोर्ट

विश्वको पहिलो समाजवादी मुलुक सोभियत संघ र केही पूर्वी यूरोपेली मुलुकमा "समाजवाद" को ठाउँमा नांगो रूपमा पूँजीवादको पुनर्स्थापना पछि संसार भरी समाजवादको नाममा भएका प्रयोगहरूबारे गंभीर प्रश्नहरू उठ्न थालेकां छन्। गंभीर प्रश्नले गंभीर अध्ययन र अन्तर्क्रियालाई जन्म दिईरहेछ। अहिले समाजवादी खेमामा चारैतिर विगतका यी प्रयोगात्मक अनुभवहरूको वस्तुवादी मूल्याङ्कन गर्ने र त्यसबाट उपयुक्त सारहरू खिच्ने प्रक्रिया चलीरहेछ। उता आफै अत्यन्त संकटग्रस्त पूँजीवादी खेमामा समाजवादी खेमाका परिघटनाहरूलाई "तीलको ताड" बनाएर दोहऱ्याई तेहऱ्याई पेश गर्ने र "समाजवाद ढलेको" समाचारको प्रचारबाट आफ्नो देशमा आफैंले व्यहोरीरहेको चरम आर्थिक मन्दी र चरम आर्थिक संकटलाई छोपछाप पार्ने र क्रुद्ध जनमानसको ध्यान अन्यत्रै मोड्ने भगी-रथ प्रयत्न चल्दैछ।

तर अझ पनि कुनै पनि पूँजीवादी मुलुकले वस्तु-सम्मत आधार दिएर पुष्टी गर्न सकेको छैन कि समाजवादको विकल्प पूँजीवाद हो अथवा गरीवी, शोषण र अन्यायको हल पूँजीवाद हो। संसारमा गरीवी, शोषण र अन्यायले परिपूर्ण मुलुकहरूलाई समाजवादले नै चमात्कारिक रूपले ती समस्याबाट क्रमशः मुक्त गर्दै समृद्ध र शक्तिशाली बनायो। योजनाबद्ध मानवीय प्रयत्नद्वारा उत्पादक शक्ति र समाजलाई त्यति छिटो, त्यति ठूलो पैमानामा विकास गरेर एउटा अति पछौटे मुलुकलाई संसारको महाशक्ति बनाउने ताकत मार्क्सवादमा मात्र देखियो। तर, के त्यस्ता दोष र त्रुटीहरू समाजवादमा रहेको जसले गर्दा कुनै ताकतले, नाजी र फशिष्ट जस्तो शक्तिले समेत आक्रमण गरेर पराजित गर्न नसकेको समाजवादी खेमा आफै शान्तिपूर्ण ढंगले, बिना-आक्रमण, अहिलेको हबिगतमा गुज्रिन पुग्यो?

यही दोष र त्रुटी केलाउन यसबारेमा नेपाली वामपन्थी आन्दोलनमा वहस-अन्तर्क्रिया चलाउने उद्देश्यले हामीले गत अंकमा नीरव शेरचन लिखित "के समाजवादको मृत्यु भएको हो?" भन्ने लेख प्रकाशित गरेका थियौं। त्यस लेखले वामपन्थी आन्दोलनका पक्षधरहरूमा विभिन्न कोणहरूबाट जिज्ञासा र प्रश्नहरू पैदा गरेको पाइयो। ती जिज्ञासा र प्रश्नहरूलाई एकत्रित गरेर धारणालाई परिमार्जित गर्ने प्रयत्न स्वरूप "मूल्यांकन" ले गतः पौष २७ गते सो लेखले उठाएका सवालहरूलाई लिएर एउटा आन्तरिक-परिचर्चा गोष्ठीको आयोजना गरेको थियो। सो गोष्ठीमा **महेश्वरमान श्रेष्ठ, रूद्र खरेल, डा. शरद वन्त, खगेन्द्र संग्रौला, निनु चापागाई, डा. कमलकृष्ण जोशी, नीवर शेरचन** आफैं र पत्रिकाको सम्पादक मण्डलको उपस्थिति थियो। क. दिनानाथ शर्मा, प्रा. माणिकलाल श्रेष्ठ र मुरारी अर्याल गोष्ठीका निम्ति घरबाट प्रस्थान गरेर पनि प्राविधिक त्रुटीले गर्दा गोष्ठी स्थलसम्म पुग्न सक्नु भएन। सहभागी हुन बचन दिनु भएका क. सि.पी. मैनाली र क. रोहित कारणवश गोष्ठीमा उपस्थित हुन सक्नु भएन।

प्रस्तुत छ, नीरव शेरचनको उपरोक्त लेखले उठाएका सवालहरूबारे सहभागीहरूको विचारहरूका मूल अंशहरू:



## पूर्वाधारहरू स्टालिन युगमै पनि थिए

**- नीरव शेरचन**

हालका घटनाहरूलाई लिएर नेपाली वामपन्थमा दुई प्रकारले कुराहरू उठिरहेका छन्। यी दुवै थरी कुराहरूमा समाजवादप्रति "आस्था" प्रदर्शन मात्र भएका छन्। नेपालमा एकथरी वामपन्थीहरूको भनाइ छ- सोभियत संघ र पूर्वी युरोपमा समाजवाद नै कायम थियो तर नेतृत्वले केही गल्ति गरेकोले यो दुर्गति भएको हो।

अर्का थरीको भनाइ छ-वास्तविक रूपमा ती समाजवादी देशै थिएनन त्यसैले यो संशोधनवाद वा छद्म पूँजीवादको मात्र पतन हो, त्यसैले यसमा हामीले त्यति धेरै दुःख मान्नु जरूरी छैन।

मेरो सानो सोचाइ, अध्ययन, निरूपणले के देखेको छ भने वास्तवमा त्यो समाजवादको संकट नभएर त्यो एउटा बेग्लै किसिमको सामाजिक राजनीतिक संरचनाको संकट हो, जसका बारेमा माओले १९६० कै दशकमा अर्थात् धेरै अगाडि नै संकेत गरिसक्नु भएको थियो।

१९६० पछि १९९१ सम्म झण्डै ३१ वर्षको अवधिभित्रको सोभियत संघ भित्रको सामाजिक-आर्थिक स्थितिको विश्लेषण हुनु जरूरी छ। हाम्रा समाजवादी अर्थशास्त्रीहरूले यसबारे गहिरिएर प्रस्ट पार्नु जरूरी छ कि त्यो कस्तो खाले पूँजीवाद थियो?

संशोधनवाद भनेको पनि एउटा दार्शनिक प्रवर्ग (category) हो। समाजवादी खेमाभित्र पूँजीवादी चिन्तन-धाराको प्रवेश भयो भने त्यसलाई संशोधनवाद भन्ने गरिन्छ। तर यसले कुन किसिमको खास खास पूँजीवादी स्वरूप लिएको हुन्छ, त्यो कुराको विश्लेषण नगरी हामी गहिराइमा पुग्न सक्दैनौं। त्यसैले यस क्षेत्रमा एउटा संचेतकको भूमिका निर्वाह गर्न मात्र मेरो लेखले सकेको छ। सत्तामा आउन नपाई ख्रुस्चोभले खुरू खुरू आफ्ना प्रतिगामी योजनाहरू लागू गर्न सक्ने स्थिति कसरी सृजना भयो? यसो हुन सक्ने स्थितिका पूर्वाधारहरू स्टालिन युगमै पनि थिए कि थिएनन्? यो प्रश्नमा पनि ध्यान जानु जरूरी छ। मार्क्सवादी विश्लेषणले युगहरूलाई एकदम टुक्रा टुक्रा गरेर एक अर्कासँग असंबन्धित रूपले हेर्दैन। त्यसैले ख्रुश्चोभी प्रभावको जरा स्टालिन युगमा थियो-थिएन भन्नेबारे केही मोटामोटी संकेत मैले गतांकमा प्रकाशित मेरो उक्त लेखमा गरेको छु।

लेख साह्रै छोटो भएकोले स्टालिन युगको बारेमा पर्याप्त विवेचना हुन सकेको छैन। ◆

# स्टालीनको मूल्यांकन युग-सापेक्ष हुनु पर्छ

महेश्वरमान श्रेष्ठ
(प्राध्यापक र अर्थविद्)

सोवियत संघको सामाजिक, आर्थिक, राजनीतिक विकाससंग संवन्धित पर्याप्त अध्ययन सामग्री र अध्ययनका निम्ति प्रयत्नको कमीले गर्दा हाम्रो अहिलेको हैसियत -वाम झुकाव राख्ने मानिसको हैसियत मात्र छ। त्यसैले हामी अहिले मोटामोटी रूपमा मात्र केही भन्न सक्ने स्थितिमा छौं।

युगहरू आपसमा संवन्धित हुन्छन्। तर पनि स्टालीनसम्मको युगलाई हामीले विश्लेषण गर्नु पर्दा त्यस वखतको त्यहाँको समय र वस्तुगत परिस्थितिको आधारमा गर्नु पर्दछ, जसरी साहित्यमा भानुभक्तको मूल्याङ्कन गर्दा उनको युगको सापेक्षतामा लाई विर्सनु मिल्दैन।

लेनिनपछि स्टालीनको समय भनेको असामान्य अवधि हो, सामान्य अवधि होइन। स्वाभाविक रूपमा दोस्रो महायुद्धमा स्टालीनको जस्तो आँट र कडाइपूर्ण दृष्टिकोण नराख्ने हो भने सोभियत-सत्ता टिक्न सक्थ्यो होला त?

त्यसैले त्यतिखेरको कामलाई त्यतिखेरकै स्थिति सापेक्ष हेरिनु पर्छ। यस्तो अस्तव्यस्ततामा भएका स्टालीनका काम र व्यवहारहरूमा ख्रुश्चोगी प्रवृत्तिको जरो गाडिएको हुनु सक्छ भन्ने नीरव ज्यूको भनाइप्रति म सन्तुष्ट छैन। दोष भनेको प्रष्टसंग लाग्न सक्छ भुने मात्र लगाउनु पर्छ, नत्र लगाउन मिल्दैन।

वास्तवमा जव "शान्तिपूर्ण संक्रमण" र "संपूर्ण जनताको पार्टी" को नारा ख्रुश्चोभले ल्याए, त्यहींवाट विकृति शुरू भएको हो। ख्रुश्चोभले के सम्म भनेका थिए भने-अरू देशका कम्यूनिष्ट पार्टीहरूले साइनवोर्ड झुण्ड्याएर मात्र बसे हुन्छ; सोभियत संघले यति धेरै आर्थिक विकास गरी दिनेछ कि अरू देशमा समाजवाद त्यस्सै आउनेछ; समाजवादी अर्थ-व्यवस्थाले फड्को मारी सक्यो, त्यसैले पूँजीवादी अर्थ व्यवस्थाले यसलाई भेट्नै सक्दैन, अव विश्वमा शान्ति कायम भएमा हामी त्यसै पनि विजयी हुनेछौं! तर पछि समाजवादी अर्थ व्यवस्थाले नयाँ उत्पादन संवन्धको विकास भने गर्न नसकेको देखियो। ख्रुश्चोभले जनताका आकांक्षाहरू पूरा गर्न सक्ने गरी नयाँ किसिमले उत्पादनका संवन्धहरूलाई विकास गर्ने बाटो पहिल्याउन सकेनन्। त्यसकारण समाजवादको विकास अवरूद्ध भयो। यो आर्थिक क्षेत्रको कुरा भयो।

राजनीतिक क्षेत्रमा चाहिं भन्ने बेलामा "जनवादी केन्द्रियता" काम गर्ने बेलामा चाहिं "केन्द्रियता" मात्र लाद्ने-लागू गर्ने काम भयो। पार्टीभित्रै पनि अल्पमतमा रहेकाहरूलाई हटाउने कार्य गरियो, जनवाद लागू गरिएन। त्यसैले विकृतिहरूका विरूद्ध पार्टीभित्र बोल्नेहरूका कुराहरू बाहिर समाजमा आउने प्रक्रिया वन्द भयो। चर्चा-परिचर्चाहरू हुने सकेनन्। जस्तो स्टालिनको पालामा जिलासले "नयाँ वर्ग" भन्ने किताव लेखे। त्यस वारेमा पनि तात्कालीन कम्यूनिष्टहरूले पक्ष-विपक्षमा तर्क-वितर्क गर्नु पर्दथ्यो। केवल उनी "फटाहा हुन्", "गद्दार हुन्" भनियो। आखिर जिलासले इंगित गरे जस्तो "नोकरशाही वर्ग" त जन्मीछाड्यो नि!

त्यो जन्मिनुको कारण के थियो भने, नयाँ प्रकारले जनतालाई सामाजिकीकरण गरेर त्यसबाट नयाँ उत्पादक शक्तिको विकास गर्नु पर्नेमा जनताको प्रतिनिधिको नाममा पार्टीले शासन गर्ने नीति अघि सारियो। यसैलाई "राज्य पूँजीवाद" भन्न मिल्छ कि मिल्दैन, त्यो अझै छलफल गरिनु पर्छ। यसरी अर्थतन्त्रका दुई महत्वपूर्ण पक्षहरू कृषि र उद्योगमध्ये उद्योगलाई चाहिं पूरै "राज्य पूँजीवादी" तहमा



विकास गर्न थालियो। नोकरशाहीको फन्दामा पार्टी फँस्न पुग्यो।

समाजवादमा सवै जनताको खाने, लाउने, बस्ने, चिन्तन गर्ने प्रणाली समेत झन् झन् उन्नत बनाउँदै लैजानु पर्नेमा व्यवहारमा यस्तो गरिएन। जनताले आफू उपेक्षित भएको महशूस गरे। जसरी पूँजीवादमा पूँजीपतिले मजदूरको शोषण गर्छ त्यस्तै त्यहाँ क.पा. संचालित राज्यले शोषण गर्‍यो। जनताले आफूलाई जागिरे मात्र महशूस गर्‍यो। फगत कति भयो भने, पूँजीवादी मुलुकमा मजदूरले न्यूनतम ज्यालामा जीवनयापन गर्नु पर्ने हुन्छ, सोभियत संघमा उनीहरूले पढ्ने, ओखती उपचार गर्ने ग्यारेण्टी समेत पाए। तर उद्योगहरूमा, व्यवसायहरूमा मजदूरहरूको जुन भूमिका हुनु पर्ने हो त्यस भूमिकालाई घटाउँदै लगियो। पार्टीले सरकारलाई नियन्त्रण गर्नु पर्नेमा, सरकारले पार्टीलाई नियन्त्रण गर्ने स्थिति सिर्जना गरियो। तर कृषि क्षेत्रमा चाहिं अझै सामूहिक खेती, सहकारी खेती प्रणाली बाँकी नै रहे।

सर्वहारा अन्तरांराष्ट्रियतावादको क्षेत्रमा पनि काम भएन। अन्तर्राष्ट्रियतावादी भावना हट्दै गएर त्यसको ठाउँ राष्ट्रवादको भावनाले लियो।

समाजवादी देशहरूकै बीचमा समाजवादी-अर्थतन्त्र विकास गरेर उनीहरूकै बीचमा व्यापार चलाएर अन्तर्राष्ट्रिय समाजवादी अर्थतन्त्रको विकास गर्नेतिर लाग्नु पर्दथ्यो। तर उनीहरू त्यसो नगरेर आ-आफ्नो देशमा मात्र केन्द्रित भएर पूँजीवादी देशहरूसंग व्यापार बढाउनतिर दौडे। अव पूँजीवादी बजारलाई चाहिने सामानहरू उत्पादन हुन थाल्यो, आफ्नै जनतालाई चाहिने बस्तुको उत्पादनमा कटौती हुन थाल्यो। यसले जनतामा शासक वर्गप्रति नराम्रो भावना पैदा गर्‍यो। पूँजीवादी देशहरूसितको व्यापारले पूँझीवादी विकृति पनि देशभित्र भित्र्यायो। व्यापार-असन्तुलन भयो। समयमै यसको निराकरण गर्न नेतृत्व सफल भएन। नयाँ आर्थिक विकास हुन सकेन जसले संकट निम्त्यायो। केही कारण यिनै हुन् जसले गर्दा सोभियत संघ धराशायी भयो। ◆

# विचार र राजनीतिमा प्रशासनिक छिनोफानो चल्दैन

- रूद्र खरेल
(प्राध्यापक, साहित्यकार)

पूँजीवादीहरूले साम्यवादीहरूलाई सबभन्दा बढी आक्रमण गर्ने गरेकी विन्दु हो - सर्वहारा वर्गको अधिनायकत्व। सर्वहारा वर्गको अधिनायकत्वलाई नै वर्ग संघर्षको अनिवार्य परिणति र सार वस्तुको रूपमा मार्क्सले पेश गर्नु भयो। तर व्यवहारमा जाँदा सर्वहारा अधिनायकत्व र सर्वहारा जनवादलाई कसरी एकसाथ लिएर हिंड्ने भन्ने बारेमा र यी दुईका वीचमा रहेका अन्तर्संवन्ध बारेमा केही अन्यौल देखापर्‍यो।

स्टालीनले सर्वहारा अधिनायकत्वको व्यावहारिक प्रयोग त गर्नु भयो। तर सर्वहारा अधिनायकत्व र सर्वहारा जनवादको बीचमा राम्र-री तालमेल वा सन्तुलन मिलाउन सक्नु भएन। माओले अन्तरविरोधो बारेमा लेख्दा वैचारिक र राजनीतिक कुराको छिनोफानो प्रशासनिक किसिमले गर्नु हुँदैन भन्नु भएको थियो। धर्म, भाषा, जाति आदि सवालमा पोलिट ब्यूरोले ठाडो आदेश गरेर हुँदैन, त्यसलाई राजनीतिक रूपले सामना गर्नु पर्दछ भन्नु भएको थियो। तर ख्रुश्चोभले सर्वहारा अधिनायकत्व र सर्वहारा जनवादको बीचमा तालमेलको कुरा त परै जावस्, सर्वहारा अधिनायकत्वको अवधारणालाई नै समेत छोडीदिए। पार्टीलाई सबै जनताको पार्टीमा बदल्ने काम गरे। राज्यले जनतालाई सुख दिनु पर्नेमा उनीहरूको श्रमको शोषण गर्न थाल्यो। विकास र जन सहभागिता एक साथ गएन। जनता र शासकहरू अलग्गिए।

हामीले यी घटनाहरूबाट पाठ सिक्नु पर्दछ। नीरवको लेखले धेरै कुरा उठाएको छ। थुप्रै कुराको थप व्याख्या जरूरी छ। तर चिन्तनको क्षेत्रमा यथास्थितिलाई तोड्न भने यो लेख सफल छ र विचारोत्तेजक छ। ◆

---

# गोर्कीले भनेको "कम्यूनिष्ट व्यक्तित्व" किन जन्मेन?

- खगेन्द्र संग्रौला
(साहित्यकार)



ख्रुश्चोभ भनेका स्टालीनकालीन शासनको नोकरशाहीतन्त्रको टुप्पोमा बसेका एक वरिष्ठ व्यक्ति हुन्। अब प्रश्न के उठ्छ भने सोभियत समाजवादी समाजमा ख्रुश्चोभ जन्मनका लागि वर्ग-आधार के थियो?

समाजवादको गर्भबाट ख्रुश्चोभ जन्मे र उनलाई स्तालीनकालीन नोकरशाही सिंगैले साथ दियों। एउटा लामो क्रान्तिको बाटो पार गरेर, समाजवादको आधार समेत खडा गरीसकेको समाजमा एक वर्गवाट अर्को वर्गमा सजिलै सत्ताको परिवर्तन हुन गएको देखिन्छ। यसले नीरव शेरचनले उठाउनु भएको आम जनताको न्यून-विचारधारात्मक सचेतनताको स्तरतर्फ नै इंगित गर्दछ। त्यहाँ आम जनताको बैचारिक सांस्कृतिक स्तर आफ्नो वर्गीय विचार र वर्ग सत्ताप्रतिको प्रेमको पक्षलाई निरन्तर उन्नत गर्दै लैजाने कुरामा निश्चय नै गंभीर त्रुटीहरू रहेको हामी देख्दछौं।

यो परिघटनालाई रूसी साहित्यको सन्दर्भमा हेरौं।

रूसी साहित्यमा म्याक्सिम गोर्की मार्क्सवादी दर्शनलाई समग्र सर्वहारा विश्व साहित्यकै क्षेत्रमा, सौन्दर्य शास्त्रका क्षेत्रमा नयाँ किसिमले स्थापना गर्ने समाजवादी यथार्थवादका प्रतिपादक मध्ये एक हुनुहुन्छ। उहाँपछि शोलोखोव देखिनु हुन्छ।

गोर्कीले भन्नु भएको थियो - सोभियत समाजवादी आर्थिक निर्माणको वीचबाट एउटा "कम्यूनिष्ट व्यक्तित्वको" जन्म भईरहेछ। आफ्नो श्रमको आधारमा संसार बदल्ने समाजवादी "वीर हरू" जन्मिरहेछन्। सोभियत लेखकहरूले त्यसको सर्वांगीण चित्रण गर्नु पर्दछ। यो चित्रणले वैचारिक रूपले समाजवाद समृद्ध हुन्छ र यसले समाजवादको रक्षा गर्छ।

तर समग्र सोभियत साहित्यको अध्ययन गर्ने हो भने त्यस्ता "समाजवादी वीरहरू" कतै पनि देखिदैनन्। क्रान्तिपछिका साहित्यहरूमा औपचारिकता धेरै पाइन्छ। समाजवाद, कम्यूनिष्ट पार्टी, नेतृत्वको प्रशंसा, समाजवादमा सुख छ भन्ने कुरा र साम्राज्यवादको विरोध प्रशस्त पाइन्छ। तर जीवनको वास्तविक प्रक्रियाबाट जन्मिरहेका त्यस्ता "वीरहरू" को वा समाजका उल्टो हिड्न खोज्ने प्रतिगामीहरूको प्रतिनिधि पात्रको चित्रण पनि प्रायः देखिदैन।

यसको प्रेरणा-स्रोत रूसी समाजवादको त्यो पद्धति हो, जुन पद्धतिले वैचारिक, प्राज्ञिक, दार्शनिक प्रश्नहरूलाई प्रशासनिक रूपले, नोकरशाही तरी-कावाट फछर्यौट गर्ने गर्दछ। चिन्तनका क्षेत्रमा त्यहाँ नितान्त औपचारिकता हावी भएको यसबाट वुझिन्छ। यसले गर्दा फुक्का रूपमा त्यहाँका मानिसहरूले यथार्थको अनुभूति गर्न र अनुभूत गरेका कुराहरू हाकांहाकी भन्ने उत्प्रेरणा पाएनन्।

सर्वहारा वर्गको सत्ता छ, त्यही वर्गको पक्षमा यसले काम पनि गर्दैछ, यसको नेतृत्व त्यसको रक्षाको निम्ति चिन्तातुर पनि छ। तर चिन्तनको क्षेत्रमा गतिमयताको बहुतै धेरै कमी छ। यसले गर्दा साक्षर र शीक्षितहरू बढे, सरदर स्तरका लेखकहरू पनि असंख्य बढे, तर तिनीहरूको बीचबाट उन्नत स्तरका समाजवादी कृतिहरू जन्मेनन्। त्यो "कम्युनिष्ट मानव" का औपचारिक रूपहरू त रचनाहरूमा पनि जन्मे। तर यथार्थमा उभिएर यथार्थको सामना गरिरहेका पात्रहरू जन्मेनन्।

चीनको मामलामा हेर्ने हो भने, जनवादको पक्षलाई माओले जीवनभर अत्यन्त गंभीर रूपमा लिनु भएको देखिन्छ। पार्टीभित्रको, जनताभित्रको, पार्टी र जनता बीचको सम्वन्धको जनवाद र आर्थिक एवम् प्राज्ञिक क्षेत्रको जनवादलाई उहाँले गंभीरतापूर्वक लिनु भएको भेटिन्छ। तथापि चीनको समाजवादी कालमा जे जति कृतिहरू लेखिए

तिनमा उत्कृष्ट साहित्य बहुत कम छन् र जे जति छन् ती क्रान्तिकालमा लेखिएका वा क्रान्तिको पृष्ठभूमिमा लेखिएका छन्। समाजवादभित्रको नयाँ मानवलाई सर्वांगीण रूपमा चित्रित गर्ने कृतिहरू प्रायः छँदै छैनन् भने पनि हुन्छ।

प्रश्न उठ्छ– समाजवादी कालका लेखकहरू अतीतमुखी किन भए?

के अनुमान गर्न सकिन्छ भने त्यहाँको दार्शनिक र प्राज्ञिक क्षेत्रको जनवादलाई त्यहाँको औपचारिकता वा नोकरशाहीले नियन्त्रण गरेको हुनु पर्दछ। रूसमा त भिन्न मत राख्ने लेखकहरू माथि प्रशासनिक कारवाही नै पनि भएको पाइन्छ।

हाल सम्मको पार्टी परम्परा र समाजवादको परम्परामा जनवादमाथि केन्द्रियताको प्रभूत्व रहेको छ, यिनीहरूको बीचमा सन्तुलन रहेको छैन। यो सन्तुलन विन्दुको खोजी नै हालको हाम्रो मुख्य ध्यानको विषय हुनु पर्छ। हाम्रो माग अराजक जनवादको पक्कै हैन, यी दुईका बीचमा सन्तुलन र समन्वय रहनु पर्दछ– जहाँ विचारमा गतिमयता रहीरहन्छ, भिन्न मतहरू रहन्छन्, तिनीहरूका बीचमा प्रतिस्पर्धा हुन्छ र जुन प्रतिस्पर्धाले मानव चेतनामा निरन्तर विकास भै रहन्छ।

यो समस्याबारे जिम्मेवार पार्टीहरू बसेर सोच्नु पर्ने, छलफल गर्नु पर्ने आवश्यकता छ। हामी जस्ताहरू मात्र बसेर छलफल गर्नु पर्याप्त छैन। तर सोच्नु पर्ने जिम्मेवार ठाउँहरूको यसबारेको चिन्ता अत्यन्त कम भएको पाइएको छ। समाजवाद संवन्धी सर्वाधिक ज्वलन्त समस्याहरू र प्रश्नहरू–बारे आन्दोलनलाई वा आन्दोलनको नेतृत्वलाई कसरी ध्यानाकर्षित गर्ने भन्ने कुरा नै अहिले समस्या भईदिएको छ।

लेखले समस्याप्रति इमानसाथ प्रश्न उठाएको छ, कुनै निष्कर्ष प्रस्तुत गरेको छैन तर चिन्तन गर्नको निम्ति केही बूँदाहरू राखेको छ। यसको म सम्हाहना गर्छु। ◆

# प्रयोगको कसीमा घोटिएन कि?

– डा. शरद वन्त
(प्राध्यापक, चिकित्सा शास्त्र)

हालको सन्दर्भमा लेखले निकै प्रासंगिक कुराहरू उठाएको छ। यस्ता प्रसंगहरूमा व्यापक छलफल हुनु जरूरी छ।

लेखले स्तालीनको व्यक्तित्व र समाजवादको प्रयोगमा केही कमी रहेको कुरा त कोट्यायो, तर यसले आर्थिक क्षेत्रका केही पक्षहरूलाई खोतल्न अझै छुटाएको महशूस हुन्छ।

स्तालीनले वास्तवमा समाजवादको पूर्वाधार विकास गर्नमा नै संपूर्ण समय बिताउनु पऱ्यो। दोस्रो विश्वयुद्धमा होमिनु पऱ्यो। यसले नष्ट गरेको अर्थतन्त्रलाई पुनर्स्थापना गर्न नै व्यस्त हुन पऱ्यो। त्यसैले उहाँले समाजवादी अर्थ–व्यवस्थाका खास खास नियमहरूलाई पक्रिन, अन्वेषण गर्न (Explore गर्न) भ्याए जस्तो मलाई लाग्दैन। समाजवादी अर्थ व्यवस्था भनेको उत्पादनका साधनहरूलाई सामाजिकीकरण गरेर मात्र पूरा हुन्छ जस्तो लाग्दैन। समाजवादका ठोस नियमहरू र पक्षहरूलाई पक्रिन नसकेको कारणले नै कतै नोकरशाही राज्य–पूँजीवाद स्थापना भएको त हैन?

लेनिनले समाजवाद र सर्वहारा अधिनायकत्वबारे जुन ढंगले प्रस्तावना तयार गर्नु भएको थियो, त्यसलाई स्तालीनले कति हदसम्म सही तवरले पक्रिनु भएको थियो? यो पनि एक सान्दर्भिक प्रश्न हो। त्यो प्रस्तावनालाई प्रयोगको कसीमा घोट्दै अघि बढनु पर्ने थियो। त्यो राम्ररी हुन पायो पाएन? यस विषयमा गहिरिएर अध्ययन हुनु जरूरी छ। ◆

# वैज्ञानिक विकासको क्षेत्रका केही कुराहरू

– डा. कमलकृष्ण जोशी
(प्राध्यापक)



लेखले आर्थिक, राजनीतिक, सांस्कृतिक आदि धेरै पक्षमा चिन्तनका लागि थुप्रै ठाउँ दिएको छ। हरेक पक्षको छुट्टाछुट्टै र गहिराइपूर्ण अध्ययन हुन सक्छ र जरूरी पनि छ।

म विज्ञानको विकाससंग संवन्धित केही कुराहरू मात्र उठाउन गइरहेको छु।

कुनै पनि व्यवस्था राम्रो या नराम्रो भन्ने कुरा सामान्यतया जनताले त्यसबाट प्राप्त नतीजाहरू हेरेर ठम्याउने गर्छन। रूसमा पनि समाजवादी सत्ता कायम भएपछि त्यसले विकसको निम्ति के काम गऱ्यो र नतीजा के निस्कियो भन्ने कुरा जनताले हेर्नु स्वभाविकै हो।

स्टालिनको बारेमा लेखले केही कुरा उठाएको छ। ख्रुस्चोभ, ब्रेजनेभहरू स्टालिनकालकै केही गलत नीतिहरूबाट सृजिएका व्यक्तिहरू हुन् जस्तो मलाई लाग्छ।

दोस्रो विश्व युद्ध भर्खरै सकिएपछि स्टालिनले खाद्यान्न उत्पादन बढाउनको निम्ति वैज्ञानिकहरूलाई प्रोत्साहित गर्ने काम गरेका थिए।

सत्तामा बस्ने सबैलाई सबै कुराको ज्ञान हुँदैन। त्यसैले स्टालिनले पनि आफूले विश्वास गरेका कृषि वैज्ञानिकहरूले गरेका गल्तीहरूलाई रोक्न सकेनन्। उदाहरणका लागि, टी.डि. लेसेन्को भन्ने सोभियत वैज्ञानिक प्रकाशको विविधिकरणले विरूवा र त्यसको उत्पादनमा प्रभाव पार्न सक्छ भन्ने ल्यानमार्कको विश्वासमा आधारित Evolution को theory लाई मान्दथे, जुन, हाल वैज्ञानिक रूपले सही मानिँदैन। त्यतिखेर विश्वमा विकास हुँदै गरेको जेनेटिक इन्जिनियरिङ्गको प्रयोगले रूसमा पनि कृषि उत्पादनमा ठूलो विकास गर्न सकिन्थ्यो। तर आफ्नो विश्वास फरक भएको कारण लेसेन्कोले यसको तिरस्कार गरे। रूसमा गर्नको लागि प्रस्ताव गरिएको तेस्रो विश्व–जेनेटिक इन्जिनियरिङ्ग संवन्धी सम्मेलन उनकै कारण त्यहाँ



परिचर्चाको एक दृश्य

गरिएन र त्यसमा प्रतिनिधि पनि पठाउन जरूरी ठानिएन। जेनेटिङ्ग इन्जिनियरिङ्ग समय बर्बाद गर्ने बुर्जुवा कुरा हो भनी लेसेन्कोले पूरानै गलत धारणा बोकेर बसे, जसले गर्दा त्यहाँ कृषिमा ठूलो ह्रास आयो।

म्याभिलोव जस्ता कृषि वैज्ञानिकलाई खेद्ने काम पनि लेसेन्कोले गराए। यसरी करीव करीव रूसमा अकाल लाग्यो। अमेरिकाले गहुँ पठाउनु पर्ने भयो। त्यो सव जनताले देख्यो र सामान्य मान्छेहरूलाई आफूभन्दा अमेरिका पो माथि रहेछ भन्ने भ्रम पनि पऱ्यो होला। यस वाहेक कृषि क्षेत्रमा जेनेटिक इन्जिनियङ्गको पक्षमा युवा समूह तयार हुन पनि सकेन।

यो कुराबाट चीनले भने पाठ सिकेको छ र आज सम्म पनि चीनमा जेनेटिङ्ग इन्जिनियरिङ्गको प्रयोगले कृषिको विकास गराईदै छ।

न्यूक्लियर साइन्स र स्पेस साइन्समा रूस पछाडि थिएन तर इलेक्ट्रोनिक साइन्समा भने कम ध्यान दिइयो। जापान, अमेरिकामा उपभोग्य वस्तुहरूमा इलोक्ट्रोनिक्सको प्रयोग गरी सस्तो मोलमा बिलासी सामान प्रयोग गरेको जनताले देखे। त्यसप्रति लालच बढ्न गएकोले पनि जनताले नेतृत्वमा कमजोरी पो देख्यो कि?

अझै पनि त्यहाँ ३० लाख कम्युनिष्टहरू भूमिगत भए भन्ने छ। सवै विरोधी भए भन्ने चाहिं हैन नै।

त्यसकारण सांस्कृतिक वैचारिक विकासमा जोड नदिइनुका अतिरिक्त वैज्ञानिक विकासमा पनि जोड कम दिइएकोले समेत जनताले सोभियत सत्ताको पक्षमा उदासिनता देखाउन पुगे कि?

आकांक्षाहरू दमित भएपछि मान्छे ज्यादा परिवर्तन चाहने हुँदोरहेछ। त्यस्तो स्थितिमा कस्तो परिवर्तन भन्ने कुरासंग त्यसले मतलव राख्दैन। उदाहरणको लागि, वांग्लादेशमा पश्चिम-पाकिस्तानले ज्यादा शोषण गर्दा वांग्लादेशीहरूले परिवर्तन खोजे, र भारतीय सैनिकले आफ्नो भूमिमा मार्च गरेको पनि उनीहरूले रूचाए। त्यसले के नतीजा निस्कन्छ भन्ने देखेनन्।

नेपालमै पनि ०१७ मा कांग्रेसले धेरै मनोमानी र अत्याचार गरेको देखेर पंचायत आउँदा दीपावली गर्नेहरू पनि देखिए तर त्यसले दीर्घकालीन रूपले के खराबी गर्छ भन्ने कुरा उनीहरूले देखेनन्।

समाजवादबाट पनि टाढा गएको र यी अन्य कारणले समेत जनताले सोभियत सत्ता बचाउन कम ध्यान दिए कि जस्तो लाग्छ। बाँकी पूँजीवादीहरूको प्रहार, घुसपैठ र भित्रबाट प्रतिकार नहुनु नै पनि कारण हुन् जस्तो लाग्छ। ◆

# भन्न त ख्रुस्चोभ पनि "मार्क्सवाद मान्छु" भन्दथे

- श्याम श्रेष्ठ
(प्रधान सम्पादक "मूल्यांकन")

यस लेखले मुख्य रूपमा तीनवटा प्रश्नमा आफ्नो ध्यान केन्द्रित गरेको देखिन्छः

पहिलो-सोभियत संघको अहिलेको पतन समाजवादको पतन हो कि राज्य नोकरशाही पूँजीवादको?

दोस्रो-समाजवादी निर्माण गरीसकेको एउटा समाजवादी राज्य किन नोकरशाही राज्य पूँजीवादमा परिणत भयो, यसको मूल कारण के हो?

तेस्रो-वर्तमान परिघटनाहरूबाट हामीले सिक्नु पर्ने मुख्य मुख्य पाठहरू के के हुन?

पहिलो प्रश्नका संवन्धमा मेरो विचारमा, असफलता समाजवादको प्रयोगात्मक रूपको भएको हो जुन पछिल्लो चरणमा, नीरवज्यूले भने जस्तै, एकाधिकार पूँजीवादमा रूपान्तरित भएको थियो।

एउटा समाजवादी राज्यसत्ता, कुनै हातहतियार नउठाईकनै, शान्तिपूर्ण रूपले, विना वाधा-विरोध पूँजीवादी राज्यसत्तामा किन र कसरी बदलिन सक्यो त? समाजवादको नाममा प्रयोगमा ल्याइएको त्यस शासन व्यवस्थामा के त्यस्ता साझा तत्वहरू र विशेषताहरू थिए जसको कारणले त्यो सजिलै त्यसको विपरीत तत्वमा वदलिन संभव भयो? यस सवालको समग्र जवाफ भने सर्वहारा जनवादको अवसानले गर्दा भन्ने उत्तरमा मात्र प्राप्त गर्न सकिन्न।

सर्वहारा जनवादको अभ्यास कायम हुँदा नोकरशाहीतन्त्र नियन्त्रित हुन्छ, विचार-द्वन्दबाट विचारको पनि विकास हुन्छ। तर सर्वोन्नत चिन्तन-पद्धति र विश्व-दृष्टिकोणको ग्रहण, समाजवादी संस्कृतिको ग्रहण हुन्छ कि हुन्न भन्ने कुराको निर्धारण सर्वहारा जनवादको अभ्यासले मात्र स्वतः हुँदैन। बरू उन्नत चिन्तन पद्धति र विश्व दृष्टिकोणको आधार र एउटा न्यूनतम समाजवादी सांस्कृतिक स्तर भएन भने सर्वहारा जनवादकै सही अभ्यास हुन सक्दैन। त्यसैले ती कुराहरू ग्रहण गर्न अलग्गै प्रयत्न, अलग्गै संघर्षको जरूरत पर्दछ।

संशोधनवादको शुरूवात मार्क्सवादको गलत पकडबाटै हुन्छ। नियत राम्रो भए पनि सही ढंगबाट मार्क्सवादको ग्रहण भएन भने, प्रयोग भएन भने इमान्दार मानिसहरूबाट पनि संशोधनवादको अभ्यास हुन सक्छ। मानिस इमान्दार छ, आन्दोलनप्रति समर्पित छ, तर मार्क्सवाद उसले सही तवरले र समग्रतामा र गहिराइमा ग्रहण गरेको छैन तथापि ऊ मार्क्सवादको प्रवक्ता बनेको छ भने-त्यस्ता मानिसबाट पनि जान वा अनजानमा संशोधनवादकै अभ्यास र पक्षपोषण हुँदोरहेछ।

तर कम्युनिष्ट आन्दोलनमा एउटा मूल दोष के रह्यो भने-मार्क्सवाद मान्यता, औपचारिक मामला बन्यो, त्यो जीवन-दर्शन बनेन, जीवन-संस्कृति बनेन। मार्क्सवादी हुनका निम्ति "मार्क्सवाद मान्छु" भनेमा पुग्ने भयो, त्यसको सही ग्रहण र जीवनमा त्यसको सही प्रयोगका निम्ति संघर्ष अनिवार्य आवश्यकता बनेन। समस्याको मूल कडी, बेठीकको जरो यहीं निहित छ। ख्रुश्चोभ जन्मनको निम्ति आधार-भूमि यही नै हो। किनभने माकर्सवाद मान्दछु भन्ने त ख्रुश्चोभको पनि भनाइ थियो, ख्रुश्चोभबाट हुन नसकेको त जीवन-दर्शन र जीवन-संस्कृतिका रूपमा मार्क्सवादको सही ग्रहण र जीवनमा त्यसको सही प्रयोग न हो। यो प्रक्रिया ख्रुश्चोभको जीवनमा मात्र होइन, तात्कालीन कम्युनिष्ट पार्टीमा नै विद्यमान नभएको हुनु पर्छ, पार्टीमा यान्त्रिक चिन्तन प्रक्रिया हावी भएको हुनु पर्छ। अन्यथा स्तालिनको पार्टीमा ख्रुश्चोभ जस्तो संशोधनवादी मानिस, साम्यवादी पार्टीको महामन्त्री हुने ल्याकत राखेर किन र कसरी बचीरहन सक्यो? किन ऊ बेरोकटोक नेतृत्वमा आउन सक्यो?

माओले स्तालिन र सोभियत कम्युनिष्ट पार्टीलाई गरेको आलोचनामा पनि स्तालिनमा केही मात्रामा यान्त्रिक चिन्तन-प्रक्रिया रहेको उल्लेख गर्नु भएको छ। पार्टी भित्रको अन्तरविरोध हल गर्ने सवालमा, पार्टी र जनता वीचको अन्तरविरोध हल गर्ने सवालमा, र जनता र शत्रु वीचको अन्तर-विरोध हल गर्ने सवालमा उहाँले सही पद्धति प्रयोग गर्न सक्नु भएन, यही यान्त्रिक चिन्तन-प्रक्रिया प्रयोग गर्नु भयो भन्ने माओको आलोचनामा सत्यता छ भन्ने मलाई लाग्छ।

साम्यवाद सारमा विचारधारात्मक-नैतिक-सांस्कृतिक आन्दोलन रहेछ। यो आलोचनात्मक अन्तर्दृष्टि भएको नयाँ विवेकशील साम्यवादी मान्छे पैदा गर्ने आन्दोलन रहेछ। यो गलत चिन्तनशैली, बुर्जवा व्यक्तिवाद र तमाम कुसंस्कृति, कुनैतिकताबाट मुक्त नयाँ सुसंस्कृत मान्छे पैदा गर्ने आन्दोलन रहेछ। तर कम्युनिष्ट आन्दोलनको मूल दोष के रह्यो भने-तात्कालीन कम्युनिष्ट नेतृत्वबाट

यसलाई त्यो रूपमा बुझ्ने काम भएन। फलतः यो आन्दोलन आर्थिक र राजनीतिक क्रान्तिको स्तरमा मात्र सीमित भयो, यो विचारधारात्मक-नैतिक-सांस्कृतिक क्रान्तिको स्तरमा विकसित भएन। खगेन्द्रज्यूले भन्नु भए जस्तै, नयाँ साम्यवादी मान्छे जन्मेन। जन्मने, जन्माउने प्रक्रिया नै कम्युनिष्ट आन्दोलनमा रहेन। फलस्वरूप आर्थिक-राजनैतिक क्रान्ति त भयो, जीवनस्तर र सुविधाहरू पनि बढे तर मान्छे नैतिक-सांस्कृतिक र वैचारिक रूपले आधारभूत रूपमा उही पुरानै मान्छे रहीरह्यो। गुदी पुरानो, रूप मात्र नयाँ भयो।

बाहिरको त कुरै छोडौं, पार्टीभित्रै त्यो प्रक्रिया नहुनाले पार्टी-नेतृत्व नै नैतिक सांस्कृतिक र वैचारिक रूपले रूपान्तरित भएन। मान्छे नैतिक सांस्कृतिक र वैचारिक रूपले साम्यवादी भएको छैन, तर फगत बाठोटाठो हुनु र सक्रिय हुनुको

**सोभियत संघको घटनाबाट पाठ सिकेर माओले जीवनको पछिल्लो चरणमा सांस्कृतिक-क्रान्तिको-आवश्यकता बोध गर्नु भएको थियो र यसको शुरूवात गर्नु भएको थियो।**

आधारमा नेतृत्वमा पुगेको छ, उसको समग्र जीवन-दर्शन, नैतिकता र संस्कृति बुर्जुवाहरूको जस्तै छ, तर ऊ साम्यवादको मार्ग-निर्देशन गर्दैछ। यही वस्तुगत आधार मूल कारण हो, जसले गर्दा एउटा समाजवादी आर्थिक राजनैतिक व्यवस्था सजिलै, शान्तिपूर्वक, बिना वाधा-विरोध, पूँजीवादी आर्थिक राजनैतिक व्यवस्थामा रूपान्तरित हुन सक्छ।

समाजमा र पार्टीमा विचारधारा, नैतिकता र संस्कृतिको स्तरमा पनि क्रान्ति भएको छ भने, विचारधारा, नैतिकता र संस्कृतिमा उच्च साम्यवादी स्तर विकास भएको छ भने पूँजीवादी पुनर्स्थापना हुन धेरै गाह्रो हुने थियो।

माओले चीनमा सर्वहारा सांस्कृतिक-क्रान्ति शुरू गर्नुको पछाडिको मूल कारण पनि यही थियो। सोभियत संघको घटनाबाट पाठ सिकेर माओले जीवनको पछिल्लो चरणमा सांस्कृतिक-क्रान्तिको-आवश्यकता बोध गर्नु भएको थियो र यसको शुरूवात गर्नु भएको थियो।

अर्को ध्यान दिन योग्य पक्ष के हो भने समाजवादी चरणमा पनि माल अर्थतन्त्र (Commodity Economy) र मूल्यको नियम (Law of Value) खत्तम भईसकेका हुँदैन। पैसाको साम्राज्य ढलीसकेको हुँदैन। उता व्यक्ति व्यक्तिमा व्यक्तिगत संपतिको मानसिकता वा व्यक्तिवाद यथावत हुन्छ, जुन पूँजीवादको जरो हो। व्यक्तिको हित र समाजको हितका बीचमा अन्तरविरोध यथावत हुन्छ। जवर्दस्त र निरन्तर समाजवादी शिक्षा-अभियानबाट यसलाई खतम पार्दै लगिएन तर सुविधा र संपन्नता मात्र बढ्दै वा घट्दै गयो भने पूँजीवादको सजिलै पुनर्स्थापना हुनको लागि वर्ग-आधार यही स्थिति हुँदो रहेछ।

गतिशील संसारमा थपिएका ज्ञान-विज्ञानका थुप्रै कुराहरूलाई संयोजित गरी मार्क्सवादलाई समृद्ध गर्ने काम जुन स्तर र आयतनमा मार्क्स, एंगेल्स, लेनिनले गर्नु भयो त्यति उहाँहरू पछि हुन नसकेको देखिन्छ। चिन्तनमा गतिमयता भएन भनी खगेन्द्रज्यूले ठीकै भन्नु भएको छ। यो स्थितिको अन्त हुनु पर्छ।

यस बाहेक नीरवज्यूले स्तालिनको जुन मूल्यांकन गर्नु भएको छ, त्यसमा स्तालिन बाँचेको समय र परिस्थितिलाई याद गरिनु पर्दछ भन्ने मलाई लाग्दछ।

नीरवज्यूले एउटै देशमा समाजवादी क्रान्ति सफल हुन सक्दैन भनेर जुन निस्कर्ष पेश गर्नु भएको छ, त्यो सही र वस्तु-सम्मत भएन कि? भन्ने मेरो राय छ। नत्र एउटा मात्र मुलुकमा क्रान्ति गर्न खोज्नु नै किन? अहिलेको असफलता मूलतः माथि बताइएका प्रक्रियाको अभावले पैदा भएको हो। मूलतः पूँजीवादी घेराउका कारणले होइन। एउटा देशमा क्रान्ति भए पछि त्यसले अन्य देशमा क्रान्ति विस्तार गर्नका निम्ति आफूले आफ्नो देशमा ध्यान दिए जत्ति ध्यान दिनु त जरूरी छ, तर आफ्नो देशको क्रान्ति असफल हुने शर्तमा पनि यस्तो ध्यान दिनु जरूरी छ भन्ने जीरवज्यूको निस्कर्ष सही छैन भन्ने मलाई लाग्दछ।

स्टालिनको युगलाई "राज्य-समाजवाद" भन्ने जुन शव्द उहाँले प्रयोग गर्नु भएको छ, त्यो उपयुक्त भएन कि? किनकि समाजवाद भनेको शुरूमा जहाँ पनि राज्य-समाजवाद नै हुन्छ। कम्युनिष्ट पार्टीले शुरूमा राज्ययन्त्र प्रयोग गरेर नै समाजवाद लागू गर्ने हो। पछि विस्तारै राज्य नै विलोप हुने स्थिति पैदा गर्दै, राज्य समाजवादको स्थिति र राज्य दुवै विलोप गर्ने हो। ◆

**५ पेजको बाँकी**

बहस-छलफल चलाउँछ।

विचार-अन्तर्क्रिया लिखित रूपमा मात्र हुँदा त्यो निषेधात्मक र नकारात्मक रूपमा मात्र चल्ने पनि संभावना भएकोले, आम्ने-साम्ने बसेर मित्रतापूर्ण बहस-छलफल गर्नुलाई पहिलो प्राथमिकता दिनु पर्छ र अरू माध्यमहरूलाई त्यसको सहायकको रूपमा प्रयोग गरिनु पर्छ भन्ने मलाई लाग्छ।

एउटा अर्को कुरा मलाई के लागेको छ भने नेपालमा कम्यूनिष्ट आन्दोलनमा सरीक भएका, मुख्यतः नीति निर्माताहरू वीचमा नै, कम्यूनिष्ट आन्दोलनका समस्याहरूलाई लिएर जे जति र जसरी विचार-अन्तर्क्रिया हुनु पर्ने हो, उनीहरूमा त्यसको आवश्यकता-बोध नै भएको छैन।

विचार-अन्तर्क्रियाको बाटोमा रहेका समस्याका कुरा गर्ने हो भने, मलाई लाग्छ-पहिलो र प्रमुख समस्या पूर्वाग्रही दृष्टिकोण हो। आफूलाई सर्वगुण संपन्न सोच्ने, अरूमा रहेको सकारात्मक पक्ष नै नदेखीदिने र अरूमा रहेको सकारात्मक पक्षलाई विकास गरेर र प्रोत्साहित गरेर नकारात्मकता घटाउन र हटाउन मद्दत गर्न सकिन्छ भनेर नसोच्ने दृष्टिकोण संवन्धित व्यक्ति वा पक्षहरूमा रहेको छ।

अर्को प्रमुख समस्या हो - आन्दोलनमा समर्पित चिन्तनशील मानिसहरूसित विचारधारात्मक संघर्षबाट वा विचारधारात्मक काम नै गर्न नचाहने प्रवृत्ति। विचारधारात्मक संघर्षबाटै पन्छिन खोज्ने, द्वन्दसितै डराउने यो प्रवृत्तिले ठूलै समस्या खडा गरेको छ। वास्तवमा, विचार-अन्तर्क्रिया निकै गाह्रो काम पनि हो। सामान्य र आफूभन्दा तलका कार्यकर्तासित कुरा गर्नु जस्तो सजिलो यो हुँदैन। ◆

**मूल्याङ्कन**


*आगामी अंकको विशेष-*

*विगत जन-आन्दोलनको*

*वहुआयामिक मूल्यांकन*

*साथमा*

*अन्य नियमित सामग्रीहरू*


स्वर्णिम भविश्य । स्वर्णिम अवसर ।
एक पटक मात्र रू ५५५ तिरे पुग्ने
परे पुरस्कार नपरे ब्याज सहित रकम फिर्ता
RX 100 मोटर साइकल
TV 14" Colour नेशनल
वासिङ्ग मेशीन
माउन्टेन वाइक
सिलाई मेसिन (हाते)
(चक्रपथ भित्रको ०-४-० जग्गा)
राइस कुकर (१.८ लि)
स्टिल दराज
विश्वास तपाईंको कार्यक्रम हाम्रो
ड्रेसिङ टेबुल
ग्यास चुल्हो (चाइनीज)
यो किस्तावन्दी कार्यक्रम होइन
हाम्रो कार्यक्रमको विशेषताहरू :-
१. एक पटक मात्र रू ५५५ तिरे पुग्नेछ ।
२. कार्यक्रमको अवधि २४ महिनाको हुनेछ र एकै व्यक्तिलाई २४ औं पटक सम्म पनि उपहार पर्न सक्नेछ ।
३. प्रत्येक महिना उपहार खोलिनेछ र पहिलो पल्ट उपहार २०४८ साल फाल्गुन १ गते खोलिनेछ ।
४. कार्यक्रम संचालन गर्नु अगावै पत्र-पत्रिकामा प्रकाशित गरि निश्चित समय र स्थानमा विद्धो प्रकृयाद्धारा ग्राहकको रोहवरमा उपहार खोलिनेछ ।
५. प्रत्येक महिना ३११ जनालाई उपहार पर्नेछ र उपहारको नतिजा पत्र-पत्रिकामा प्रकाशित गरिनेछ ।
६. उपहार नपर्ने सदस्यलाई सदस्य बनेको मिति देखि १३.५% ब्याज सहित कार्यक्रम सकिएको १५ दिन भित्र साँवा ब्याज फिर्ता गरिनेछ ।
(यो श्री ५ को सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड फर्म हो)
प्रत्येक महिना उपहार
पहिलो - RX 100 मोटर साइकल - १ जना
दोश्रो - TV 14" Colour नेशनल - १ जना
तेश्रो - वासिङ्ग मेशीन - १ जना
चौथो - ओरियन TV (B/W) 18" - १ जना
पाँचौं - ओरियन TV (B/W) 14" - १ जना
छैठौं - माउन्टेन वाइक - १ जना
सातौं - स्टिल दराज - १ जना
आठौं - ग्यास चुल्हो (चाइनीज) - १ जना
नवौं - राइस कुकर (१.८ लि) - १ जना
दशौं - ड्रेसिङ टेबुल - १ जना
एघारौं - सिलाई मेसिन (हाते) - १ जना
बाह्रौं - कोरियन भित्ते घडी - १०० जना
तेह्रौं - प्रेसर कुकर (५ लि.) - १०० जना
चौधौं - फिल्टर (१३ लि.) - १०० जना
२४ औं महिनामा विशेष उपहार १ जनालाई चक्रपथ भित्रको ०-४-० जग्गा।
स्पेश ट्रेडिङ कन्सर्न
(र्‍यापिड इङ्गलिस इन्स्टिच्यूट अगाडी)
बागबजार, काठमाण्डौं
रजिष्ट्रेशन नं. २७८५६।०४८।०४९
पो.ब.नं. ४८१९
NIVESH ART BAGBAZAR

# पाठकको कुरा




## खुसी लाग्यो

राजा महेन्द्रद्वारा प्रतिपादित निरंकुश पंचायती व्यवस्थाको शिकार बन्न पुगेको "मूल्यांकन" पुनः क्रान्तिकारी विचारहरू लिई हामीसमक्ष आइपुगेको ज्यादै खुसी लाग्यो। समाजवादबारेको लेख निकै उत्कृष्ट लाग्यो। आगामी दिनहरूमा पनि यस्ता शसक्त रचनाहरू लिएर यो आओस् भन्ने आशा लिएको छु।

*-दीपक चौधरी*
कृषि केन्द्र तरहरा, सुनसरी
हाल- पाटन सं. क्याम्पस

## ज्ञानको साँघुरो घेरा तोडोस्

एकातिर, मुलुकमा अहिले मार्क्सवादी विचार लाई विपक्षीहरूले जथाभावी विरोध गरिरहेका छन्। तिनका ती विरोधहरू आधारहीन पाइन्छन्। यो स्थितिमा तिनको खण्डन र मार्क्सवादी-विचारको स्थापना गर्नु जरूरी छ। यस पक्षमा निकै कमीहरू वामखेमाहरूमा देखा परेका छन्। यो अभाव केही मात्रामै भएपनि पूरा गर्ने उद्देश्यले "मूल्यांकन" प्रकाशित हुन थालेकोमा हामी अत्यन्तै खुसी भएका छौं।

अर्कोतिर, बामपन्थी आन्दोलनमा देशभित्र विभाजन छ, अन्तरराष्ट्रिय रूपमा यसमा अन्योल छ। यी दुवै कुराको अन्त गर्न अन्तर्क्रियाको ठूलो खाँचो छ। यही अन्तर्क्रियालाई नै मूल आधार मानेर "मूल्यांकन" निस्कनु झनै खुसीको कुरा हो।

वाम-झुकाव राख्ने हामी जस्ता पाठकहरूलाई यसले ज्ञानो साँघुरो घेरा तोड्नमा मद्दत गरोस् र यो नियमित होस् भन्ने कामना गर्दछौं।

*- प्रकाश मैनाली, बन्धु कार्की*
काभ्रे

## "सुझावहरू"

प्रगतिशील क्षेत्रका थुप्रै विद्वानहरू र पद्मरत्न तुलाधर जस्ता व्यक्तिहरू समेत रहेर संचालन हुन थालेको देख्दा यस पत्रिकाबाट हामी निकै आशावादी भएका छौं। सफलताको शुभ-कामना!

पहिलो अंक निकै राम्रो र स्तरीय लाग्यो। लेनिनको फोटो बोक्नेहरूको जुलुसको ठूलो कभर-फोटोले ध्यान तान्यो। राम्रो लाग्यो।

सम्पादकीयमाथि दिइएको लेनिनको उद्धरणमा लेनिनले "विवादस्पद मुद्दाहरूमा खुला छलफल" गर्न आफ्नो पत्रिकालाई उपयोग गर्न दिनु भएको प्रसंग बडो सान्दर्भिक लाग्यो।

का. झलनाथ खनाल, लिलामणि पोखरेल र शंभुराम श्रेष्ठले अन्तर्क्रियाको आवश्यकता महशूस गर्दै व्यक्त गर्नु भएका विचारहरू युगानुकूल र सहासपूर्ण लाग्यो।

नीरव शेरचनको "के समाजवादको मृत्यु भएको हो?" भन्ने लेख गहन छ, तर यसको विस्तृत व्याख्या दिनु जरूरी छ।

यसपालीको सदन बारेको लेखले बुर्जुवा-संसदको सप्रमाण भण्डाफोर गरेको छ। यस्ता गहन लेखहरूको ठूलो खाँचो छ। पद्मरत्नले सदनमा वामपन्थीहरूको जुन कमजोरीहरू भयो भन्नु भएको छ, ती कमजोरीहरू हटाउन पार्टीहरू लाग्नै पर्छ।

चन्द्रराज ढुंगेलको महंगीबारेको लेख चोटिलो छ। कर्मचारी आन्दोलनको मूल्यांकनले एउटा समग्र चित्र दिन्छ तर आन्दोलनमा कसका कति कमजोरीहरू भए भन्नेबारे किटान साथ खुलस्त पार्ने काम अझै पुगेको देखिन्न।

डा. कृष्णबहादुर थापाको ने.का. बारेको लेख स्तरीय र ज्ञानवर्धक छ। प्रा. माणिकलाल श्रेष्ठको नेपालमा हिन्दूकरण बारेको र स्नेह सायमिको साना उद्योगहरू बारेको दुवै लेखहरू लामा भए। तर पनि रोचक र ज्ञानवर्धक लाग्यो।

"अमेरिका संकटको भूमरीमा" र क्यान्सर बारेका लेखहरू छोटा र रोचक छन्।

श्यामप्रसाद र खगेन्द्र संग्रौलाका विचारहरू समसामयिक र अत्यन्त जिम्मेवार ढंगको भएको पाएँ। घटना-प्रवाहले औंल्याएका कार्यगत एकता र नेपाल-भारत संबन्ध संबन्धी टीपोटहरूले सचेतकको काम गरेका छन्।

समग्रमा मूल्यांकन राम्रो लाग्यो।

### केही सुझावहरू:

- छोटा र विविध विषयका रचनाहरू को संख्या बढी हुनु पर्यो।
- जीवनका सबै पक्षलाई संगेट्ने यसको संपादकीयको आशयमुताविक धेरै पक्षलाई यसले संगेटोस्।
- भाषा सर्वसाधारणले बुझ्ने प्रयोग होस्।
- सबै वामपार्टीका गतिविधिहरूबारे पाठकहरूलाई परिचित गराउने रचना समावेश गरोस्।
- वामपन्थी क्षेत्रका भिन्न भिन्न मतहरू प्रायः सबैलाई नछुटाओस्।

*मदन कुमार श्रेष्ठ*
पकनाजोल, काठमाण्डौ।

## एउटा प्रश्न

सबैलाई संगेट्ने नाममा क्रान्तिकारी धार, उग्रपन्थी धार र संशोधनवादी धार सबैलाई छ्यासमिस पार्दा "विचार-स्पष्टता" को सट्टा "विचार-अन्यौल" खडा हुन सक्दैन? यस्तो नहुने उपाय मूल्यांकनसंग के छ?

*-शिवराम खड्का*
चितवन

## वर्ग-विश्लेषण

गताकमा विमल फुँयालले प्रस्तुत गर्नु भएका कुराहरू निकै विचारणीय छन्। हाम्रो देशमा रहेका वर्गहरूको वैज्ञानिक रूपले विश्लेषण गर्ने काम अझै भएको रहेनछ। यस्ता आधारभूत कुरा नै नगरी गरेका बाँकी कुराहरू कसरी वस्तु-सम्मत हुन सक्छन ?

उहाँले भन्नु भएका कुराहरूमा किन नेपालका कम्युनिष्ट पार्टीहरूको ध्यान जाँदैन?

*कृष्ण के. आले,*
पार्दी, पोखरा।

## खाँचो पूरा हुने विश्वास

सोवियत संघ र पूर्वी युरोपका घटनाहरूलाई आधार बनाई "श्रम चुसाहा वर्ग" अनि तिनका सञ्चार माध्यमहरूले समाजवादी चिन्तन र पद्धतिको विरोधमा आज विश्वव्यापी रूपमा तीव्र दुस्प्रचार गरी समाजवादप्रति आस्था र रूची राख्ने साधारण जनतालाई समेत दिग्भ्रमित तुल्याउने कुचेष्टा गरीराखेका छन्। यस अवस्थामा एकातिर जनताहरूलाई पूँजीवादबाट सचेत गराई वास्तविक स्थितिको बोध गराउन र पूँजीवादका मरौटेहरूलाई मुखभरीको जवाफ दिन सक्ने तुल्याउन एउटा प्रखर बौद्धिक पत्रिकाको खाँचो छ भने अर्कोतिर नेपालको विभाजित वामपन्थी आन्दोलनलाई एक सूत्रमा बाँध्न बैचारिक छलफलका लागि एउटा साझा-मञ्चको खाँचो छ। "मूल्यांकन" ले यी दुबै खाँचोहरूलाई पूरा गर्ने छ भन्ने हाम्रो विश्वास छ। प्रकाशनको अन्तराललाई हेर्दा पृष्टसंख्या र समावेश सामाग्रीको कमी देखिन्छ। मुख्य कुरा पत्रिका नियमित रूपमा र समयमै प्रकाशित हुन सकोस्। धन्यवाद।

*- मोतिलाल चौधरी अनि साथीहरू*
दाङ्ग

प्राइभेट लिमिटेड रजि. नं. ४२८०/२०४७

विश्वास तपाईंको कार्यक्रम हाम्रो

समूह "ख"

**ग्राहक वर्गको विशेष अनुरोधमा**

**थप केही नगद पुरस्कार सहित**

एक विशेष पुरस्कार र तिन बम्पर पुरस्कार सहित ने.ज.स. कम्पनी (प्रा) लि. द्वारा संचालित
२४ औं पटक सम्म खोल्ने

# 'घडेरी सुपर बम्पर' कार्यक्रम

मा सहभागि बनौ ।

एक पटकमात्र रू. ३५०।- बुझाए पुग्ने




विशेष पुरस्कार - १

परे पुरस्कार, नपरे ब्याज सहित रकम फिर्ता

प्रत्येक महिना
(२३ औं पटक सम्म)
पर्ने पुरस्कारहरू




हिरो साइकल





१७" B/W टी. भी.




१४" B/W टि.भी.

तृतीय



स्टिल दराज

चौथो



हात नभएको सोफा

नगद




सातौं

सीट सिमित छ
तुरुन्त सम्पर्क राख्नुहोस




नगद

## यस कार्यक्रमका विशेषताहरु:-

१. विशेष पुरस्कार (स्लिक हिरो होण्डा-१) र बम्पर पुरस्कार (घडेरी-३) को व्यवस्था भएको । विशेष पुरस्कार पहिलो पुरस्कार कार्यक्रम शुरु हुनु भन्दा पहिले खोलिने ।

२. एकै पटकको भुक्तानबाट मात्र विभिन्न आकर्षक पुरस्कारहरु सहित "घडेरी सुपर बम्पर" कार्यक्रममा सहभागी हुन पाइने, बम्पर पुरस्कार ३ जनाले पाउने ।

३. प्रथम महिना देखि २३ औं महिना सम्म प्रत्येक महिना क्रमशः प्रथम १७" B/W T.V. -१, दोश्रो १४" B/W T.V- १, तेश्रो घरायसी स्टील दराज-१, चौथो सोफासेट-१, पाँचौ हिरो साइकल-१, छैठौं नगद रु. १०००।- जना १, सातौं नगद रु. ५००।- जना ४५ र २४ औं महिनामा घडेरी ३ प्लट ३ जनालाई गरी जम्मा ११७७ जनालाई आकर्षक पुरस्कारहरु पर्ने ।

४. एक पटक पुरस्कार परिसकेको सदस्यलाई त्यसपछि खुल्ने "घडेरी सुपर बम्पर" मा मात्र सहभागी गरिने ।

५. सदस्य संख्या कम पुरस्कार संख्या बढी-त्यसैले आफ्नो लगानी खेर नजाने ।

६. ग्राहकहरुको वृहत उपस्थितिमा जम्मा २४ पटक पुरस्कार खोलिने, पुरस्कार नपर्ने बाँकी सम्पूर्ण सदस्यहरुलाई २४ महिना पछि नगद रु. ४२१।- फिर्ता गरिने ।

७. यस कम्पनीद्वारा बिक्री वितरण गरिने कुनै पनि घडेरी (प्लट) हरु खरीद गर्न चाहेमा पहिलो प्राथमिकता दिइने र तत्काल उल्लेखित मुल्यमा १% (एक प्रतिशत) छुटको सुविधा प्रदान गरिने ।

घडेरी

| प्रथम | दोश्रो | तेश्रो |
|---|---|---|
| ०-८-० | ०-६-० | ०-४-० |

उल्लेखित जग्गा का.न.पा.भित्रको मोटर जाने बाटो र बिजुलिको सुविधा भएको मोहि र भै झगडा नभएको रैकर जग्गा दिने ।

बम्पर पुरस्कार- ३

### हाम्रो आकर्षक उपहारहरू

| | |
|---|---|
| घडेरी १+१+१ | ३ प्लट |
| हिरो होण्डा | १ थान |
| **१७" B/W टी. भी.** | २३ थान |
| १४" B/W टि.भि. | २३ थान |
| स्टिल दराज | २३ थान |
| सोफा २ सिटर | २३ थान |
| हिरो साइकल | २३ थान |
| नगद रु. १०००।- | २३ जनालाई |
| नगद रु. ५००।- | १०३५ जनालाई |

यो किस्ता बन्दि कार्यक्रम होईन !

सचालक
नेपाल जनरल सर्भिस कं. (प्रा) ली.
(घर जग्गा विकाश तथा बन्दोवस्त कं.)
मुख्य कार्यालय, पुतली सडक चोक, ग- २/२८५
फोन : ४-१७०३९, काठमाण्डौं

नोटः- यस कार्यक्रमको सदस्य बन्नको निमित्त सदस्यता शुल्क बापत रु. २५/- तिर्नु पर्नेछ ।

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०


काठमाडौं रियल स्टेट जनरल सर्भिस प्रा. लि. द्वारा संचालित
३० महिने घडेरी बुकिङ्ग कार्यक्रममा
रु. ५००/- तिरी सहभागी बन्नु होस्

(कार्यक्रम अवधि भित्रमा पुरस्कार नपर्नेले घडेरी लिन नचाहेमा रु. ६००/- फिर्ता दिइने छ)

## पुरस्कार विवरण



पहिलो महिनामा पर्ने विशेष पुरस्कारको तयारी घर जग्गा

विशेष पुरस्कार - काठमाडौं जिल्लाको कीर्तिपुर हाइटको ४ आना जग्गामा निर्मित काठमाडौं - पाटनको अति सुन्दर दृश्य देखिने आधुनिक ढंगको २ तल्ले घर र जग्गा

(यो विशेष पुरस्कार पनि पहिलो पटकमै खोलिने छ)

## प्रत्येक महिनामा पर्ने पुरस्कारहरु

पहिलो पुरस्कार - काठमाडौं जिल्लाको थानकोट बस स्टप (मंगलोदय बहुमुखी क्याम्पस) नजिक मोटर जाने बाटो भएको ३ आना जग्गा ।
दोस्रो पुरस्कार - काठमाडौं जिल्ला थानकोटको बाटो भएको ३ आना जग्गा
तेस्रो पुरस्कार - काठमाडौं जिल्ला थानकोटको बाटो भएको ३ आना जग्गा
चौथो पुरस्कार - हिरो साइकल - १ थान १ जनालाई
पाचौं पुरस्कार - सिलाई मेसिन (हाते) - १ थान १ जनालाई
छैठौं पुरस्कार - ५ फिटको स्टील दराज - २ थान २ जनालाई
सातौं पुरस्कार - साधारण सोफा (३ सिटर) - २ थान २ जनालाई
आठौं पुरस्कार - ओपन टी.भी. र्‍याक - ३ थान ३ जनालाई
नवौं पुरस्कार - तामाको वाटर फिल्टर - ३ थान ३ जनालाई
दशौं पुरस्कार - हिटर फाएन - १ थान १ जनालाई
एघारौं पुरस्कार - टेबुल फाएन - १ थान १ जनालाई
बाह्रौं पुरस्कार - स्टील बुक र्‍याक - ५ थान ५ जनालाई
तेह्रौं पुरस्कार - नगद रु. ६००/- का दरले ३० जनालाई

फो.नं. २-१३८२५

सम्पर्क
काठमाडौं रियल स्टेट जनरल सर्भिस प्रा. लि.
नयाँ बजार, कीर्तिपुर

घर, जग्गा खरिद बिक्री गर्नु परेमा यस प्रा. लि. मा सम्पर्क राख्नु होला ।